# पारिवारिक सम्पत्तिमाथी विवाहित महिलाहरुको स्वामित्व

(पोखराको लेखनाथ क्षेत्र चोखीमाटी टोलको एक समाजशास्त्रीय अध्ययन)

त्रिभुवन विश्वविद्यालय,मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत
समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकताको
प्रयोजनको लागि पृथ्वीनारायण क्याम्पस पोखरामा प्रस्तुत

शोधपत्र

प्रस्तुतकर्ता
अन्जना बराल
रोल नं. १२६/०७१
परिक्षा रोल.नं. ४८०२७३/०७४
त्रि.वि रोल.नं. ६-२-८७१-४४-२०११

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा समाजिकशास्त्र संकाय
समाजशास्त्र तथा ग्रामिण विकास विभाग
पृथ्वीनारायण क्याम्पस
पोखरा,
२०७८

TRIBHUVAN UNIVERSITY
त्रिभुवन विश्वविद्यालय
Prithvi Narayan Campus
पृथ्वीनारायण क्याम्पस
(A QAA Certified Institution, Accredited by UGC, Nepal)
समाजशास्त्र विभाग

प.सं. :
च.नं. :

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, मानविकी तथा समाजिकशास्त्र संकायअन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिका निम्ति शोधार्थी छात्रा अन्जना बरालद्धारा "पारिवारिक सम्पत्तिमाथी विवाहित महिलाहरुको स्वामित्व" एक अध्ययन शिर्षक शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । उहाँको कार्यप्रति म सन्तुष्ट छु, उक्त शोधपत्रको आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

____________________________

मुकुन्द लम्साल
शोध निर्देशक
समाजशास्त्र विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा
मितिः २०७८/८/१२



Mailing Address: Bagar, Pokhara, Nepal बगर, पोखरा, नेपाल
Phone: +977-61-526837, 540222 Email: info@pncampus.edu.np URL: www.pncampus.edu.np

TRIBHUVAN UNIVERSITY
त्रिभुवन विश्वविद्यालय
Prithvi Narayan Campus
पृथ्वीनारायण क्याम्पस
(A QAA Certified Institution, Accredited by UGC, Nepal)

प.सं. :
च.नं. :

**समाजशास्त्र विभाग**

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, मानविकी तथा सामाजिकशास्त्र तथा ग्रामिण विकास विभाग अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता पूर्तिको निम्ति रोल नं. ११६/२०७१ को विद्यार्थी अन्जना बराल द्वारा “पारिवारिक सम्पत्तिमाथी विवाहित महिलाहरुको स्वामित्व” एक अध्ययन शीर्षकको शोधपत्र समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधिका लागि उचित ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

**मूल्याङ्कन समिति**

मुकुन्द लम्साल
**शोध निर्देशक**

रामचन्द्र बराल
**बाह्य परिक्षक**

प्रा.डा. विश्वकल्याण पराजुली
**विभागीय प्रमुख**

बुझाइएको मिती: २०७८/०७/२२
मौखिक परिक्षा मिती: २०७८/८/१२



**Mailing Address:** Bagar, Pokhara, Nepal बगर, पोखरा, नेपाल
**Phone:** +977-61-526837, 540222 **Email:** info@pncampus.edu.np **URL:** www.pncampus.edu.np

# कृतज्ञता ज्ञापन

"पारिवारिक सम्पत्तिमाथी विवाहित महिलाहरुको स्वामित्व" शिर्षक कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. ३० शिशुवा (चोखिमाटी टोल) का विवाहित महिलाहरुको सम्पत्ति माथीको स्वामित्व समाजशास्त्रीय अध्ययन स्नाकोत्तर तह र समाजशास्त्र विषयको उपाधी प्राप्तीको निम्ति मैले गरेको एक महत्वपूर्ण अध्ययन हो । यस अध्ययनको शुरुवात देखि अन्त्य सम्म अध्ययन कार्यलाई निरन्तर अगाडि बढाउन आफ्नो अमूल्य समय उपलब्ध गराई उपयूक्त मार्ग निर्देशक प्रदान गर्नुहुने आदरणीय गुरु शोध निर्देशक श्री मुकुन्द लम्साल प्रती हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । मैले पेश गरेको शोध शिर्षकलाई अध्ययनको लागि अनुमति प्रदान गर्नुहुने पृथ्वीनारायण क्याम्पस समाजशास्त्रीय विभागीय प्रमुख प्रा.डा. विश्वकल्याण पराजुली ज्यू प्रति आभारी छु ।

पारिवारिक सम्पत्तिमाथी विवाहित महिलाहरुको स्वामित्वको अवस्था र सम्पत्ति परिचालनमा भूमिका पत्ता लगाउनु यस अध्ययनको ध्येय थियो । निरन्तरको अथक प्रयास पछि यो सफल भएको छ । अनुसन्धानको जग तथ्याङ्क सङ्कलनका क्रममा मेरो जिज्ञासा तथा प्रश्नहरुको विना झन्झट र हिचहिचाहट कुशलतापूर्वक प्रतिक्रिया दिई शोध कार्यलाई सफल बनाउन आफ्नो अमूल्य समय प्रदान गर्ने सम्पूर्ण उत्तरदाता, सूचनादाता सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु । अध्ययनको क्रममा मलाई सहयोग गर्ने सुझाव र सल्लाह प्रदानगर्ने र वास्तविक सूचना तथा तथ्याङ्क दिई सहयोग गर्ने सम्पूर्ण महानुभावहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

यस अवसरमा अध्ययनलाई यहाँसम्म पुऱ्याई सहयोग गर्नुहुने आमा तारादेवी बराल श्रीमान निर्भय सुवेदी साना बुवा युवराज देवकोटा र दाई विवेक श्रेष्ठ साथै यो सोध अध्ययनलाई कम्प्यूटर टङ्कन अन्तिम स्वरुप प्रदान गर्न सहयोग पुऱ्याउने दिप कम्प्यूटर ईन्टिच्यूट, सिर्जनाचोक प्रति धन्यवाद व्यक्त गर्दछु ।

अन्जना बराल

# शोध सार

पारिवारिकि सम्पत्तिमाथी विवाहित महिलाहरुको  स्वामित्व को अवस्था कस्तो छ र सम्पत्ति परिचालनमा भुमिका पत्ता लगाउने उदेश्य लिई यो शोधपत्र अध्ययन गरिएको हो । पोखरा महानगरपालिका वडा नं ३० शिशुवा स्थित चोखीमाटी टोलका ८५ घरधुरीका विवाहित महिलाहरु सासु र बुहारीहरुको पारिवारिक सम्पत्तिमाथीको स्वामित्वको अवस्थालाई प्राथमिक तथाङ्क सङ्कलन गरी विश्लेषण र व्याख्या गरिएको छ । यस अध्ययनलाई औचित्वपुर्ण बनाउनको लागी प्राथमिक तथा द्धितिय दुवै प्रकृतिका तथाङ्कहरु संकलन गरिएको छ । अन्तरर्वाता अनुसुची, व्यक्तिगत अध्ययन, मुख्यजानकार व्यक्तिसगँ छलफल र अवलोकनबाट प्राथमिक तथाङ्क प्राप्त भएको छ भने द्धितिय प्रकृतिको तथाङ्कको लागी विभिन्न लेख, रचना, समिक्षा, विश्वविधालयका शोधपत्र पत्रपत्रिका जस्ता स्रोत्रबाट लिइएको छ । उत्तरदाताका आधारमा प्राप्त भएका गुणात्मक तथा वर्णनात्मक तथ्यलाई विश्लेषण गर्दौ प्रस्तुत गरिएको छ । पितृसत्तात्मक वा पुरुष प्रभुत्वलाई स्वीकार्ने हाम्रो समाजमा विवाहित महिलाहरुको पैत्रिक सम्पत्तिको उत्तराधिकारी छोरा नै मानिने हुदाँ अहिलेसम्म महिलाको पहुँच पैत्रिक सम्पत्तिमाथीको पुगेको छैन तर पछिल्लो समयमा घर तथा जग्गा जस्ता चल अचल सम्पत्तिमा महिलाको स्वामित्व बढ्दै गएको छ जसको प्रमुख कारण राजस्व छुट तथा श्रीमानको वैदेशिक रोजगारी रहेको छन् । श्रीमान वैदेशिक रोजगारीमा गएका र एकल महिला भएका परिवारमा सम्पत्तिमाथीको स्वामित्व र सम्पत्ति परिचलालनको भुमिका महिलामा देखियो तर अचल सम्पत्तिको खरिद विक्रिमा श्रीमान सगँको आपसी सहमती हुने गरेको र अन्य परिवारमा पनि सम्पत्तिमाथीको स्वामित्व श्रीमान वा ससुरासगँ भएको परिवारमा पनि आपसी सहमतीबाट सम्पत्तिको खरिद विक्री र सम्पत्ति परिचालन गरेको पाइयो ।

# विषयसुची

| | पृष्ठ |
| --- | --- |
| *सिफारिस पत्र* | *ii* |
| *स्वीकृती पत्र* | *iii* |
| *कृतज्ञता ज्ञापन* | *iv* |
| *शोधसार* | *v* |
| *विषय सुची* | *vi* |
| *तालिका सुची* | *ix* |
| *चित्र सूचि* | *x* |
| **अध्याय एक : परिचय** | **१-७** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.४ समस्याको कथन | ३ |
| १.५ अनुसन्धानको उद्देश्य | ४ |
| १.६ अध्ययनको औचित्य र महत्व | ५ |
| १.७ अध्ययनको सिमा | ५ |
| १.८ अध्ययनको संगठनात्मक ढाँचा | ६ |
| **अध्याय दुई : सम्बन्धित साहित्यको अध्ययन** | **८-३५** |
| २.१. सैद्धान्तिक पुनरावलोकन | ८ |
| २.१.१ उत्पादन प्रणाली र सम्पत्तिमाथी पहुँचको अवधारणा | ८ |
| २.१.२ पितृसत्ता र सम्पत्तिमा पहुँचको अवधारणा | ११ |
| २.१.३ महिलावादी दृष्टिकोण र सम्पत्ति पहुँचको अवधारणा | १२ |
| २.२ सम्पत्तिमा पहुँचबारे नेपाली कानूनी विकास | २२ |
| २.३ पूर्व अध्ययन समिक्षा | २६ |
| २.४ अवधारणात्मक ढाँचा | ३२ |
| २.५ विश्लेषणात्मक अवधारणा | ३४ |
| **अध्याय तीन : अध्ययन विधि** | **३६-३९** |
| ३.१ अध्ययन क्षेत्र छनोटको औचित्व | ३६ |

३.२ अनुसन्धान ढाँचा ३७

३.३ नमूना छनौट विधि ३७

३.४ तथ्याङ्कको स्रोत र प्रकृति ३७

३.५ प्राथमिक तथ्याङ्क संकलन विधि ३८

३.६ वैयक्तिक अध्ययन ३८

३.७ तथ्याङ्क विश्लेषण एवं प्रस्तुतीकरण ३९

**अध्याय चार : विषयबस्तुको प्रस्तुतिकरण र बिश्लेषण ४०-४७**

४.१ उत्तरदाताहरुको सामाजिक तथा जनसांख्यिक विश्लेषण ४०

४.१.१ उमेरगत विश्लेषण ४२

४.१.२ धार्मिक मूल्यमान्यताको आधारमा उत्तरदाताको विवरण ४३

४.१.३ उत्तरदाताको शौक्षिक स्थिती ४४

४.१.४ परिवार को स्वरुप ४६

४.१.५ परिवारको प्रकार ४७

**अध्याय पाचँ ४८-५८**

५.१ विबाहित महिलाहरुको पारिवारिक सम्पत्तिमाथीको स्वामित्व ४८

५.१.१ पैत्रिक सम्पत्तिमा उत्तरदाताको स्वामित्व ४९

५.१.२ दाइजोमा उत्तरदाताको स्वामित्व ५१

५.१.३ स्त्रि धन वा पेवामा स्वामित्व ५२

५.१.४ व्यापार / व्यबसायमा उत्तरदाताको स्वामित्व ५३

५.१.५ दैनिक ज्यालामा उत्तरदाताको स्वामित्व ५५

५.१.६ घरायसी अन्य आम्दानीमा उत्तरदाताको स्वामित्व ५५

५.१.७ नोकरीमा उत्तरदाताको स्वामित्व ५५

५.१.८ वैदेशिक रोजगारीमा उत्तरदाताको स्वामित्त ५७

५.१.९ स्वाआर्जनमा उत्तरदाताको स्वामित्व ५८

**अध्याय छः ५९-७०**

६.१ सम्पत्ति परिचालनमा विवाहित महिलाको भूमिका ५९

६.१.१ शिक्षा ५९

६.१.२ सामाजिक संघसंस्था ६१

६.१.३ खाना र भान्छा ६३

६.१.४ किनबेच ६३

६.१.५ सामान खरिद ६४

६.१.६ सामाजिक कार्य ६६

६.१.७ वैयत्तिक अध्ययन ६७

**अध्याय सातः ७१-७६**

७.१ सारांश ७१

७.२ निष्कर्ष ७४

**सन्दर्भ सामाग्री ७७**

**प्रश्नावली अनुसुची ७९**

# तालिका सुचि


| तालिका विषय | पेज नं |
|---|---|
| ४.१ उमेरको आधारमा उत्तरदाताको विवरण | ४३ |
| ४.२ धर्मको आधारमा उत्तरदाताको विवरण | ४४ |
| ४.३ शैक्षिक स्थितीको आधारमा उत्तरदाताको विवरण | ४५ |
| ४.४ परिवार संख्याको आधारमा उत्तरदाताको विवरण | ४६ |
| ४.५ परिवारको प्रकार विवरण तालिका | ४७ |
| ५.१ अध्ययन क्षेत्रका महिलाहरुको पैत्रिक सम्पति र अन्य सम्पति विवरण | ४९ |
| ५.२ महिलाका नाममा सम्पति दर्ता हुनुका कारण | ५० |
| ५.३ अध्ययन क्षेत्रका विविहित महिलाहरुको दाईजोका प्रकार | ५१ |
| ५.४ अध्ययन क्षेत्रका विविहित महिलाहरुको विवाहको प्रकार | ५२ |
| ५.५ उत्तरदाताको कार्य क्षेत्र विवरण | ५४ |
| ५.६ उत्तरदाताको नोकरीको विवरण | ५६ |
| ५.७ अध्ययन क्षेत्रका पुरुष हरुको नोकरीमा रहेको विवरण | ५७ |
| ६.१ बाल बच्चाको शिक्षामा उत्तरदाताको सम्पत्ति परिचालन | ६० |
| ६.२ घरायसी खर्चमा उत्तरदाताको भुमिका | ६५ |

# चित्र सूचि


| चित्र | विषय | पेज नं |
|---|---|---|
| २.१ | अवधाराणात्मक ढाँचा | ३३ |

# अध्याय: एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव विकासको इतिहास निकै लामो छ । प्रारम्भमा मानिस असङ्गठित रुपमा थियो । आदिम शिकारी तथा कन्दमुल बटुल्ने मानवसमाज नितान्त घुमन्ते प्रकृतिको थियो । समाज विकासको लामो कालखण्डपछि संगठनात्मक व्यवहारहरुको विकास भई बसोबासमा केहि स्थायित्व आउन थाल्यो । यसै समयदेखि मानव समाजमा सुक्ष्म तहका सामाजिक संस्था अप्रत्यक्ष रुपमा विकास हुन थाले आफ्नो सामाजिक आवश्यकताहरु पुरा गर्न विभिन्न सामाजिक संस्थाको जन्म भयो । अव्यवस्थित र अनियन्त्रित यौन सम्बन्धलाई व्यवस्थित पार्न विवाहको प्रचलन विकास भयो । यसबाट बालबच्चाको पालनपोषणमा स्थायित्व र जिम्मेवारीको बोध लोग्ने मानिसमा पनि हुन गयो । विवाहले लोग्ने, स्वास्नी, बालबच्चा भन्ने जस्ता अवधारणाको विकास हुन पुगे यसपछि मात्र बाबु आमा छोराछोरी लगायत द्वितीय तृतीय स्तरमा नातासम्बन्धको विकास भएको पाइन्छ । नातासम्बन्धले तत्कालित असंगठित समाजलाई संगठित गरेको हो ।

परिवार सामाजिक संस्था हो, परिवारको उत्पत्ति निकै प्राचिन समयदेखि भएको मान्न सकिन्छ । सामाजिक आवश्यकता परिपूर्ति गर्ने उद्देश्यले मात्र नभई समाज विकासको प्रक्रियालाई निरन्तरता दिन र सामाजिक व्यवहारहरु प्रचलन, मान्यता तथा सामाजिकिकरणको प्रक्रियालाई एक पिढीबाट अर्को पिढीमा हस्तान्तरण गर्ने उद्देश्यले दुई वा दुई भन्दा बढी सदस्यहरुको अन्तरसम्बन्धित तथा अन्योन्याश्रीत संस्था नै परिवार हो । जहाँ कम्तीमा लोग्ने स्वास्नी र तिनका

छोराछोरी रहेका हुन्छन् । परिवारको सदस्यहरुको अन्योलाश्रित सम्बन्धले नै परिवारलाई जीवन्तता दिएको हुन्छ । (शर्मा, २०६९:१) ।

परिवारको उत्पत्तिसँग सम्पत्तिको पनि विकास भएको पाइन्छ । जव समाज घुमन्ते जीवनशैलीबाट परिवारमा बस्न थाल्यो । त्यससँगै सम्पत्तिमा पनि परिवारको पुरुषको स्वामित्व हुन थाल्यो । प्राचिन समाज मात्रै सत्तामा आधारित भएता पनि पछि आएर समाज पितृसत्तामा रुपान्तरित भयो । नेपाली समाज पितृसत्तात्मक समाज हो । जहाँ पारिवारिक सम्पत्ति तथा घरायसी निर्णय प्रक्रियामा पुरुषको स्वामित्व छ । महिलाहरुको पारिवारिक सम्पत्तिमाथीको पहुँच अत्यन्त न्यून छ । महिलाहरु घरायसी एवं कृषिकार्यमा संलग्न रहेका छन्, भने पुरुषहरु सार्वजनिक एवं गैरसरकारी कार्यमा संलग्न रहेका छन् । पुरुषहरु धेरैजसो वैदेशिक रोजगारमा जाने र महिलाहरु सन्तानको लालनपालनका लागि घरमै बसेको पाइन्छ । घरपरिवारमा महिलाको नाममा सम्पत्ति कमै मात्रामा हुन्छ । ऐन कानूनले महिलालाई सम्पत्तिको व्यवस्था गरेपछि यो व्यवस्था शर्तात्मक रहेको छ । मानवले प्राप्त गर्ने नैशर्गिक अधिकारमध्ये सम्पत्तिको अधिकार पनि एक हो । मानिसहरु सम्मानपूर्वक बाँच्न र आफ्नो प्रतिभाको विकास गर्न सम्पत्तिको महत्वपूर्ण भूमिका हुन्छ । मानव जीवन जिउन वा जीवन सुरक्षाको लागि सम्पत्ति अत्यावश्क हो । व्यक्तिको शिक्षा, स्वास्थ्य, रहनसहन र लालनपालन जस्ता पक्षलाई सम्पत्तिले प्रत्यक्ष प्रभाव पार्दछ ।

अन्तरिम संविधान २०६३ ले जमिनमा महिलाको स्वमित्व बढाउने उद्देश्यले महिलाको नाममा घरजग्गा दर्ता गर्दा २५ प्रतिशत छुट दिने नीति ल्याएपछि महिलाहरुको जग्गा जमिनमाथि स्वामित्व बढेको देखिन्छ । २०५८ सालको जनगणनामा कुल परिवारको ९.११ प्रतिशत परिवारमा महिलाको नाममा घरजग्गा रहेको थियो, भने २०६८ सालको जनगणनामा स्वामित्व बढेर १९.७१ प्रतिशत

रहेको छ । यस्तै महिला घरपरिवार मूली २०५८ सालको जनगणनामा १४.८७ प्रतिशत रहेकोमा २०६८ सालको जनगणनामा ११ प्रतिशतले वृद्धि भई २५.७३ प्रतिशत पुगेको देखिन्छ । (CBS, 2008)

परम्परागत समयमा पुरुषमाथी नै सम्पत्तिको स्वामित्व भएको र अशिक्षा र गलत सामाजिक धारणाले गर्दा पुरुष सरह अधिकार महिलाले प्राप्त गरेको अवस्था थिएन तर वर्तमान समयमा महिलाहरुको सम्पत्तिमाथी स्वामित्वको अवस्था बढ्दै गएको छ । महिलाहरु शिक्षित हुनु, आफैँ पनि रोजगारी गरी आर्यआर्जनका कार्यमा सरिक हुनु, समय सँगै सरकारका नितीहरु र कानूनहरु परिर्वतन हुदैं जानु मुख्य कारणहरु रहेका छन् । महिला एकल भएको परिवारमा र श्रीमान वैदेशिक रोजगारीमा रहेको परिवारमा पारिवारिक सम्पत्तिमाथीको स्वामित्वमा महिलाहरुको नै पहुँचको अवस्था रहेको छ । श्रीमान र ससुरा सगैं विवाहित महिलाहरु रहेको परिवारमा पारिवारिक सम्पत्तिमाथीको स्वामित्व घरमुली ससुरा वा श्रीमानको स्वामित्व रहेको पाइन्छ । यसरी घरका परिवारको नाममा सम्पत्ति भएता पनि त्यस्तो सम्पत्तिको खरिद बिक्री आपसी सहमतीमा हुने गरेको छ ।

## १.२ समस्याको कथन

परम्परागत हिन्दु दर्शनबाट प्रभावित नेपाली समाजमा अझै पनि लैङ्गीक भेदभाव र असमानताहरु पाइन्छ । यो विशेगरी सम्पत्तिको स्वामित्व र निर्णय प्रक्रियामा देख्न सकिन्छ । नेपालको जनसंख्याको आधा हिस्सा रहेको महिलाहरुमा पुरुषको तुलनामा सम्पत्तिमाथीको स्वामित्व अत्यन्तै न्यून रहेको छ । अधिकांश महिला सहभागिता रहेको कृषिप्रदान देश नेपालमा जमिनमाथी महिलाको स्वामित्व निकै कम देखिन्छ । महिलाहरु घरभित्रै सिमित हुनुपर्ने बालबच्चा हुर्काउने, चुल्होचौको बुढाबुढी स्याहार सुसार, गाईबस्तुको हेरचाह र मेलापातमा अधिकांश नेपाली महिलाहरुले समय बिताउनुपर्ने अवस्थाले गर्दा आर्थिक वृद्धि योग्यता र सिप

बढाउने कार्यमा उनीहरुको पहुँच अझ पुग्न सकेको छैन । नेपाली समाजमा महिलाको सम्पत्तिमाथीको पहुँच तथा सम्पत्तिमाथी निर्णय प्रक्रियामा महिलाको आवश्यकतालाई महशुस नै गरिदैन, एकातिर निजी परिधिबाट माथि उठ्न नसक्नु, अर्कोतिर उनीहरुले गर्ने घरायसी कार्यको उचित मूल्याङ्कन नगरिनुले नेपाली महिलाको स्थिति पुरुषको तुलनामा निकै तल देखिन्छ। महिलाहरुको सम्पत्तिमाथीको पहुँचका बारेमा खासै अध्ययन भएको पाइँदैन । त्यसैले यस अध्ययनले त्यस क्षेत्रका महिलाको सम्पत्तिमाथीको स्वामित्वको वास्तवीक स्थिति खोज्ने हेतुले यस अनुसन्धानमा निम्न प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ ।

क) महिलाहरुको पारिवारीक सम्पत्तिमाथीको पहुँचको अवस्था कस्तो छ ?

ख) महिलाहरुले पारिवारिक सम्पत्ति उपभोग गर्न पाएका छन् वा बञ्चित गरिएको छ ?

ग) विवाहित महिलाहरुको पारिवारिक सम्पत्ति परिचालनमा के कस्तो भूमिका रहेको छ ?

## १.३ अनुसन्धानको उद्देश्य :

यस अनुसन्धानको सामान्य उदेश्य विवाहित महिलाहरुको आफ्नो पारिवारिक सम्पत्तिमाथी स्वामित्व बारेमा अध्ययन गर्नु रहेको छ भने यसको विशिष्ट्र उदेश्यहरु निम्न अनुसार रहेका छन् :

क) विवाहित महिलाहरुको पारिवारिक सम्पत्तिमाथीको स्वामित्वको स्थिति पत्ता लगाउने ।

ख) विवाहित महिलाहरुको पारिवारिक सम्पत्ति परिचालन सम्वन्धि भूमिका विश्लेषण गर्ने ।

## १.४ अध्ययनको औचित्य र महत्व

परम्परागत मूल्यमान्यतालाई आत्मसाथ गरिएको नेपाली समाजमा महिलाहरुमाथी विभेदका क्रियाकलापहरु भइरहेका छन् । जुनसुकै समाजमा पनि मानवीय आवश्यकता परिपूर्ति गराउनका लागि स्रोत साधन जुटाउनुपर्छ । यही क्रममा मानिसले परिश्रम वा अन्य कुनै कामकाग गरी प्राप्त गर्ने चिज, बस्तु चल अचल बस्तुलाई सम्पत्ति भनिन्छ । सम्पत्तिको प्रभाव मानव जिवनमा महत्वपूर्ण हुन्छ । साम्पत्तिक अधिकारबाट कोहीपनि बञ्चित हुनुहुँदैन । यसरी परिवारमा रहेको सम्पत्तिमा पनि पत्नीको समान स्वामित्व हुनुपर्दछ । व्यक्तिबिनाको सम्पत्ति र सम्पत्तिबिनाको व्यक्ति रहन सक्दैन । विषयबस्तुको गम्भिर्यतालाई हेर्दा नेपालमा जनसंख्याको हिसावले आधाभन्दा बढी स्थान ओगटेका महिलाहरुको बारेमा जानकारी राख्नु उनीहरुको पैतृक सम्पत्तिमा समान अधिकार र त्यसको प्रभावको बारेमा जानकारी राख्ने जो कोहिका लागि पनि उपयोगी र यथार्थपरक हुनेछ । साथसाथै महिलाहरुको पारिवारिक सम्पत्तिमा कस्तो पहुँच छ ?यसको बारेमा खोज अनुसन्धान गरी त्यसको निश्कर्ष निकाल्न जरुरी भएको हुँदा यसको औचित्य वर्तमानमा सान्दर्भिक हुनेछ । यस अध्ययनले अध्ययन क्षेत्रका महिलाहरुको सम्पत्ति माथीको स्वामित्वको स्थिति विश्लेषण गर्न माथि चित्रमा राखिएका १० वटा शिर्षकहरु पैत्रीक सम्पत्तिमा, दाइजो, निजी सम्पत्ति वा पेवा,व्यापार व्यवसायमा, दैनिक ज्याला, घरायसी अन्य आम्दानीमा उत्तरदाताको स्वामित्व, नोकरी, वैदेशीक रोजगारी छोराछोरीको कमाई र स्वआर्जनमा गरिएको छ ।

## १.५ अध्ययनको सिमा

प्रस्तुत अध्ययन गण्डकी प्रदेश अर्न्तरगत कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं ३० स्थित शिशुवाको चोखीमाटी टोल जसमा १२५ घरधुरी मध्ये ८५ घरधुरीका विवाहित महिलाहरुमात्र सीमित रहेको छ। एक घरधुरीमा एक महिलाको

अध्ययन गरिएको छ जसमा सासु बुहारी दुवै पर्दछन् । यस अध्ययनमा विवाहित महिलाहरुको सम्पत्तिमाथीको स्वामित्वको अवस्था अध्ययन गरीएको हुँदा यस अध्ययनमा अविवाहित महिलाहरुलाई समेट्न सकिएको छैन ।

## १.६ अध्ययनको संगठनात्मक ढाचाँ

सम्पुर्ण शोध पत्रलाई सात अध्यायमा विभाजन गरिएको छ । यस क्रममा पहिलो खण्डमा सामान्य परिचयलाई समेटिएको छ । यस भित्र पृष्ठभुमि, समस्याको कथन, अनुसन्धानको उदेश्यहरु, अध्ययनको औचित्य र महत्व, अध्ययनको सीमा, अध्ययनको संगठनात्मक ढाँचा, समेत सामेल गरिएको छ ।

दोस्रो अध्यायमा सैद्दान्तिक पुनरावलोकनलाई समेटिएको छ । सो अध्याय भित्र उत्पादन प्रणाली र सम्पत्तिमाथी पहुँचको अवधारणा, पितृसत्ता र सम्पत्तिमाथी पहुँचको अवधारणा बारेमा पनि उल्लेख गरिएको छ । साथै महिलावादी दृष्ट्रिकोण र सम्पत्ति पहुँचको अवधारणा भित्र  उदारवादी महिलावाद, मार्क्सवादी महिलावाद, मानव सभ्यता र नारी, विश्वमा महिला आन्दोलन, नेपालको महिला आन्दोलन र महिलाको सामाजिक स्थितीलाई समेटीएको छ ।

तेस्रो अध्यायमा अनुसन्धान पद्धतिलाई समेटिएको छ । यस भित्र अध्ययन क्षेत्रको छनोटको औचित्व, अनुसन्धान ढाँचा, नमुना छनोट विधि, तथाङ्कको स्रोत र प्रकृति, प्राथमिक तथाङ्क संकलन विधी, वैयक्तिक अध्ययन, तथ्याङ्क विश्लेषण एवं प्रस्तुतिकरण उल्लेख गरिएको छ ।

चौथो अध्यायमा उत्तरदाताहरुको सामाजिक तथा जनसांख्यिक विश्लेषण भित्र उमेरगत विश्लेषण, धर्ममूल्यमान्यता, शौक्षिक स्थिती, परिवारको स्वरुप, र परिवारको उल्लेख गरिएको छ ।

पाँचौ अध्यायमा उत्तरदाताले दिएको उत्तरको आधारमा विश्लेषण गरिएको छ । यसमा महिलाले सम्पत्तिमाथीको स्वामित्व वारेमा विभिन्न १० वटा शिर्षकमा उल्लेख गरिएको छ । त्यस १० वटा शिर्षक अर्न्तरगत रहेर महिलाको सम्पत्तिमाथीको स्वामित्वको अवस्था विश्लेषण गरिएको छ ।

छैटौ अध्यायमा उत्तरदाताले दिएको उत्तरको आधारमा पारिवारिक सम्पत्ति परिचालनमा विवाहित महिलाहरुको कस्तो भूमिका रहेको छ भनि विश्लेषण गरिएको छ ।

सातौ अध्यायमा अनुसन्धानको निश्कर्ष र सुझावलाई राखिएको छ । त्यस पछि सन्दर्भ सामाग्रीहरुको सुची, घरधुरी सर्वेक्षण अन्तरवार्ता अनुसूची राखिएको छ ।

# अध्याय: दुई

# सान्दर्भिक साहित्यको सिंहावलोकन

## २.१ सैद्धान्तिक पुनरावलोकन

### २.१.१ उत्पादन प्रणाली र सम्पत्तिमाथी पहुँचको अवधारणा

उत्पादन प्रणाली आधारण संरचना र उपरीसंरचना मार्क्सवादी मान्यताअनुसार मानिसद्वारा नै समाजको निर्माण उत्पादन गरेर मानिसले समाजलाई निरन्तरता प्रदान गर्दछ । यसैगरी समाजको विकास र परिवर्तन उत्पादन प्रणालीको स्वरुपको आधारमा हुने गर्दछ । मार्क्सवादी दृष्टिकोणको मुख्य आधारशिलाको रुपमा रहेको विषयबस्तु नै आधारसंरचना, उत्पादनका शक्तिहरु अथवा उत्पादनका साधनहरु र उत्पादनका सम्बन्धहरु मिलेर बनेको हुन्छ । जसलाई समग्रमा उत्पादन प्रणाली भन्ने गरिन्छ । उत्पादनका शक्ति भन्नाले उत्पादन गर्न प्रयोग गरिने बस्तुहरु हुन् । जसमा उत्पादनका साधनहरु र श्रम शक्ति मानसिक र शारीरिक क्षमताहरु पर्दछन् । उत्पादनका साधन भन्नाले प्राकृतिक श्रोत, कच्चा पदार्थहरु र उत्पादनका औजारहरु हलो, ट्र्याक्टर, कुटो, कोदालो र विभिन्न मेशिनहरु आदी पर्दछन् । उत्पादनका सम्बन्ध भन्नाले मानिस र उत्पादनशिल शक्तिहरुबिचको नियन्त्रण गर्ने शक्ति सम्बन्ध हो । यी विभिन्न समाजहरुमा फरक फरक रुपमा रहेको हुन्छ । प्रकृतिमा रहेका बस्तुहरुलाई प्रत्यक्ष वा सिधै उपभोग गर्न सकिंदैन । यसैले मानिसहरुले आफ्नो आधारभूत आवश्यकता परिपूर्तिका लागि विभिन्न प्रविधिको प्रयोगबाट तिनीहरुलाई उपभोग गर्दछन् । मानवीय श्रमको कारणले प्राकृतिक वस्तुको स्वरुपमानै परिवर्तन आउने गर्दछ । यसकारण मानिसहरु बाच्नका लागि बस्तुको उत्पादन गर्ने प्रक्रियालाई उत्पादन प्रणाली भनिन्छ । आधारसंरचना हो वा उत्पादनका शक्तिहरु र उत्पादनका सम्बन्धहरुको आर्थिक संरचना हो । यो

उत्पादनमा संलग्न सम्पूर्ण तत्वबाट निर्मित हुन्छ । साथै यो समाजको आधारशिला हो (Bilton, 1996 : 78) ।

आधारसंरचना भनेको उत्पादन प्रणाली उत्पादनका शक्तिहरु र उत्पादनका सम्बन्धहरु हो । उत्पादनका सम्बन्ध, उत्पादन प्रणाली र उत्पादनका शक्तिसँग रहेको हुन्छ । उपरीसंचना भन्नाले समाजका सम्पूर्ण अंगहरु र परिवार, समुदाय, राज्य, शिक्षा, विचार चाहना आदर्श धारणा दर्शन कानून नितीशास्त्र धर्म आदी पर्दछन् । जुन उत्पादन प्रक्रियामा प्रत्यक्ष संलग्न भएका हुँदैनन् जसले समाजमा उत्पादनका साधनमाथि जुन वर्गको स्वामित्व छ, सोही वर्गको रक्षा गर्नको लागि उपरी संरचनाको निर्माण हुन्छ ।

मार्क्सवाद दृष्टिकोणको मान्यता अनुसार उपरीसंरचनालाई आधार संरचनाले निर्धारण गरेको हुन्छ । समाजमा जस्तो उत्पादन प्रणालीको स्वरुप छ त्यस्तै उपरी संरचनाको सृष्टि हुन्छ । यस सम्बन्धमा मार्क्सले खास उत्पादन प्रणालीको निम्न अनुसार विभाजन गरेका छन् (Bilton, 1996 : 79) ।

क) आदिम उत्पादन प्रणाली

ख) दास उत्पादन प्रणाली

ग) सामन्तवादी उत्पादन प्रणाली

घ) पुँजीवादी उत्पादन प्रणाली

ङ) समाजवादी उत्पादन प्रणाली

विभिन्न युगमा उत्पादन प्रणालीको आधारमा उत्पादन समाजको निर्धारण भएकोछ । तीन महत्वपर्ण युग कालहरु जस्तै प्राचिन रोम र युनानका परम्परागत समाजहरु मध्येयुगमा सामन्ती समाजहरु र पुँजीवादी युग यी सबै युगका समाजहरु उत्पादन प्रणालीबाट निर्देशित र निर्धारण थिए । विभिन्न युगमा शोषण र शोषित बिच द्वन्द्व भएकाले समाज परिवर्तन हुँदै आएको छ (Bilton ,1996 : 80) ।

शिकारी युगमा कुनैपनि समूहको अधिपथ्य नहुनु, पशुपालक समाजमा पुरुष वर्गको अधिपथ्य हुने, कृषि समाजमा भूमि पूँजीपतिहरुको अधिपथ्य रहनुले उत्पादनको सामान जसको हातमा रहन्छ उसैले समाजमा अधिपथ्य जन्माउँछ । राज्यको सच्चा शासक उही वर्ग हुन जान्छ र उही वर्गको शोषण अधिपथ्य र शासन रहेको वर्गीय समाजको विकास हुन्छ । सामाजिक जिवनका सम्पूर्ण वस्तुहरुको आधार उत्पादन प्रणालीको स्वरुपमा गरिएको हुन्छ । समूहमा रहेको उत्पादन प्रणालीनै आधार संरचनाको रुपमा विचार, चाहना, धारणा दर्शन आदीको प्रकृति निर्धारण गर्दछ । साथै उत्पादन प्रणालीमा आएको परिवर्तननै उपरीसंचरनाको स्वरुपमा विस्तृत प्रंकारको फेरवदल ल्याउँछ आधार संरचना भनेको आर्थिक शक्ति र उत्पादन प्रणाली हो जसबाट उत्पादनको सम्वन्धको सृजना हुन्छ । खास खालको उत्पादन व्यवस्थाले नै निश्चित उपरी संरचनाको निमार्ण हुन्छ (Bilton, 1996 : 80) ।

यस अनुसन्धान पद्दतिमा विवाहित महिलाहरुको पारिवारिक सम्पत्तिमाथीको पहुचँका बारेमा अध्ययन गर्दा चोखीमाटी टोल - ३० का विबाहित महिलाहरुको पारिवारक सम्पतिमाथीको पहुचँलाई मार्क्सवादको उत्पादन प्रणाली , आधार संरचना र उपरिसंरचना सगँ जोडिएर अध्ययन गरिएको छ। मार्क्सवादी द्वष्ट्रिकोणको मान्यता अनुसार उपरीसंरचनालाई आधारसंरचनाले निर्धारण गरेको हुन्छ भन्ने नै हो । समाजमा जस्तो उत्पादनको प्रणालीको स्वरुप छ यस्तै उपरी संरचनाको सृष्टि हुन्छ यसलाई पुष्टि गर्नका लागी केहि ऐतिहासिक युगहरुलाई मोटो अर्थमा भएपनि हेर्न सकिन्छ जस्तै शिकारी युगमा कुनै पनि समुहको अधिपत्य नहुनु, पशुपालक समाजमा पुरुष वर्गको अधिपत्य हुनु, कृषि समाजमा भूमिपतिको प्रमुख रहनु र पुँजीवादी समाजमा पुँजीवादीहरुको अधिपत्य देखिनुबाट के निर्ष्कषमा पुग्न सकिन्छ भने उत्पादनको साधन जसको हातमा रहन्छ, उसैले समाजमा अधिपत्य जमाउँछ, यसरी विवाहित महिलाको नाममा उत्पादनका साधन (सम्पत्ति)

भएमा महिलाहरु आफ्नो निर्णय आँफै गर्न सक्षम हुन्छन् । यसै गरी महिलाहरुमा पनि सम्पत्ति माथीको स्वामित्व भएमा उनीहरुको स्थिती मजबुत हुन्छ । उत्पादनका साधनहरु महिलाहरुको हातमा भएमा महिलाहरु सक्षम हुने, आफ्नो लागी राम्रो नराम्रो छुट्टाउन सक्ने, शौक्षिक अवस्था, रोजगारीको अवस्था सबै पक्षहरुमा सकरात्मक प्रभाव पर्दछ । समाजमा आर्थिक आधार बलियो भयो भने समाजका उपरिसंरचा पनि बलियो र राम्रो हुन्छ । यसैगरी महिलामा पनि सम्पत्तिको स्वामित्व भएमा उनीहरुको स्थिती मजबुत हुन्छ ।

## २.१.२. पितृसत्ता र सम्पत्तिमा पहुँचको अवधारणा

पितृसत्ता एक सामाजिक आस्था हो । जसले पुरुषप्रधानतालाई मान्यता दिन्छ । पितृसत्ताले संरचनात्मक रुपमा नै परिवारका महिलाहरु अन्य पुरुषहरु केटाकेटि वृद्धवृद्धा, अशक्त र घरेलु कामदारलाई घरको मुख्य पुरुषको नियन्त्रणमा राखेको छ । पितृसत्तामा घरपरिवार समाज र राष्ट्रको मुख्य रुपमा पुरुषहरु रहेका हुन्छन् । पितृसत्तात्मक व्यवस्थामा महिलाहरुको श्रमशक्तिको उत्पादन, महिलाको प्रजनन शक्ति, महिलाको यौनिकता, गतिशिलता र सम्पत्ति व्यवसाय तथा अन्य आर्थिक स्रोत साधनमा पुरुषको नियन्त्रण हुन्छ । पितृसतात्मक व्यवस्थामा पुरुषको स्थान उच्च हुन्छ । पुरुषका हातमा सामाजिक, आर्थिक, धार्मिक शक्ति हुन्छ तर महिलाहरु शक्ति र अधिकारबाट बञ्चित हुन्छन् । फलस्वरुप नारीहरु पुरुषको इच्छा र चाहना अनुसार दविएका हुन्छ अनि शोसिएका हुन्छन् । महिला दमन र शोषण विश्वव्यापी रुपमा रहेको देखिन्छ । नेपालको सन्दर्भमा महिलाहरु पुरुष सरह सामाजिक, सांस्कृति, अधिकारबाट बञ्चित रहेका छन् (भासिन, १९९ : २५) ।

निश्कर्षमा के भन्न सकिन्छ भने पितृसत्ताका कारण समाजमा पुरुषहरुबाट महिलाहरु संस्थागत रुपमा शोषण र दमित छन् । तर पछिल्ला समयमा विकास

भएका नारीवादी आन्दोलन, मानव अधिकारवादी आन्दोलन र सामाजिक जागरण आदी जस्ता कारणबाट पितृसत्ता भित्रै अत्यन्त न्यून मात्रामा भएपनि महिलाको अधिकार स्वतन्त्र र न्यायमा अभिवृद्धि भएको पाइन्छ । (आचार्य २०६०)

अध्ययन क्षेत्रमा पनि पितृसत्तानै कायम रहेको छ । जसमा पुरुषमाथी नै सम्पत्ति तथा घरायसी निर्णय प्रक्रियाको भूमिका उच्च रहेको छ । सम्पत्तिमाथी केहि महिलाको स्वामित्व देखिएपनि त्यसको किनबेच आदी निर्णयहरु पुरुषलेनै गर्ने गर्दछन् । केहि महिलाहरु पेशा व्यवसायमा लागेता पनि अधिकांश महिलाहरु घरायसी कार्यमा नै सिमित रहेका छन् । उत्पादनका साधन, धन, सम्पत्ती, निर्णय प्रक्रिया सबैमाथी पुरुषहरुको स्वामित्व रहेको छ । पछिल्ला समयमा महिलाहरु पनि शिक्षित हुन थालेपछि विस्तारै विस्तारै महिलाहरुमा पनि सम्पत्तिको स्वामित्व तथा निर्णय प्रक्रियामा भूमिका बढ्दै गएको छ ।

### २.१.३ महिलावादी दष्टिकोण र सम्पत्ति पहुँचको अवधारणा

महिलावादी सिद्धान्त भन्नाले महिलाको सामाजिक परिवेश, हक, अधिकार, वास्तविक स्थिति आदीका बारेमा विभिन्न विद्वानहरु तथा विचारकहरुको मत हो । यस सम्बन्धमा विभिन्न मत र विचारहरुमध्ये प्रमुख निम्नानुसार छन् ।

#### क) उदारवादी महिलावाद

यसवादको सुरुवात १६ औं र १७ औ शताब्दी देखि भएको हो भने १९ औ शताब्दीको अन्त्यतिर निकै व्यापक रुपमा देखा परेको थियो यो महिला र पुरुष बीचमा समानता हुनुपर्दछ भन्ने सिद्धान्त हो । यसले महिला र पुरुषका हरेक पक्षमा समानता हुनुपर्छ र समानताका लागि समान ज्यालामा जोड दिनुपर्दछ । पारिवारिक दायित्व, घरायसी क्रियाकलाप, श्रम बजारका हरेक पक्षमा समानता हुनुपर्दछ, महिलाको विश्वास बढाउने, क्षमताको विकास गर्न र निर्णय गर्ने स्थितीमा पुयाउन सहयोग

पुऱ्याउने कार्यक्रमलाई प्राथमिकता दिन्छ । साथै यसले वर्तमान पितृसतात्मक र सामाजिक संरचना भित्र समानता संभव रहेको देखाउछ । उदारवादले कार्य रुची, रोजाई, आकांक्षाको रोजाईलाई पुरुष सरह आफ्नोक्षमता देखाउन सक्दछ । यस्तो समानतालाई आफै निरन्तरता दिन सक्दछ भन्दै राजनीतिक र कानुनी सुधारको माध्यमबाट महिला र पुरुषमा समानता ल्याउन सकिन्छ भन्ने अपेक्षा गर्दछ । यसले महिला र पुरुषबिच व्यक्तिगत स्वतन्त्रता सम्वन्ध र अन्तरक्रियालाई समाजमा नारी पुरुषकाबिच लैङ्गिक समानता ल्याउने शुरु र आधार विन्दु हो भन्ने मान्यताको आधारमा विश्लेषण गर्दछ । सबै महिलाहरुमा समाजमा लैंगिक समानता प्राप्त गर्ने सामार्थ्य हुन्छ । त्यसैले समाजको आधारभुत संरचना परिर्वतन नगरी समानता प्राप्त सम्भव छ भन्ने दावी गर्दछ (Abbott, 1997 : 60) ।

अध्ययन क्षेत्रमा विवाहित महिलाहरु पछिल्लो समयमा शिक्षा तथा चेतनाका कारण उनीहरु आयआर्जनका लागि पेशा व्यवसाय गर्ने आफूले आर्जन गरेको कमाई आफैले खर्च गर्ने गरेकौ पाइन्छ । महिलाहरु पनि विभिन्न संघसंस्थामा आबद्ध रहेका छन् । उनीहरुलाई आफ्नो अधिकार सम्बन्धी ज्ञान पनि रहेको छ ।

### ख) मार्क्सवादी महिलावाद

यो सिद्धान्त मार्क्सवादी सिदान्तसँग सम्वन्धित छ । सन् १९४८ मा एगेल्सको परिवार सम्पत्ति र राज्यको उत्पत्ति नामक पुस्तकले यस वादको विकासमा महत्वपुर्ण भुमिका खेलेको थियो । यस वादले समाजमा परस्पर दुई विरोधी वर्ग का बिचका सम्वन्धलाई जोड दिन्छ । जसमा महिला सम्वन्धी प्रश्नहरु समावेश भएको हुन्छन् । यस वादका अनुसार महिला दमन भनेको वर्गीय दमन हो । महिलाहरु समाजमा दमित भएर रहेका छन् । महिला मुक्ति एवं स्वतन्त्रताको संघर्ष पुरुषको विरुद्धमा नभई पुजीँवादी सामाजिक व्यबस्था

विरुद्धको संघर्ष हो । समाजमा जवसम्म निजी सम्पत्तिको अन्त्य गरी उत्पादन प्रणालीमा सामुहिक स्वामित्व कायम गर्न सकेमा मात्र महिला पुरुष बिचको असमानता अन्त्य हुन्छ । पुरुषद्वारा महिलामाथि गरिने दमन पुजीँवाद प्रणाली र पितृसत्तात्मक व्यबस्थाको पारस्परिक सम्बन्ध को परिणाम हो । त्यसैले पितृसत्ता एवं पुजीँवादी व्यवस्थाका विरुद्धमा सामुहिक सघंर्षको खाँचो छ । घरायसी कार्यलाई महत्व नदिनु, महिलालाई परिवारमा मात्र सिमित राख्नु, सार्वजनीक कार्यलाई जोड नदिनु, महिलाहरुले समान ज्याला र रोजागारी नपाउनु, पेशा नहुनु, पितृसत्ता र पुँजीवाद बीच रहेको धारणा मार्क्सवादी महिलावादको रहेको छ (Walby,1990 : 56 ) ।

मार्क्सवादी महिलाबादहरुले जसरी समाजमा दुई परस्पर वर्ग पुरुष महिलाबीच संघर्ष भएको बताउँछन् । त्यसैगरी अध्ययन क्षेत्रमा पनि दुई परस्पर विरोधी वर्ग, विवाहित महिला र पुरुष रहेका छन् । जसमा पुरुषबाट अझै पनि महिला दमीत भएर बस्नु परेको अवस्था रहेको छ । अध्ययन क्षेत्रका महिलाहरु मुक्ति तथा स्वतन्त्र हुनका लागि पुरुषसँग मात्र नभई पूँजीवादी सामाजिक व्यवस्था विरुद्ध संघर्ष गरेको देखिन्छ ।

### ग) मानव सभ्यता र नारी

मानव सभ्यतालाई यस रुपमा विकसित गर्न नारीको भूमिका पुरुष सरहनै महत्वपूर्ण भएको कुरा निर्विवाद छ । जुन समाजमा नारी र पुरुषको समान अधिकारको प्रत्याभूति गराएको हुन्छ । त्यस समाजलाई अवश्य पनि प्रगतिशिल समाज भन्न सकिन्छ । त्यसैको परिणामस्वरुप आज हाम्रो परम्परागत समाज भन्दा पश्चिमी सभ्यताका समाजलाई बढी प्रगतिशील र आधुनिक समाज भन्ने गरिन्छ । परिवार सामाजिकीकरणको प्रमुख साधान हो । जसमा नारीको महत्वपूर्ण भूमिका रहन्छ । जसले गर्दा मानवको सामाजिकीकरण र मानविकीकरणमा नारीको महत्वपूर्ण भूमिका रहन्छ भन्नु स्वभावीक हुन्छ । महात्म

गान्धीले भन्नुभएको एउटा पुरुष शिक्षीत हुँदा एक जना मात्र शिक्षित हुन्छ । तर एक जना महिला शिक्षीत हुँदा एउटा परिवार नै शिक्षित हुन्छ । सर्वप्रथम सभ्यताको बिउ रोप्ने महिलाहरुनै हुन् । महिलाहरुले पुरुषहरुलाई घुमन्ते जीवनबाट स्थिर जिवनमा ल्याई प्रतिष्ठित गरे । यो कुरासँग सहमती हुने हो भने मानव सभ्यताको विकासमा नारी पुरुषको समान भूमिका मात्र होइन । नारीको अहम् भूमिका रहेको पाइन्छ । हुन पनि नारीहरु सृष्टिकर्ता हुन् । यस क्रममा जव उनीहरु गर्भधारण गर्दछन् त्यो भ्रुण अवस्था वृद्धि हुँदै जाने क्रममा स्त्री जातीमा शारिरीक दुर्वलता हुँदै जान्छ तव उनीहरुमा स्वभाविक रुपमा बाह्य गतिविधिमा सिमितता आउने कारणबाट घुमन्ते जीवनमा स्थिर जीवनमा परिणत हुनु जैवीकीय कारणले भूमिकालाई पनि नकार्न सकिदैन (चौलागाई, २०६० : ३०) ।

भारतको नायर, खासी, गारो जनजातीमा अत्याधिक मातृसतात्मक परिवार रहेको छ । साथै प्राचिन परिवारमा रहेको नारीको केन्द्रीय सर्वोच्चतालाई मध्यनजर गर्दा मानव सभ्यतामा नारी जातीको सक्रीयतालाई धुमील गर्न सकिन्न । मानिसको जंगली अवस्थामा सम्पत्तिको उत्पत्ति नभएकाले पुरुष र नारी स्त्री सम्बन्ध बराबरीको आधारमा थियो । त्यसबेला मातृसतात्मक व्यवस्था थिएन । सम्बन्धको चरण भएकाले पिताको पत्तै हुँदैनथ्यो र वंश माताकै नामबाट चल्ने गर्दथ्यो । त्यसपछि पशुपालन युगमा आएर सर्वप्रथम व्यक्तिगत सम्पत्तिको व्यवस्था देखिन थाल्यो, अब व्यक्तिगत सम्पत्तिको रेखदेख गर्न पिताको आवश्यक पर्‍यो । किन भने उत्पादन जटिल हुँदै गएपछि घरको र बाहिरको काम गर्न स्त्रीको निम्ति असम्भव हुन थाल्यो । त्यसैले बाहिरी परिश्रमका कामहरु पुरुषहरुलेमात्र गर्न थाले (पौडेल, २०६४ : २५) ।

यसरी उत्पादनका साधनहरु माथी पुरुषहरुको अधिकार सृजना हुने अवस्था बन्न थाल्यो । यसरी सम्पत्तिको मालिक पुरुष हुन थालेपछि सामुहिक यौन सम्बन्ध हराउदै गयो किन भने पैतृक सम्पत्तिको उत्तराधिकारी लागी पनि निश्चित हुन जरुरी भयो ।

यसरी हामी देख्छौँ कि पित्तृसत्तात्मक व्यवस्था र एउटै पतिसगँ मात्र यौन सम्बन्ध राख्नुपर्ने चलनले नारीको हातबाट उत्पादनका साधनहरु खोसिएको हो (पौडेल, २०६४ : २५) ।

## घ) विश्वमा महिला आन्दोलन

महिलाहरुको अधिकार तथा लैङ्गिक समानताका लागी महिलाबादी आन्दोलनको इतिहासलाई हेर्दा सर्वप्रथम सन् १८३० मा अमेरिकी दासताका विरुद्ध सङ्गठित आवाज उठाएको पाइन्छ । महिला आन्दोलनकै कारण सन् १८९३ मा न्यूजिल्याण्डमा महिलाहरुमा मताधिकार दिइएको थियो । सन् १९५० मा औधोगिक क्रान्ति भए पश्चात महिलाहरु घरबाहिर गएर काम गर्न थाले जसको कारण सन् १९६० मा महिला आन्दोलन सङ्गठित र अझ सशक्त भएको थियो । सन् १९७० को दशकसम्म आइपुग्दा मानविकास तथा महिलाको विकाश र संलग्नता विना देशको विकास हुन नसक्ने कुरालाई आवश्यक ठानियो र महिलाहरुलाई पुरुषहरुको नियन्त्रणबाट छुट्करा पाउनु पर्ने कुरामा केद्रित रह्यो र महिलाहरु विकासका अवसरहरु खोज्न बढी प्रयत्नशील भएका थिए । महिलावादी आन्दोलनको विभिन्न प्रयास स्वरुप मेक्सीको सिटीमा १९७५ मा प्रथम महिला अन्तराष्ट्रिय सम्मेलन सम्पन्न भयो । संयुक्त राष्ट्रसंघले भने १९९६ देखी १९८५ को दशकलाई महिला दशक भनेर धोषणा गऱ्यो । यसैगरी दोस्रो, तेस्रो र चौथो क्रमश : सन् १९८० मा डेनमार्कको कोपहेगन, सन् १९८५ केन्याको नैरोबी र सन् १९९५ मा चिनको वेइजिङमा सम्पन्न भयो । यस किसिमका सम्मेलनहरुले महिलालाई विकाशमा महिलाहरुको सहभागिता निमित्ति अधिकार, उत्तरदायित्व र अवसरको समानता प्रदान गर्ने र त्यस्तो अवसरबाट लाभ पाउने तथा त्यस्तो कार्य गर्ने महिलाहरु नै सक्रियता कार्यकर्ता हुनुपर्ने व्याख्या गरेको थियो । यसै गरी सन् १९७९ मा महिला विरुद्ध सबै प्रकारका भेदभाव उन्मुलन सम्बन्धी संयुक्त राष्ट्रसंघको साधारण सभाले एउटा

प्रस्ताव पारित गऱ्यो उक्त महासन्धी सेप्टेम्बर १९८१ देखी लागु भएको थियो र नेपालले समेत १९९१ अप्रिल २२ मा अनुमोदन गरेको थियो (पौडेल, २०६४ : २२)।

### ङ) नेपालको महिला आन्दोलन

राणा कालको थालनी सँगै नेपाली महिलाहरु का लागी राजनैतिक चेतनाका साथ सङ्घर्षका साथ सङ्घर्षमा सहभागी हुदै जान थाले। वि.स १९७४ मा योगमायादेवी र दिव्या कोइरालाले "नारी जागृत संघ "(महिला समिति स्थापना) गरी महिलाहरुमा चेतना जागृत गराउन प्रयास गरे (उपाध्यय २०५४, :१०८)। १९७४ मा काठमान्डौँमा लश्मी तुलाधर सिद्धिलश्मी अष्टकुमारी, चंचलादेवी आदिले राणा शासनको विरोधमा जनचेतना जगाउन गरेका प्रयास महत्वपुर्ण मानिन्छ। यस्तै वि.स १९९८ मा योगमायाको नेतृत्वमा उनका ६५ जना अनुयायी समेतले सरकारलाई चेतवानी स्वरुप अरुण नदीमा जल समाधि लिई आत्महत्या गरेका थिए। वि.स १९९३ मा चन्द्रकान्ता मल्लले महिलाहरुले पढ्न पाउनुपर्छ भनी स्कुल खोल्ने आवज उठाइन र कामाक्षा देवी र दिलहरी क्षेष्ठले बनेपामाा नारीलाई पढाउन सुरु गरे। २००३ सालमा विराटनगरका महिला मजदुर हरुले समान कामको समान ज्याला, बराबर अधिकार,सुत्केरीको लागी विशेष सुविधा, शिक्षा, स्वास्थ, शुरक्षा आदिको माग राखी पुरुषको तुलनामा आन्दोलन अगाडी बढाए। काठमान्डौँ मा यहि साल रेवन्ती आर्चाय र कमला मिलेर बालविवाह, बहुविवाहको अन्त्य गर्ने उदेश्यले "आर्दश महिला संघ" स्थापना गरे। त्यस्तै २००४ सालमा काठमान्डौँ म्हैपीमा मेगलादेवी, सपना प्रदान स्नेहता आदि महिलाहरुले सर्व सम्मतिबाट "नेपाल महिला संघ" गठन गरे (प्रधान,२०४७ : १०७)।

नेपाली महिलाको आन्दोलनको परिणाम २००४ सालको वैधानिक कानूनले निर्वाचनमा मतदान दिन पाउने र उम्मेदवारको रुपमा उपस्थित हुन पाउने अधिकार पाप्त गरे। २००७ सालको जनक्रान्तीमा पुरुषका साथसाथै विमन सेल

बनाई महिलाहरुको अधिकारबारे विधान - २००७ मा पनि लिखित रुपमाा महिलाहरुको अधिकारबारे उल्लेख गरेको पाइन्छ। यो शासन विधानमा उल्लेख भए अनुसार महिला सम्वन्धमा लेखिएको नेपालको पहिलो दस्तावेजको रुपमा दर्ता हुनपुग्यो (शान्ता क्षेष्ठको अन्तरवार्तामाा आधारित ) पञ्चायतकालमा पनि महिलाले आफ्ना हक र अधिकार प्राप्तीका लागी विभिन्न प्रकृतिबाट सकेसम्म आवज बुलन्द गरिरहे । २०१९ सालमा नेपालको संविधान निमार्ण भयो र महिला संगठनकै रुपमाा एक निकायको रुपमाा सहभागी हुने भनी संविधानमा व्यवस्था गरियो। २०२० सालमा संसोधित मुलुकी ऐनको घोषणा भयो - बालविबाह बहुबिवाह र अनमेल विवाहमाथी प्रतिवन्ध लगाइयो । जसले गर्दा महिलामाथी भई आएका केही दमनलाई समाधान गरिदियो । तत्कालिन पञ्चायी सरकारले २०३२ सालमा अन्तराष्ट्रिय नारी बर्ष धुमधाम रुपले मनाउने घोषणा गर्यो। उक्त अवसरमा स्थानीय निकायमा ४००० महिलाहरुलाई सामेल गरिएको थियो ( पञ्चायत २०४३ :२४०) । नेपाल जस्तो सानो आकृतिको देशमा २०३२, ०३६, ०४२, ०४६, ०६२।०६३ आदि समयमा भएका निर्णायक आन्दोलनमा नेपाली महिलाको सक्रिय सहभागिता रहेको पाइन्छ। राजनीतिक परिर्वतन प्रश्चात पनि नेपाललाई नवनिर्माण गर्ने नारा भएपनि पितृसत्तात्मक सोचकै बाहुल्यता भएको हुदाँ विद्यमान सरकारले महिलालाई पन्छाउने कार्यलाई निरन्तरता दिएको कुरा व्यवहारबाट देखिन्छ। पुनः स्थापित संसदले महिलालाई राज्यका सबै संरचनामा ३३ प्रतिशत सहभाागिता सुनिश्चित गर्ने घोषणा गरे पनि त्यसको कार्यान्वयन पक्षमा सरकारले ध्यान दिएको छैन। पछिल्लो समयमा देशभरीका महिलाहरु एक ठाउँमा जम्मा भए। "न्यायपुर्ण समानता र सामाजिक न्यायलागि महिला वडापत्र" नामक महत्वपुर्ण दस्तावेज तयार गरे । फलस्वरुप जनसंख्याको अनुपातमा समानुपातिक समावेशी सहभागिता माा महिलाहरु सीमित हुन पुगेको वर्तमान स्थिती छ। यस स्थितीमा महिला आन्दोलन अत्यन्त सचेत भएर अगाडी बढ्नुपर्ने वर्तमान परिस्थितीले निर्देशित गरेको छ।

## च) महिलाको सामाजिक स्थिति

विश्वका धेरै मुलुकहरुमा जस्तै नेपालमा पनि महिला र पुरुष बिच ठुलो बिभेदको अवस्था छ । यँहाको सामाजिक, आर्थिक, शौक्षिक, राजनितिक, प्रशासनिक लगाएतका सबै क्षेत्रमा पुरुषको तुलनामा महिलाको पहुँच ज्यादै न्युन रहेको छ । नेपालको कुल जनसङ्ख्याको आधा भन्दा बढी ( ५१.५०) हिस्या ओगटेका महिलाहरु राज्यका हरेक पक्षमा पिछडिएका छन् । परम्परागत रुपमा जातपातको भेदभाव, चाँडो विवाह, छोराको महत्व जस्ता मान्यता जस्ता कारणले महिलाको स्तर विकास हुन सकेको छैन । लैंगिक भिन्नताका कारण लैंगिक असमानता, साधन स्रोतको अवसर आदिमा कमिका कारण महिलाहरुको स्तर निकै पछाडी छ । महिलाहक, अधिकार र शसक्तिकरणका लागि विभिन्न गैर सरकारी सङ्घ संस्था तथा सरकारी निकाय सम्मले कामहरु शसक्त रुपबाट गरिरहेकै छन् । नेपालको संविधानमा समेत महिला सम्बन्धि हक समेत सुनिश्चित गरेको छ । त्यस्तै अन्तराष्ट्रिय स्तरममा पनि नारीलाई पुरुष सरह हरेक क्षेत्रमा समानता हुनुपर्छ भन्ने उदेश्यका साथ विभिन्न्न नारी सम्मेलन गरी सोहि घोषणा पत्रको बुदालाई आधार बनाई कामहरु भईरहेको अवस्था पनि छ ।

वैवाहिक स्थितीले पनि महिलाको जीवनमा महत्वपूर्ण भूमिका खेल्दछ । महिलाहरुलाई वैवाहिक स्थितीले छोरीबाट बुहारीमा परिवतर्न गराउँछ । विवाह प्रश्चातम महिलाहरुको हैसियत र भूमिकामा परिर्वतन आइ कर्तव्य र कामको भार बढाउँदछ । वैवाहिक स्थितिले नै महिलाहरुलाई पुरुष निर्भर बनाउँदछ किन भने उनीहरुको सम्पत्तिमाथीको अधिकार पुरुषबाट वा उसको परिवारबाट प्राप्त हुन्छ । पुरुषहरुलाई भने जन्मदै अधिकार प्राप्त हुन्छ । त्यस्तै गरी कम उमेर वा उमेर पुगेपछि विवाह हुने अवस्थाले महिलाको सामाजिक स्थितीलाई दर्शाउदछ । नेपालमा महिलाहरुको कलिलै उमेरमा विवाह गर्ने प्रचलनले प्रजनन् दर सामान्यता बढी देखिएको छ । यसका साथै कलिलै उमेरमा गर्भवती हुनुपर्ने कारणले शिशु र मृत्युदर

पनि बढीरहेको छ । खास गरि सामाजिक र धार्मिक परम्परा अनुसार महिलाहरुलाई चाँडै विवाह गरिदिने अथात् महिनावारी हुनुभन्दा अगाडि विहे गरी जल खान पाए पुन्य प्राप्त गरिन्छ वा ऋण तिरिन्छ भन्ने भनाई पाइन्छ । जसले गर्दा नारीलाई कमजोर बनाइदिएको छ । नारीको पहिलो प्राथमिकता विवाहलाई र दोस्रोमा शिक्षा र रोजगारीलाई दिएको छ (आर्चाय १९९७ : ३३) ।

त्यस्तै गरी निर्णय प्रक्रियामा रहेका महिलाहरुको सहभागिता त्यस परिवारमा महिलाको स्थानलाई बुझाउँदछ जति बढी पारिवारिक निर्णय प्रक्रियामा महिलाको सहभागिता हुन्छ । त्यति नै राम्रो स्थान उक्त परिवारमा महिलाको रहेको हुन्छ । निर्णय गर्ने क्षमता मा पनि महिलाहरुको भूमिका एकदमै न्युन नै रहेको देखिन्छ किन कि महिलाहरु अशिक्षित र आयस्रोतको मामिलामा कम संलग्न देखिन्छन् । नेपाल पुरुष प्रधान देश हो जहाँ महिलाहरुलाई निर्णय गर्ने क्षमतामा कम अधिकार दिएको छ । (आर्चाय, १९९७ : ३४) आचार्यका अनुसार महिलाहरुले श्रीमान, सासु, ससुरा, नभएका बखत वा गाउँ छाडेर टाठा गएमा बखत मात्रै निर्णय गर्दछन् । नेपालमा जातिगत विविधताको कारणले परम्परागत हिन्दु परिवार गैर हिन्दु परिवारमा महिलाको हैसियत शक्ति एंव निर्णय गर्ने प्रक्रियमा उनी हरुको सहभागिता अति न्युन रहेको पाइन्छ । हिन्दु समुदाय भित्रै नीति निर्णय लिने प्रक्रियामा महिलाको सहभागिता अति न्युन रहेको छ, परिवारको लगभग ६० प्रतिशत निर्णय हरु पुरुष हरुले मात्र गर्दछन् भने ३५ प्रतिशत सल्लाह गर्दछन् । तर मंगोलियन समुदायमा ७० प्रतिशत निर्णयहरु महिला एक्लैले गर्दछन् यसबाट के प्रष्ट हुन्छ भने जातिगत वा धार्मिक आधारमा सामाजिक हैसियत फरक भएको पाइन्छ (आर्चाय, १९९७ : ३६) ।

पोखरापत्र राष्ट्रिय दैनिक (२०७० मंसिर २८) पत्रिकाबाट जग्गामा नाम मात्रको महिला स्वामित्वको स्थितीलाई उजागर गरेको छ । सुर्खेत/महिलाको नाममा जग्गा

पास गरे राजस्व छुट  पाइने भएपछि मैनतडाकी ललिता सुनारका श्रीमानले उनका नाममा जग्गा पास गरिदिए। तर जग्गा किन्न श्रीमान सगैं गएकी ललिताले आफ्नो नाममा जग्गा पास भएको पत्तो पाइन्न् । आफ्नो नाममा जग्गा हुनु नहुनुमा कुनै फरक नभएकाले उनलाई त्यसप्रति हुने चासो पनि जागेनन्। तीन वर्ष अघि किनेको जमिन बेच्दा वा उपभोग गर्ने अधिकार उनमा थिएन । तीन वर्ष सम्म आफ्नो नाममा भएमो जग्गा श्रीमानले बिक्री गर्न भन्दै उनलाई मालपोत कार्यलय पुऱ्याएपछि मात्र उनले आफ्नो जग्गा श्रीमानले बिक्री गर्न भन्दै उनलाई मालपोत कार्यलय पुऱ्याएपछि मात्र उनले आफ्नो नाममा जग्गा रहेछ भन्ने जानकारी पाइन्। यसै गरी धमखहरेकी ३२ वर्षिय मनसरी बुढाले ५रोपनी खेत आफ्नो नाममा बनाउनुको कारण पनि उस्तै कारण छ महिलाको नाममा सम्पत्ति बनाउँदा राजश्वमा पाइने छुट पाउनु भन्दा अगाडि उनको नाममा उक कौडि पनि सम्पत्ति नरहेको उनले सुनाइन । यी त केही प्रतिनिधि महिला पात्र हुन् । यसरी सरकारी नीतिले भुमिमा महिलाको स्वामित्व बढे पनि यसको भोगचलनको सम्पुर्ण जिम्मा पुरुषको हातमा हुँदा महिलालाई छुटको लागि मात्र प्रयोग गरेको पाउन्छ। भुमिमा दिन रात पसिना बगाउने महिला भएता पनि यसरी आर्जन गरिएको सम्पत्तिको मालिक पुरुषहरु नै हुन्छन् ।

गोरखापत्र अनलाइन कार्तिक ५, २०७६ मंगलवार नेपालको संविधान र त्यसपछि बनेका कानुनले अंश र वंश मा महिलाको हक स्थापित गरेका छन् । राष्ट्रिय जनगणना २०५८ अनुसार नेपालमा करिव १२ प्रतिशत परिवारका महिलाका नाममा घर वा जग्गा को स्वामित्व थियो । सो संख्या २०६८ को जनगणनामा १९.७१ प्रतिशत पुगेको देखिन्छ जस अनुसार शहरी क्षेत्रका २६.७७ र ग्रामिण क्षेत्रमा १८.२ प्रतिशत महिलाको नाममा घर जग्गा वा दुवैको स्वामित्व छ । नेपालको पहिलो लिखित कानुन वि.स १९९० को मुलुकी ऐनले सर्तसहित सम्पत्तिमा समान अधिकार कायम गरेको थियो जसमा ३५ वर्ष उमेर पुगेका महिलाका नाममा

घरजग्गाको स्वामित्व रहेको अनुमान गरेका छन् । त्यसैगरी संविधान र कानुनले आमाको नामबाट पनि नागरिकताको प्रमाणपत्र लिनदिन पाउने व्यवस्था गरेकाले वंशमा पनि महिला अधिकार स्थापना भएको छ ।

## २.२ सम्पत्तिमा पहुँचबारे नेपाली कानूनी विकाश

**क) मुलुकी ऐन २०२० मा महिलाको सम्पत्तिमाथी पहँचुको सम्वन्धमा भएका व्यवस्थाहरु** महिलाले प्राप्त गर्ने सम्पत्तिलाई दुई भागमा विभाजन गर्न सकिन्छ । जसमा स्त्रीधन र स्त्रीअंशधन पर्दछन् ।

**स्त्रीधन** भित्र दाइजो, स्वआर्जन, दानउपहार, पेवा डोलाजी बसी प्राप्त गरेको सम्पत्ति पर्दछन् जसअन्तरर्गतका धनहरु महिलाले आफूखुसी गर्न पाउने व्यवस्था छ ।

**स्त्रीअंशधन :** महिलाहरुले पति पिता बाट प्राप्त गरेको सम्पत्तिलाई स्त्री अंशधन भनिन्छ त्यसैगरी अशं पाउने अवस्थाहरु निर्धारण गरिएका हुन्छ हुन्छन् ति अवस्था विद्यमान भएमा अंश प्राप्त गर्दछन् ।

पैत्रिक सम्पत्तिमा छोरा र पुरुषको अंश अधिकार जन्मसिद्ध हुने तर महिला वा छोरीको विभिन्न अवस्था वा शर्त पुरा भएमा मात्रै प्राप्त गर्ने त्यसरी सम्पत्तिमा पनि पूर्ण अधिकार नरहने त्यस्तो भोगचलन गर्न पाउने बेचविखन गर्न पाउने अधिकार छैन । यसरी अंशवापत प्राप्त गरेको सम्पत्ति महिलाहरु चलमा सबै वा अचलमा आधासम्म मात्रै आफूखुसी गर्न पाउने अंशाधिकार महिलालाई प्राप्त छ । विवाह नभएकी छोरीलाई ३५ बर्ष पुगेपछि आफ्नो अंश पाउछन्, जुन छोराछोरीलाई बराबर हुन्छ । अंशप्राप्त गरेपछि विवाह भएमा विवाह खर्च पर सारी हकवाला अंशियारालाई फिर्ता गर्नुपर्दछ । छोरीले प्राप्त गरेको अंश चलमा सबै र अचलमा आधासम्म मात्र आफू खुस गर्न पाउँछिन् । त्यसैगरी लोग्नेले द्रोस्रो विवाह गरी पहिलो श्रीमतीलाई हेला गरी खान लाउन नदिई घरबाट निकाला गरेमा वा लोग्नेले बराबर कुटपिट गरेमा वा लोग्ने ले बारम्वार कुटपिट गरेमा वा दु :ख दिएमा त्यस्ता स्वास्नीले चाहेमा लोग्नेबाट अंशलिई बस्न पाउछन् ।

## ख) संवैधानिक व्यवस्था

महिलालाई महिलाको हक र सम्पत्तिमाथीको स्वामित्व बढाउनका लागि संवैधानिक व्यवस्था गरिएको छ । प्रत्येक राष्ट्रले आफ्ना नागरिकलाई सम्पत्ति आर्जन गर्न बेचविखन दन्दा उपहार दिने अधिकार प्रचलित कानून अनुसार प्रदान गर्दछ । नेपालमा पनि मुल कानूनी संविधान २०४७ धारा १७ मा सम्पत्ति सम्वन्धी व्यवस्था गरेको र अन्तरिम संविधान २०६३ को धारा २० र २१ ले क्रमश सम्पत्ति महिलाहक भनि व्यवस्था गरेको छ। नेपालको संविधान २०७२ को धारा २५ मा पनि सम्पत्तिको हक सम्वन्धी व्यवस्था गरेको छ। त्यसै गरी धारा ३८ मा महिलाको हकमा सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पत्तिको समान हक हुनेछ भनी व्यवस्था गरिएको छ।

(२५) सम्पत्तिको हक :(१) प्रत्येक नागरिकलाई कानुनको अधिनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यबसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ ।

(२) सार्वजनिक हितका लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति ग्रहण गर्ने, प्राप्त गर्ने, वा त्यस्तो सम्पत्तिउपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन ।

(३) उपधारा (२) बमोजिम सार्वजनिक लागि राज्यले कुनै पनि व्यक्तिको सम्पत्ति अधिग्रहण गर्दा क्षतिपूर्तिको आधार र कार्यप्रणाली ऐनबमोजिम हुनेछ ।

(४) उपधारा (२) र (३) को व्यवस्थाले भूमिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न, कृषिको आधुनिकिकरण र व्यबसायिकरण, वातावरण संरक्षण, व्यवस्थित आवाश तथा शहरी विकाश गर्ने प्रयोजनका लागि राज्यले कानुनबमोजिम भूमि सुधार, व्यवस्थापन र नियमन गर्न बाधा पर्ने छैन ।

(५)उपधारा (३) बमोजिम राज्यले सार्वजनिक हितका लागी कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गरेकोमा त्यस्तो सार्वजनिक हितको सट्टा अर्को कुनै सार्वजनिक हितका लागी त्यस्तो सम्पत्ति प्रयोग गर्न बाधा पर्ने छैन । (नेपालको संविधान २०७२)

(३८) महिलाको हक : (१) प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशिय हक हुनेछ ।

(२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थसम्बधी हक हुनेछ ।

(३) महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारिरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसात्मक कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानूनबमोजिम दण्डनीय हुनेछ र पिडितलाइ कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

(४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्दान्तको आधारमा सहभागि हुने हुनेछ ।

(५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकरात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।

(६) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पत्तिको समान हक हुनेछ ।

## ग) महिलाको अंश हक सम्वन्धमा मुलुकी देवानी संहिता ऐन २०७४ मा भएका व्यवस्थाहरु

छोरीले हरु अशियार सरह अशं छुट्याई लिन पाउने,अशं नहुदै पतिको मृत्यु भएमा निजले पाउने अशं पत्नीले पाउने, पतिले पत्नीलाई इज्जत आमद अनुसार खान, लाउन र आवश्यकता अनुसार उचित शिक्षादीक्षा र स्वास्थ्य उपचारको व्यवस्था नगरे अंश लिन पाउने,बाबु आमाले छोरीलाई इज्जत आमद अनुसार खान, लाउन र आवश्यकता अनुसार उचित शिक्षादीक्षा र स्वास्थ्य उपचारको व्यवस्था नगरे अंश लिन पाउने,विधवा स्वास्नी मानिसले चाहेमा आफ्नो अंश लिई भिन्न हुन पाउने,वैवाहिक सम्बन्ध विच्छेद हुने भएमा अंश लिन पाउने,पतिले अर्को पत्नी ल्याएमा वा राखेमा पतिको अंशबाट आफ्नो अशंभाग छुट्याई लिन पाउने,सासु ससुरा समेत भई वा पतिले मात्र खान लाउन नदिई घरबाट निकाला गरेमा वा बराबर कुटपिट गरी दुःख दिने गरेमा त्यस्तो पत्नीले पतिको अशंबाट आफ्नो अंशभाग छुट्याई लिन पाउने,सासु ससुराले मात्र बुहारीलाई निकाला गरेको अवस्थामा इज्जत आमद अनुसार खान लाउन पाउने,फैसला बमोजिम अंश,रकम

वा खर्च पाउने भएकी स्वास्नी मानिसले अशं रकम वा खर्च नपाएमा सो व्यहोरा खुलाई मुद्दा छिन्ने अड्डामा दरखास्त दिनुपर्ने र अड्डाले अंश रकम वा खर्च नदिनेलाई पाँचहजार रुपैया सम्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै सजाय गरी फैसलाबमोजिम यथासक्य छिटो अंश रकम वा खर्च दिलाईदिने , अशं लिइसकेकी छोरीको विवाह भएमा पनि अशं वापत निजले प्राप्त गरेका सम्पत्तिमा निजको नै हक कायम हुने,(सर्वोच्च अदालत न्यायमा पहुँच आयोग) ।

**निजी सम्पत्ति मानिने** : कुनै व्यक्तिको नाममा रहेको देहायको कुनै सम्पत्ति वा त्यसबाट बढे बढाएको सम्पत्ति त्यस्तो व्यक्तिको निजी सम्पत्ति मानिनेछ । आफ्नो ज्ञान, सीप वा प्रयासबाट आर्जन गरेको, दान, बकस वा अपुताली स्वरुप प्राप्त गरेको, चिठ्ठा वा उपहार स्वरुप प्राप्त गरेको, पारिश्रमिक उपदान, निवृतिभरण उपचार खर्च, सञ्चय कोष, वीमा वा अन्य सामाजिक सुरक्षण वापत प्राप्त गरेका, वैद्धिक सम्पत्ति वा रोयल्टी स्वरुप प्राप्त गरेको, कानुन बमोजिम मानो छुट्टिई भिन्न बसेको अवस्थामा वा त्यसरी मानो नछुट्टिए पनि उपतिआफ्नो आफ्नो गरी खानु बस्नु गरेको अवस्थामा जुनसुकै तरवरले प्राप्त गरेको, महिलाले विवाहपुर्व आर्जन गरेको, प्राप्त गरेको वा विवाह हुदाँका वखत माईतीबाट प्राप्त गरेको वा त्यसबाट बढेबढाएको, महिलालाई पति वा पति तर्फका सबै अंशियारहरुहरुको मञ्जुरीले निजको एकलैटी हक हुने गरी लिखत गरी दिएको वा पति तर्फका नातेदार वा इष्टमित्रबाट प्राप्त चल वा अचल सम्पत्ति र त्यसबाट बढे बढाएको सम्पत्ति, कानून बमोजिम कुनै व्यक्तिको मात्र निजी सम्पत्ति हुने उल्लेख गरेको,कुनै पनि व्यक्तिले वा महिलाले आफ्नो निजी सम्पत्ति यस संहिताको अधिनमा रहि आफूखुसी गर्न पाउनेछ ।

**संगोलको सम्पत्ति मानिने :** संगोलका अंशियारहरुमध्ये जुनसुकै अंशियारको नाममा रहेको भए पनि देहाएको कुनै सम्पत्ति वा त्यसबाट बढे बढाएको सम्पत्ति संगोलको सम्पत्ति मानिनेछ । पुख्यौलीबाट प्राप्त सम्पत्ति, निजी सम्पत्ति बाहेक अंशियारको नाममा रहेको अन्य सम्पत्ति अंशियारले संगोलको खेती, उद्योग, व्यापार व्यवसायबाट आर्जन गरेको वा सो बाट बढे बढाएको सम्पत्ति,कानून बमोजिम भिन्न भएकोमा बाहेक पति वा पत्नीले कमाएको वा त्यसवाट बढे वा बढाएको सम्पत्ति पति वा पत्नीको संगोलको सम्पत्ति हुनेछ र वाबु आमा र छोरा छोरी वीच अंशवण्डा गर्ने प्रयोजनको लागी वावु आमाले आर्जन गरेको सम्पत्ति समेत सगोलको सम्पत्ति मानिनेछ ।

महिलाहरुले गरेको आन्दोलनको फलस्वरुप नेपालको संविधान र मुलुकी देवानी संहिता ऐन २०७४ र मुलुकी देवानी कार्याविधी ऐन २०७४, र अरु धेरै ऐन,कानुन, नियमहरुको व्यवस्था भयो । यसरी कानूनमा महिलाका सम्पत्ति अधिकारका व्यवस्थाले गर्दा नेपाली समाजमा महिलाहरुको पारिवारिक सम्पत्तिमाथीको पहुँचको अवस्था बढेको छ । त्यसैगरी अध्ययन क्षेत्रका विवाहित महिलाहरुको पारिवारिक सम्पत्तिमाथी पनि प्रत्यक्ष रुपमा सकरात्मक असर परेको छ । महिलाहरुको पारिवारिक सम्पत्तिमा पहुँच वृद्धि हुनुको मुख्यकारण नै कानुनी व्यवस्था हो ।

## २.३ पूर्व अध्ययन समिक्षा

नेपाली समाजमा महिलाको स्थिति धेरै तल र दयनीय अवस्थामा रहेको पाइन्छ । विश्वका अन्य मुलुकका महिलाहरुभन्दा निकै माया र दयाको अवस्थामा रहेको पाइन्छ । महिलाहरुविरुद्व हुने विभिन्न भेदभावले गर्दा महिलाको सम्पत्तिमाथीको हक कानूनी रुपमै त्यति व्यवस्थित नभएको पाइन्छ । तर प्राचिन कालमा हिन्दु महिलालाई देवीको रुपमा पूजा गरिन्थ्यो यद्यपी आजका दिनमा पनि हिन्दु धर्ममा

जन्मदेखि मृत्यु संस्कार विभिन्न चाडपर्वमा देवीदेवताका रुपमा पूजा गरिन्छ । किनभने हाम्रो देश नेपालमा धेरैपछि मात्र राजनैतिक परिवर्तन भएकाले महिलाहरुले सम्पत्तिमाथी अधिकार पाएका थिएनन् यसैले आफूखुसी केहि गर्न पाउँदैनथे, महिलाहरुले पढ्न हुँदैन भन्ने मान्यता थियो । बोल्न र घरबाहिर जान मनाहि थियो, त्यसैले गर्दा महिलाहरुले आफ्नो अधिकारको विषयमा बोल्न त के कुरा केहि सिक्न समेत पाउँदैनथे ।

यस्ता धेरैखाले दमन र विभेदका बाबजुत पनि पछिल्लो समयमा आएर महिलाअधिकारले विश्वव्यापी आन्दोलनको स्वरुप ग्रहण गरिसकेको छ । महिला सशक्तिकरण महिलाहरुको चर्चा र बहसको विषयको रुपमा रहँदै आएको छ । मूलत सशक्तिकरणलाई प्रभाव पर्ने सम्पत्तिमाथि पहुँच सम्बन्धी विषय अतिनै पेचिलो बन्दै आएको छ । यसै क्रममा विभिन्न मुलुकहरु लगायत नेपालमा पनि विभिन्न कानूनी व्यवस्थाद्वारा महिलाको सम्पत्ति सम्बन्धी व्यवस्थालाई सुरक्षित गर्ने प्रयासहरु क्रमश हुँदै आइरहेका छन् । यसै त जनसंख्याको आधा हिस्सा ओगट्ने महिलाको सम्पत्तिमाथीको पहुँच सम्बन्धी सबल एक अनुसन्धानको विषय बन्न पुगेको छ । यसै सन्दर्भमा यस विषयमा थुप्रै खोज अनुसन्धान समेत भए गरेको पाइन्छ । यस सोध कार्यमा अनुसन्धान एवं रचनाहरुसमेतलाई सामाग्रीको रुपमा लिइएको छ ।

महिलाहरुको सम्पत्तिमाथीको अधिकारलाई टाठाबाठाले चलाएको अभियानले ग्रामिण महिलाहरुको मुद्धालाई ओभ्फेलमा पारेको देखिन्छ । ग्रामिण क्षेत्रका लाखौ मानिस गरिवीको रेखामुनी छन् । जसको पैतृक सम्पत्ति छैन भने ति महिलाहरुलाई पैतृक सम्पत्तिमाथीको अधिकार के अर्थ रह्यो र विद्यमान कानूनअनुसार महिलाहरुलाई दुई कानूनी हैसियत रहेको छ । अविवाहित छोरी विशेषज्ञहरुको धारणा उल्लेख गर्दै भनेका छन् । नेपाल जस्तो विकासोन्मुख देश

गरिवी रेखामुनी अधिकांश जनता रहेको देशमा पैतृक सम्पत्तिमाथीको अधिकारको केनै अर्थ रह्यो र, केहि उच्च धनी वर्ग महिलाहरुको फाइदा होला, अन्यको लागि भने अझ बढी भन्दछन् कि समस्याको जड भनेको विद्यमान पारिवारीक र वैवाहिक प्रणालीलाई अझ बढी भार थपिने निश्चय छ। ( पौडेल, २००१:५५ )।

महिलाहरुलाई छोरा सरह महिलालाई अधिकार दिंदा परम्परागत पारिवारीक संरचना नै नराम्रोसँग प्रभावीत हुने उल्लेख गरेका छन् । छोरीलाई विवाह गरेपछि पतिको सम्पत्तिमा कानूनी हक लाग्ने व्यवस्था विद्यमान छँदैछ, सो अवस्था छोरीलाई बाबुको सम्पत्तिमा अधिकार दिंदा महिलालाई सम्पत्तिमाथीको दोहोरो अधिकार पर्न जान्छ । महिला र पुरुषबीचको सम्पत्ति हकको सम्बन्ध कुनै विभेदपूर्ण व्यवस्था नरहेको धारणा राख्दछन् र प्रणालीको संरचना नै हो र छोरीलाई अंश अधिकार दिइएको अवस्थामा दाइजो प्रणालीलाई अझ बढी प्रोत्साहन गर्ने धारणा राखेका छन् । (शर्मा, २०५५ : ३९) ।

दराईं जातीका परिवारमा महिलाहरु घरधन्दा पशुचौपाय स्याहार सुसार र मेलापाताका काम गर्ने गर्दछन् भने पुरुषहरु वैदेशीक रोजगार, सरकारी संघसंस्था, शिक्षण सेवा तथा ज्याला मजदुरी पेशामा लागेका छन् । उक्त क्षेत्रका दराईं जातीका जिवीकोपार्जनको मुख्य पेशा कृषि मानिने भएतापनि आजभोली बढ्दो जनसंख्या र जमिनको खण्डीकरण र परम्परागत कृषि प्रणाली भएको हुँदा कृषि उत्पादनले मात्र परिवार धान्नेको संख्या निकै कम छ । अधिकांश परिवारको घरायसी खर्च विभिन्न पेशा अपनाएका पुरुषहरुको कमाईलेनै चल्ने गर्दछ । हिन्दु धार्मिक मान्यता रहेको उक्त दराई परिवारमा छोराछोरीको शिक्षामा भेदभाव गरी छोरीलाई घरायसी काममा लगाउने गर्दा धेरैजसो महिलाहरु अशिक्षित रहेका छन् । त्यस्तै केहि पढ्न पाएकाहरु पनि बीचमै पढाई छाडी आफै विवाह गर्ने तथा केहि बाबुआमाले पढ्दापढ्दै बिचमै विवाह गरिदिएका र विवाहपछि पारिवारीक जिम्मेवारबाट माथी उठ्न नसकी

पढाईलाई निरन्तरता दिन नसकेमा र सिप क्षमताको विकास गर्न नसकेका कारण पनि अधिकांश महिलाहरुले बाहिरी पेशा अपनाउन सकेका छैनन । अर्कोतिर पितृसतात्मक सोंचमा आधारित उक्त दराईं समुदायमा परिवारमा महिलाको घरपरिवार सम्हाल्नुपर्दछ र पुरुषहरु बाहिरी आयआर्जन गरी परिवार पाल्नुपर्दछ भन्ने मान्यताले जरो गाडेको हुँदा पनि महिलाहरु घरायसी कार्यहरुप्रतिनै बढी उत्तरदायी रहनुपर्ने भएको हुँदा आयआर्जन पछाडि छन् । जसका कारण आर्थिक रुपमा पुरुषनै परेका छन् । महिलाहरुको नाममा चल, अचल सम्पत्ति केहि भयो भने जीवनमा सुरक्षित अनुभव मिल्नुका साथै उनीहरुको स्थान दरो हुने तथा निर्णय अधिकार रहने विचार महिलामा रहेको भएता पनि पितृसत्तात्मक पारिवारीक संरचना रहेको उक्त समुदायमा पैतृक सम्पत्तिमाथी महिला पुरुषको अधिकार बराबर रहने व्यवस्था भएपनि अहिलेसम्म उक्त क्षेत्रका महिलाहरुको पैतृक सम्पत्तिमाथी पहुँच व्यवहारिक रुपमा पुगेको छैन । त्यस्तै उत्पादनका साधन स्रोतमा पुरुषहरुको स्वामित्व रहेको हुँदा महिलाहरु आयआर्जनमा पछाडि परेका छन् । तर केहि परिवारमा नगन्य मात्रामा भएपनि महिलाहरु विभिन्न पेशा अपनाएर केहि आर्जन गर्न सफल भएका छन् । महिलाहरुले गरेका यस्ता स्वआर्जनका सम्पत्तिमा उनीहरुको नै स्वामित्व रहेको छ । साथै ति महिलाहरु अन्य महिलाको तुलनामा निर्णयमा पनि अगाडि रहेका छन् । (पौडेल, २०७० : २८) ।

इतिहासको अध्ययन गर्दा प्राय सबै बुर्जुवा वर्गको हित रक्षा गर्ने गरेको पाइन्छ । विवाह परिवार उत्तराधिकारी सम्बन्धी कानून पितृसत्तात्मक सम्पत्ति नियन्त्रणसँग गासिएको छ । दक्षिण एसियाका सबै देशमा बच्चाहरुको संरक्षक, सम्पत्तिको मालिक, परिवार प्रमुख मानिन्छ । महिलाहरुलाई पुरुषसरह अधिकार भने पनि ३३ प्रतिशत व्यवस्था गरेपनि अधिकांश ठाउँमा पुरुष अधिपथ्य रहेको पाइन्छ । पुरुष सरह भएपनि भूमिसम्बन्धी ऐन अनुसार मोहीयानी हक पाउनको लागि अविवाहित छोरीले ३५ वर्ष पुगेको हुनुपर्ने व्यवस्था गरिएको छ । वैदेशिक रोजगारीमा जानको लागि लोग्ने

छोरी, छोरासँग स्वीकृति लिनुपर्ने विद्यमान व्यवस्थाले गर्दा नेपाली महिलाहरुले पूर्ण हक पाएका छैनन् । (मुलुकी ऐन, २०७०)

हाम्रो सामाजिक परिवेशमा यतिहासिक परम्परा आर्थिक परनिर्भरता जस्ता कारणले महिलाहरुले पुरुषसरह अधिकार उपभोग गर्न नपाएकाले समाजमा भएको प्रतिकुल असर पर्ने खालको परम्परा सामाजिक रितीरिवाज मूल्य मान्यता बदली राम्रा मान्यता राखी नराम्रा बदल्नु आवश्यक छ । विगतका महिला अवस्थाभन्दा आज महिला अवस्था राम्रो भएको तर पनि अपुरो नै देखिन्छ । अतः नेपाली महिलाले आफूलाई प्राप्त भएको संवैधानिक अधिकार उपभोग गरी आफ्नो सहभागिता राज्यका सबै तह तप्कामा लिई राष्ट्रिय विकासमा लगाउन सक्रिय र सचेत हुनुपर्ने दायित्व आजका महिलामा हुनु आवश्यक देखिन्छ। महिलाको अधिकार केवल पुरुष वर्ग विरुद्ध नभई सम्पूर्ण समाजको हितको लागि हो भन्ने कुरा समाजको तल्लो तहदेखि उपल्लो वर्गका सबैलाई राम्रोसँग बुझाउन सक्नुपर्दछ। यसरी नारी र पुरुष एक रथका दुई पाग्रा हुन् प्रमाणित गर्दै समाज र राष्ट्र विकासमा आफ्नो अधिकार लिंदै दायित्व पुरा गर्दै देश विकासमा टेवा पुऱ्याउनु पर्दछ । महिलाहरुले अनि मात्र हाम्रो देशमा केहि गर्न सकिन्छ । यसका लागि महिलाहरु आस्थाभन्दा माथी उठेर एक हुनु जरुरी छ । (घिमीरे, २०७१ : २२) ।

पुर्ख्यौली सम्पत्ति वा अंश यदी महिलाहरुलाई अलग राखेर हेर्ने हो भने मुख्यतया किरिया बस्नेले प्राप्त गर्दछ । घरको मूल पुरुषको मृत्युपछि अशं पाउनेहरुको क्रम रहने गर्छ । यस्तो अंशका दावेदारहरु कमिक रुपमा एकको अनुपस्थितीमा अर्कोले प्राप्त गर्नेगर्छ । यस्तो कमतामा क्रमिक रुपले श्रीमती (छोरा बराबर समान हैसियतमा), छोराहरु, छोराका छोराहरु ,छोराका श्रीमती, छोरी (मृतकको दाजुभाइको सहमतिमा), दाजुभाई, दाजुभाईका बच्चाहरु रहेका छन् । महिलाको मृत्यु भएमा उत्तराधिकारीको कमता कमिक रुपले छोराहरु,छोराका छोराहरु, छोरी

(श्रीमानका दाजु दाजुभाईको सहमतिमा), श्रीमानका दाजुभाईहरु, श्रीमानका दाजुभाईहरुका बच्चा र आफ्ना दाजुभाईहरु रहन्छन् (Bennett,1983)।

गुरुङ्ग समुदायमा रहेको पैत्रिक सम्पत्ति लगाएतका अन्य सबै चल अचल सम्पत्तिमा लगाएतका अन्य सबै चलअचल सम्पत्तिमाथी पुरुषहरुक नै स्वामित्व रहेको छ। तर महिलाले माइतीबाट प्राप्त गरेको दाइजो पेवावापत तथा स्वाआर्जनका सम्पत्तिमा भने महिलाहरुको स्वामित्व स्थापित हुन नसकेको कारण उनीहरुको बढी योगदान रहेको घरधन्दा, केटाकेटीको हेरचाहार लगाएतका अन्य आर्थिक , निणर्यमा महिलाहरु पछाडि रहेका छन्। तर अर्न्यहरु सन्तान उत्पादन , शिक्षा , विवाह , घरायसी सामान खरीद घर भित्रका खाना भान्सा , मेलापात , सामाजिक कार्यामा निर्णयहरुमा महिलाहरु अगाडि रहेका छन्। (गुरुङ्ग , २०७२)

जब सम्पत्तिमा निजी सम्पत्तिको प्रचलन सुरु भयो सबै भन्दा पहिले पुरुषहरुले यो सम्पत्ति कसमा हस्तान्तरण हुने भनेर घिनलाग्दो प्रश्न गरे। यस भन्दा पहिले करोडौं वर्षसम्म पनि यो घिन लाग्दो प्रश्न उठेको थिएन। त्यति बेला सबैलाई कसरी बाँच्ने भन्नेमात्रै थियो । पुरुषहरुले सम्पत्ति हस्तान्तरणको सवाल किनभने उनीहरु सत्ताको पछिपरेका थिए (भासिन, २००४ : ६)।


कतिपय समाजमा महिलाहरु उत्पादन कार्यमा प्रत्यक्ष संलग्न भई उनीहरु स्वयंले आयआर्जन गर्न सक्ने भएका कारण कम्तीमा पनि कमाईको परिचालन गर्न सक्ने अवस्थामा ति देशका महिलाहरु रहेका छन्। तर नेपाली समाजमा जहाँ प्रसस्त लैङ्गिक विभेद समाजमा महिला र पुरुषलाई फरक-फरक भूमिका गरिएका कारण प्रतिष्ठित एवं आयआर्जन हुने कार्यमा पुरुषको वाहुल्यता, कम प्रतिष्ठित बोझिला र कम आय आर्जन हुने र बढी समय लाग्ने काममा महिलालाई खटिनुपर्ने बाध्यता छ । उत्पादन अवस्थामा महिलाहरुलाई दोस्रो दर्जाको रुपमा वा

पुरुषको सहयोगीका रुपमा हेर्ने कारणले महिला पुरुषको पहुँच उत्पादन संयन्त्रमा पुग्न सकेको छैन । यसैले उनीहरुले आफ्नो कमाई गर्न सक्ने छैनन् । परिणामस्वरुप सम्पत्तिको परिचालन पनि उनीहरुले गर्न सकेका छैनन् । नेपालमा पुरुषको तुलनामा महिलाको स्थिति र भूमिका अत्यन्तै न्यून भएको पाइन्छ । सामाजिक, शैक्षिक आर्थिक र नीति निर्माण जस्ता क्षेत्रमा पुरुषनै अधिपथ्य रहेको छ । पुरुषको तुलनामा महिलाहरु समान हुन नसक्नुको प्रमुख कारणमध्ये सम्पत्तिमाथीको स्वामित्वको अभाव पनि एक हो (स्त्रीशक्ति, २००४: १३) ।

## २.४ अवधारणात्मक ढाँचा

अध्ययन अनुसन्धानको क्रममा एउटा अवधारणा विकास हुन्छ, जसले शोधपत्रलाई निश्चत दिशा प्रदान गर्दछ । कुनै पनि घटना तत्कालिन परिस्थितिको उपज मात्र नभई त्यस घटनालाई सामाजिक व्यवस्थाका अन्य तत्वहरुले प्रभाव पारेको हुन्छ । यिनै तत्वहरुको पहिचान गरी सुश्म विश्लेषणबाट स्पष्ट्र सैदान्तिक खाका प्रस्तुत गर्नु पनि यो शोधपत्रमा महत्वपुर्ण मानिन्छ ।

चित्र नं २.१ अवधारणात्मक ढाँचा




परिवर्त्यहरु अन्य कुनै परिवर्त्यमा आधारित हुन्छन् भने तिनीहरुको आधारमा परिर्वतन वा स्थिर हुने गर्दछन् भने यस किसिमका परिवर्त्यहरुलाई आश्रित परिवर्त्य भनिन्छ । परिवर्त्यहरु अन्य परिवत्यको परिवर्तनको असरबाट प्रभावित हुर्दैनन् भने यिनीहरुलाई स्वतन्त्र परिवर्त्य भनिन्छ। माथीको अवधारणात्मक ढाँचामा आश्रित चर सम्पत्तिमाथीको स्वामित्व रहेको छ। स्वतन्त्र चरहरुमा शैक्षिक स्थिती र चेतना, रोजगारीको अवस्था, दाइजो वा पेवाको स्थिती, एकल वा श्रीमान सगैं भएको अवस्था, पैत्रिक सम्पत्तिको स्थिती, श्रीमान वैदेशिक रोजगारीको अवस्था रहेका छन् । यसरी स्वतन्त्रहरुको अवस्थाहरुले विवाहित महिलाहरुको पारिवारिक सम्पत्तिमाथीको स्वामित्वलाई मजबुत बनाएको छ। स्वतन्त्र चरहरुले विवाहित महिलाहरुको सम्पत्तिमाथीको स्वामित्व बढाएको छ।

## २.५ विश्लेषणात्मक अवधारणा

### क) सम्पत्तिमाथी महिलाहरुको स्वामित्वको स्थिती

☑ पैत्रिक सम्पत्तिमा

☑ दाइजोमा

☑ निजी सम्पत्ति वा पेवामा

☑ व्यपारमा

☑ दैनिक ज्यालामा

☑ घरायसी अन्य आम्दानीमा

☑ नोकरीमा

☑ वैदेशिक रोजगारीमा

☑ छोराछोरीको कमाईमा

☑ स्वाआर्जनमा

यस अध्ययनले अध्ययन क्षेत्रका विवाहित महिलाहरुको सम्पत्तिमाथीको स्वामित्वको स्थिती विश्लेषण गर्न माथी राखियका १० वटा शिर्षकहरु पैत्रिक सम्पत्ति, दाइजो, निजी सम्पत्ति वा पेवा व्यापार, दैनिक ज्याला, घरायसी अन्य आम्दानी, नोकरी, वैदेशिक रोजगारी छोराछोरीको कमाई र स्वाआर्जन राखिएको छ ।

### ख) पारिवारिक सम्पत्ति परिचालनममा विवाहित महिलाहरुको भुमिका

☑ छोरा छोरीको शिक्षामा सम्पत्ति परिचालनमा महिलाको भुमिका

☑ सामान खरिदमा

☑ अन्य सम्पत्ति खरिदमा

☑ खाना र भान्सामा

☑ किनबेचमा

यस अध्ययनले अध्ययन क्षेत्रका विवाहित महिलाहरुको सम्पत्ति परिचालनमा भूमिकाको अवस्था चित्रण गर्न माथीका किनबेचमा शिर्षकगत रुपमा विश्लेषण गरिएको छ ।

# अध्याय : तीन

# अध्ययन विधि

## ३.१ अध्ययन क्षेत्र छनोटको औचित्व

विगतदेखि वर्तमान परिवेश सम्ममा आउदा महिलाको पारिवारिक सम्पत्ति सम्वन्धका विषयमा आवाज उठेको पाइन्छ । संविधान, कानुन, ऐनमा महिला अधिकारका बारेमा पनि व्यवस्था गरिएको छ। यति हुदाँहुदै पनि पारिवारिक सम्पत्तिमा महिलाको पहुँच न्युन देखिन्छ । हाम्रो समाज पितृसत्तात्मक समाज भएर नै पनि पारिवारिक सम्पत्ति पुरुषको नियन्त्रणमा छ । यसरी पारिवारीक सम्पत्तिमाथी महिलाको पनि स्वामित्व समान हुनुपर्दछ । ग्रामिण परिवेशबाट गुज्रिदै आएको नेपाली समाजमा पारिवारिक सम्पत्तिमा महिलाका अवस्था कस्तो छ ? सम्पत्तिका अधिकारका सम्वन्धमा कतिले बुझेका र यसको प्रभावका बारेमा के कस्तो पतिक्रिया पाउन सकिन्छ भन्नको लागी नै यो विषय छनोट गरिएको थियो। महिलाको सम्पत्ति माथी पँहुच र समान सम्पत्तिको धारणा बारेमा जानकारी प्राप्त यसको व्यवहारिक कठिनाई र प्रभावका सम्वन्धमा पोखरा महानगरपालिका वडा न ३० को चोखीमाटी टोलका महिलाहरुको पारिवारीक सम्पत्तिमाथीको पहुँच र सम्पत्ति परिचालनमा भूमिका बारेमा जानकारी प्राप्त गर्ने उद्देश्यले यस विषय छनोट गरिएको थियो । अधिकार सम्पत्ति एक अर्काका अन्योलाश्रित विषय भएको र एकको अभावमा अर्काको अस्तित्व समाप्त हुन्छ। तसर्थ सम्पत्ति र अधिकार जस्तो शीर्षक छनोट थियो ।

## ३.२ अनुसन्धान ढाँचा

यस अध्ययनमा वर्णनात्मक ढाँचा अवलम्वन गरिएको छ । यस अध्ययन क्षेत्रका विवाहित महिलाहरुवाट नमुना छनोटमा परेका विवाहित महिलाहरुवाट सुचना संकलन गरी उनीहरुको परिवारमा सम्पत्तिमाथीको महिलाको पहुँचका बारेमा उत्तरदाताहरुले व्यक्त गरेका भनाईलाई गहिराइमा पुगेर वर्णन गर्ने कार्य गरिएको थियो ।

## ३.३ नमूना छनौट विधि

महिलाहरुको पारिवारीक सम्पत्तिमाथीको पहुँच तथा सम्पत्ति परिचालनमा भूमिका बारेमा अध्ययन गर्नका लागि कास्की जिल्लाको पोखरा महानगरपालिका वडा नं. ३० को चोखीमाटी टोलका विवाहित महिलाहरुलाई लिइएको छ। चोखीमाटी टोलमा जम्मा १२५ घरधुरी रहेको छ र तिनै १२५ घरधुरी यस अध्ययनको समग्रता वा जनसंख्याको रुपमा मान्ने र त्यसमध्येबाट सामान्य दैविक नमुना छनोट विधिद्वारा ८५ वटा घरधुरीलाई यस अध्ययनको नमुनाको रुपमा लिइएको छ । ८५ घरधुरी परिवारका विवाहित महिला मानेर प्राथमिक तथ्याङ्क संकलन गरिएको थियो ।

## ३.४ तथ्याङ्कको स्रोत र प्रकृति

यस अनुसन्धानमा प्राथमिक र द्वितीय स्रोतबाट तथ्याङ्क र सूचनाहरु संकलन गरिएको छ। प्राथमिक स्रोतबाट तथ्याक संकलन गर्नका लागि अर्न्तवार्ता, अनुसूचि, मुख्य सुचनादाताको छलफल, अवलोकन र व्यक्तिगत अध्ययन विधिहरु अपनाइएको थियो। यस्तै द्वितीय प्रकृयामा तथ्याङ्क संकलन गर्न विभिन्न लेख, रचना, समिक्षा प्रकाशन जस्ता स्रोतबाट सहायत लिइएकोछ । तथ्याङ्कको प्रकृति गुणात्मक मात्रात्मक दुवै खालका छन् ।

## ३.५ प्राथमिक तथ्याङ्क संकलन विधि

### क) अर्न्तवार्ता अनुसूचि

अनुसन्धानको क्रममा उत्तरदाताहरुको लागि एउटा अनुसूचि फारम तयार गरी सो फारम ८५जना महिलाहरुलाई भेटी उनीहरुको अर्न्तवार्ता लिइएको थियो । उक्त फारममा विभिन्न किसिमका प्रश्नहरु राखिएको थियो , जसले उत्तरदाताको सम्पत्तिमाथीको पहुँच तथा निर्णय प्रक्रियामा भूमिका जस्ता विषयहरु समेटिएको छ । यसले सम्पत्ति, परिवारिक तथा सामाजिक अवस्था, राजनैतिक पार्टी, संघसंस्थामा संलग्नता आदी पक्षको उजागर गरेको छ ।

### ख) द्वितिय तथ्याङ्क संकलन विधि

द्वितिय तथ्याङ्क संकलन हरुमा महिलाको सम्पत्ति सम्बन्धि प्रकाशित पुस्तकहरु, संविधान, संहिताहरु, विभिन्न सरकारी संस्थाका प्रतिवेदनहरु, लेख रचना, पत्र पत्रिकामा छापिएका समाचार, ईन्टरनेटबाट प्राप्त गरिएको छ ।

## ३.६ वैयक्तिक अध्ययन

यस विधि अनुसार चोखिमाटी टोलका महिलाहरुमध्ये उद्देश्यमूलक रुपमा परेमा ४ जना महिलाहरुको व्यक्तिगत अध्ययन गरिएको छ। उनीहरुको पारिवारिक जीवन, पारिवारमा रहेको सम्पत्ति तथा निजी सम्पत्तिमा स्वामित्वको स्थिति तथा सम्पत्ति परिचालनमा भूमिका लगायत अन्य विविध पक्षको बारेमा सूचना संकलन गरिएकोछ । यस वैयक्तिक अध्ययनको मुख्य उद्देश्य महिलाहरुको आर्थिक तथा सामाजिक निर्णय र पहुँचको वास्तविक अवस्थालाई उजागर गरी सोध कार्यलाई सत्यताको नजिक पुऱ्याउनु रहेको छ ।

## ३.७ तथ्याङ्क विश्लेषण एवं प्रस्तुतीकरण

अवलोकन, अर्न्तवार्ता अनुसूचि, सुचनादातासँग छलफल वैयक्तिक अध्ययन मार्फत यस अध्ययनको उद्देश्य प्राप्तिका लागि जम्मा गएिका तथ्याङ्कहरुलाई तथ्याङ्कको प्रकृति र विशेषताका आधारमा विश्लेषण र प्रस्तुतीकरण गरिएको । प्राथमिक तथा द्वितीय जुनसुकै स्रोतबाट प्राप्त तथ्याङ्कलई व्याख्यात्मक शैलीमा समिक्षा र विश्लेषण गर्न कोशिस गरिएको छ ।

# अध्याय : चार

# उत्तरदाताहरुको सामाजिक तथा जनसांख्यिक विश्लेषण

यस अध्यायमा शोधार्थीद्धारा निर्मीत निश्चित ढाँचामा रहेका अन्तरर्वाता अनुसुचीबाट प्राप्त तथाङ्कहरुलाई प्रस्तुतीकरण तथा विश्लेषण गरिएको छ ।

## ४.१ उत्तरदाताहरुको सामाजिक तथा जनसांख्यिक विश्लेषण


विश्व मानचित्रमा यस जिल्लाको अवस्थिति २८० ०६" उत्तरी अक्षांशदेखि २८० ३६" उत्तरी अक्षांशसम्म र ८३०४०" पूर्व देशान्तरदेखि ८४०१२" पूर्वी देशान्तरसम्म फैलिएको छ । यस जिल्लाको सिमानामा पूर्वमा तनहुँ र लमजुङ, पश्चिममा पर्वत र म्याग्दी, उत्तरमा मनाङ्ग र मुस्ताङ, दक्षिणमा स्याङ्जा जिल्ला पर्दछन् । यस जिल्लाको कुल क्षेत्रफल २,०१,७०० हेक्टर रहेको छ । यो जिल्लाको आकार वृत्ताकार छ भने फैलाबट करिब ७० किलोमिटरको हवाइ दूरीमा पूर्व-पश्चिम एवं उत्तर-दक्षिण फैलिएको छ । समुद्र सतहदेखि मादी नदीको किनारमा करिब ४५० मिटर, सेती नदीको कोत्रे स्थित गल्छी करिब ५५० मिटर र मोदी नदीको विरेठाँटी नजीक लगभग ९५० मिटर उचाइमा यस जिल्लाको होंचो भाग अवस्थित छ ।

उत्तरको अग्लो अन्नपूर्ण श्रृङ्खला संधै हिउँले ढाकी रहन्छ र ११ वटा विभिन्न हिमशिखरहरू ७,००० मिटरभन्दा बढी उचाइका छन । यीमध्ये अन्नपूर्ण प्रथम ( ८,०९१) मिटर यसै जिल्लाको उत्तर-पश्चिम सिमानामा पर्छ भने अति मनमोहक कुमारी चुचुरा भर्जिन पिक माछापुच्छे हिमाल(६,९९३ मिटर) जिल्लाको उत्तरी मध्य-भागमा पर्दछ । उत्तर तर्फको मनमोहक हिमश्रंखला, सेती नदीको गहिरो गल्छी,

उपत्यका र ताल-तलैया यस जिल्लाका आभूषण हुन् । २०६८ सालको राष्ट्रिय जनसंख्या अनुसार यस जिल्लामा जम्मा घरसंख्या १२५६९३ र कुल जनसंख्या ४९२०९८ छ जसमा पुरुष २३६३८५ र महिला २५५७१३ रहेको छ। यस जिल्लाको जनसंख्या वृद्धिदर २.५७ प्रतिशत रहेको छ भने जनघनत्व २४४ प्रति वर्ग कि.मि. रहेको छ । (सङ्घीय मामिला तथा सामान्य प्रसासन मन्त्रालय, जिल्ला समन्वय समिति कास्की र जिल्ला प्रसासन कार्यालय कास्की)

यहाँका मुख्य बासिन्दाहरुका ब्राहमण, क्षेत्री, गुरुङ, कामी, सार्की, नेवार, मगर, दमाई तामाङ आदि छन् । जिबिकोपार्जनको मुख्य आधार कृषि, वैदेशिक रोजगारी, उद्योग, व्यापार र नोकरी रहेको पाइन्छ । साक्षरता दर तुलनात्मक रुपमा बढी नै रहेको जनसंख्या वृद्धिदर बसाईसराइको कारणले उच्च रहेको कृषि उत्पादनमा ह्रास आउन थालेको आर्थ्कि वृद्धिदर माथी उठ्न कठिनाई भएको देखिन्छ । यहाँ मनाउने प्रमुख चार्डपर्वहरुमा दशौँ, तिहार,ल्लोसार, मातातिर्थ औँसी, साउने संक्रान्ति, श्रीपञ्चमी, कृष्ण जन्माष्ठमी, तिज, रक्षा वन्धन,गाईजात्रा, फागूपुर्णीमा, चैते दशैं आदि छन् । (सङ्घिय मामिला तथा सामान्य प्रसासन मन्त्रालय, जिल्ला समन्वय समिति कास्की र जिल्ला प्रसासन कार्यालय कास्की)

संङ्घिय संरचना अनुसार कास्की जिल्लाको विभाजन साविकका नगर र गा.वि.स का वडाहरुलाई समेटेर १ महानगरपालकिा र माछापुच्छे, अन्नपुर्ण, रुपा, मादी गाँउपालिकामा विभाजन गरिएको छ । यहि महानगरपालिको वडा नं. ३० शिशुवा स्थित चोखीमाटी टोलका १२५ घरधुरी मध्ये ८५ घरधुरीका विवाहित महिलाहरुको पारिवारिक सम्पत्तिमाथीको स्वामित्व पत्ता लगाउन को लागी यस अध्ययन गरिएको छ ।




### ४.१.१ उमेरगत विश्लेषण

सामान्यतया मानिसको उमेरले उत्पादनको क्षेत्रमा ठूलो प्रभाव पार्दछ । ०-१५ वर्ष मुनी र ६० बर्ष भन्दा माथिको उमेर समुहका मानिसहरु बढी उत्पादन मुखि कार्यहरु गर्न सक्दैनन । १५-६० बर्ष सम्मका मानिसहरुको जिम्मेवारी तरिकाले आफ्ना कार्यहरु गर्न र उत्पादन मुखी बनाउन सामर्थवान हुन्छन् । उमेर अनुसार उत्तरदाताहरुको अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तलिका ४.१.

**उमेरको आधारमा उत्तरदाताको विवरण**

| उमेरको आधारमा उत्तरदाता | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| २० वर्ष देखी ३० वर्ष सम्म | १६ | १८.८२ |
| ३० - ४० वर्ष सम्म | ३३ | ३८.८२ |
| ४० - ५० वर्ष सम्म | १९ | २२.३५ |
| ५० वर्ष माथी | १७ | २० |
| जम्मा | ८५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७६

सर्वेक्षण गरिएका ८५ जना उत्तरदाता मध्ये २० देखी ३० वर्षसम्म १६ जना अर्थात १८.८२ रहेका छन् भने ३० देखी ४० वर्षसम्मका ३३ अथात् ३८.८२ रहेका छन् । त्यसैगरी ४० देखी ५० वर्षसम्मका १९ अर्थात् २२.३५ जना र ५० माथी १७ जना रहेको पाइयो । यसरी तालिकामा ३० देखी ४० वर्ष उमेर समुहका उत्तरदाताहरुको बाहुल्यता देखिन्छ ।

### ४.१.२ धार्मिंक मूल्यमान्यताको आधारमा उत्तरदाताको विवरण

धर्मका आधारमा सामाजिक रितिरिवाज, चालचलन, रहनसहन के कस्ता हुन्छन् भन्ने कुरा निर्धारण गर्न सकिन्छ । अध्ययन क्षेत्रमा कुन धर्म मान्ने उत्तरदाताहरु कति रहेछन् भन्ने कुराको विश्लेषण तलको तालिकामा गरिएको छ ।

**तालिका ४.२ धर्मको आधारमा उत्तरदाताको विवरण**

| विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| हिन्दू | ७२ | ८४.७० |
| बौद्ध | ६ | ७.०७ |
| क्रिश्चियन | ३ | ३.५२ |
| हिन्दू र बौद्ध | ४ | ४.७० |
| जम्मा | ८५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७६

माथीको तालिकाबाट यो स्पष्ट हुन्छ की हिन्दू धर्म मान्ने ७२ जना वा ८४.७०, बौद्ध धर्म मान्ने ६ जना वा ७.०५, क्रिश्चियन धर्म मान्ने ३ जना वा ३.५२, हिन्दू र बौद्ध दुवै धर्म मान्ने ४ वा ४.७० उत्तरदाता रहेको पाइयो । तालिकाबाट के प्रस्ट हुन्छ भने हिन्दू धर्मालम्बीहरुको बाहुलयता देखिन्छ । यसरी विभिन्न धर्म मान्ने र आ-आफ्ना संस्कृति मूल्यमान्यता भएता पनि धार्मिक सहिष्णुताका आधारमा सबै धर्माल्मबीहरु मिलेर बसेको पाइन्छ ।

### ४.१.३ उत्तरदाताको शौक्षिक स्थिती

नारी शिक्षित भए एउटा परिवार नै शिक्षित हुन्छ । यस अध्ययन क्षेत्रमा सर्वेक्षणका लागि लिइएका उत्तरदाताहरुको स्थिती कस्तो छ भन्ने कुरा थाहा पाउन तलको तालिका प्रस्तुत गरिएको छ ।

**तालिका ४.३ शौक्षिक स्थितीका आधारमा उत्तरदाता**

| शौक्षिक स्तर | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | ७ | ८.२३ |
| साक्षर | ३१ | ३६.४७ |
| एस्. एल्.सी | १९ | २२.३८ |
| दश जोड दुई | १० | ११.७६ |
| स्नातक | १२ | १४.११ |
| स्नाकोत्तर | ६ | ७.०५ |
| जम्मा | ८५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७६

तालिकाबाट यो स्पष्ट हुन्छ कि निरक्षर उत्तरदाता ७ जना वा ८.२३ रहेको पाइयो। ३१ जना वा ३६.४७ उत्तरदाता साक्षर भएको पाइयो। १९ जना वा २२.३८ उत्तरदाता एस.एल.सी उर्त्तिण गरेको पाइयो । १० जना वा ११.७६ उत्तरदाता दई उर्त्तिण तथा १२ वा १४.११ उत्तरदाता स्नातक उर्त्तिण भएको पाइयो । त्यसै गरी ६ जना वा ७.२५ उत्तरदाताले स्नाकोत्तर सम्म उर्त्तिण गरको पाइयो। उक्त अध्ययन क्षेत्रमा ३१ जना उत्तरदाताहरु साक्षर अथवा १ देखी १० कक्षा सम्म पढ्र छोडेको पाइयो। अध्ययन क्षेत्रका महिलाहरु एस.एल्.सी सम्मको पढाएमा मात्र बाहुल्यता भएको पाइयो भने थोरै मात्रामा मात्र उत्तरदाताहरुले २ बाट माथी पढेको पाइयो। यसरी अध्ययन क्षेत्रमा महिलाहरु कम शिक्षित हुनुमा सानो उमेरमा विबाह, त्यसमा पनि धैरै उमेर भएका महिलाहरुको समयमा छोरीलाई विद्यायलय नपठाउने आदि जस्ता समस्य रहेको उत्तरदाताहरुले बताएका छन्।

### ४.१.४ परिवार को स्वरुप

परिवार अत्यन्तै पुरानो, सार्वभौमिक प्रकृतिको सामाजिक संस्था हो, प्रत्येक कालखण्डमा समाजमा जे जस्तो प्रकृति भएपनि परिवारको स्वरुप परिवर्तित अवस्थामा प्रत्येक समाजमा देख्न सकिन्छ । परिवार त्यस्तो सामाजिक संस्था हो, जसमा कम्तिमा पनि एक श्रीमान, एक श्रीमती र तिनका बालबच्चा र यो भन्दा बढी संख्यामा अन्य परिवारका सदस्यहरु रहेका हुन सक्दछन् । एउटा परिवारका सदस्यहरु बीच एउटै भान्सा र एउटै व्यक्तिले परिवारलाई खास संरक्षण र नेतृत्व दिएका हुन्छन् । यसरी निर्माण भएको मानिसको सानो देखी ठूलो समुह परिवार हो । परिवारका स्वरुप सत्ताका आधारमा पितृसत्तात्मक परिवार र मातृसतात्मक परिवार विबाहका आधारमा एक विवाहि परिवार बहुविवाहि परिवार संख्याका आधारमा बृहत परिवार, संयुक्त परिवार र केन्द्रिय परिवार रहेको पाइन्छ। अध्ययन क्षेत्रमा उत्तरदाताहरुको परिवार संख्या विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तलिका ४.४ परिवार संख्याको आधारमा उत्तरदाताहरु**

| विवरण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| तीन जना सम्म परिवार हुने | ५ | ५.८८ |
| ४ देखी ६ जना सम्म परिवार हुने | ५९ | ६९.४१ |
| ७ जना भन्दा माथि परिवार | २१ | २४.७१ |
| जम्मा | ८५ | १०० |

स्रोत : सस्थलगत अध्ययन सर्वेक्षण २०७६

तालिकाबाट के स्पष्ट हुन्छ ३ जनासम्म परिवार संख्या हुने परिवार ५ जना उत्तरदाता वा ५.८८ रहेको पाइयो । ४ देखी ६ जना सम्म परिवार संख्या हुने ५९ जना उत्तरदाता वा ६९.४१ र ७ जना देखी माथि परिवार संख्या हुने २१ जना उत्तरदाता

२४.७१ रहेको पाइयो । विशेष गरी ४ जना देखी ६ जना सम्म परिवार संख्या हुने ६९.४१ उत्तरदाताहरुको बाहुल्यता रहेको पाइयो ।

### ४.१.५ परिवारको प्रकार

श्रीमान श्रीमती र छोराछोरी रहेको परिवारलाई एकल परिवार भनिन्छ । श्रीमान श्रीमती बाबु आमा र छोराछोरी रहेको परिवार रहेको परिवारलाई संयुक्त परिवार भनिन्छ । श्रीमान श्रीमती श्रीमानका दाजु भाईहरु श्रीमानका बुवाका दाजुभाई र छोराछोरीहरु नातीनातीनाहरु मिलेर बसेको परिवारलाई वृहत परिवार भनिन्छ । अध्ययन क्षेत्रमा गरिएको सर्वेक्षण अनुसार उत्तरदाताहरुको उत्तरको आधारमा परिवारको प्रकार तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.५ परिवारको प्रकार विवरण तालिका**

| परिवारको प्रकार | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| वृहत परिवार | छैन | - |
| संयुक्त परिवार | ४७ | ५५.३० |
| एकल परिवार | ३८ | ४४.७० |
| जम्मा | ८५ | १०० |

स्रोत : स्थलतग सर्वेक्षण २०७६

तलिकाबाट के स्पष्ट हुन्छ भने अध्ययन क्षेत्रमा वृहत परिवार पाइदैन भने संयुक्त परिवार संख्या ४७ घर वा ५५.३० रहेको पाइन्छ । उत्तरदाताहरुको एकल परिवार संख्या ३८ वा ४४.७० रहेको देखियो उक्त तालिका बाट के प्राप्त हुन्छ भने अध्ययन क्षेत्रमा संयुक्त परिवारको बाहुल्यता रहेको छ ।

# अध्याय : पाचौँ

# विषयबस्तुको प्रस्तुतीकरण र विश्लेषण

## ५.१ विबाहित महिलाहरुको पारिवारिक सम्पतिमाथीको स्वामित्व

श्रम विभाजनको आधारमा कार्य गर्ने उक्त विवाहित महिलाको अधिकांश परिवारमा महिलाहरु घरायसी कार्य बच्चाको हेरचाहार जस्ता प्रत्यक्ष कार्यमा संलग्न देखिन्छन्। पशुपालन कृषि परम्परागत खालको भएका कारण यसबाट आर्थिक लाभ उठाउन सकेका छैनन् । जसका कारण उनीहरु प्रत्यक्ष आयआर्जन गर्न नसकेको हुदाँ पुरुष प्रति निर्भर रहेका छन्। तर पहिलेका विवाहित महिलाहरु भन्दा अहिलेका विवाहित महिलाहरु पसल पार्लर रेष्टुरेण्ट नोकरी आदी आर्य आर्जनका कार्यमा संलग्न छन् । यसका साथै विवाहित महिलाहरुको शैक्षिक अवस्था पनि कमजोर रहनु पठाइलाई त्यति महत्व नदिनु सानै उमेरमा विवाह हुनु आदिकारणले विवाहित महिलाको शैक्षिक स्तर कमजोर नै पाइन्छ। अध्ययन क्षेत्रका महिलाहरुको शैक्षिक अबस्था कमजोर छ तर हाल नयाँ विवाहित महिलाहरुको भने राम्रो देखिन्छ। रोजगारको क्षेत्रमा महिला भन्दा पुरुष हरु नै अगाडी रहेका छन् । त्यसैले परिवारमा सम्पत्ति चलखेल बाहिर बाहिर आयआर्जन गर्न सफल पुरुषको हातमा नै भएको हुदाँ सम्पत्तिमाथी महिलाको स्वामित्व स्थापित हुन सकेको छैन । कति विवाहित महिलाको नाममा घर जग्गा भएता पनि त्यसको बेचविखनमा अन्तिम निर्णय पुरुष को नै रहेको छ। राजस्वमा छुट तथा श्रीमान बाहिर भएकाले नै धेरै विवाहित महिलाहरुको नाममा घर जग्गा रहेको छ । तर यसको बेचविखन र उपभोगमा निर्णय पुरुषको हुने गर्दछ ।

### ५.१.१ पैत्रिक सम्पत्तिमा उत्तरदाताको स्वामित्व

नेपाली समाजमा पैत्रिक सम्पत्तिमाथी पुरुषको नै पहुँच छ । कानुनी वा कागजी रुपमा छोरा छोरी दुवैलाई पैत्रिक सम्पत्तिमा समान हकदार हुने व्यबस्था गरिएता पनि छोरीलाई अझै सम्म बाबुआमाले पैत्रिक सम्पति दिएको पनि देखिदैन र छोरी हरु पनि कतिपय चेतनाको कमिको साथै पारिवारक वैमानश्यता भगडा र अविश्वासको डरले गर्दा पनि पैत्रिक सम्पत्तिमा हक जगाउन नसकेको स्थिती हुदाँ माइतिको सम्पत्ति पाउने कुनै महिला पाइदैन । घरतिरको पैत्रिक सम्पत्तिमा संयुक्त परिवारमा रहने महिलाको पैत्रिक सम्पत्तिमा भोगचलनको स्थिती देखिदैन । पैत्रिक सम्पत्ति ९ जना विवाहित महिलामा हस्तान्तरण भएको र सो सम्पत्तिमाथी महिला आफैले भोगचलन गर्न सक्ने स्थिती छ । अध्ययन क्षेत्रका महिलाहरुको पैत्रिक सम्पत्ति र अन्य सम्पत्ति विवरण निम्नानुसार रहेको छ ।

**तालिका नं ५.१.अध्ययन क्षेत्रका महिलाहरुको पैत्रिक सम्पत्ति र अन्य सम्पत्ति विवरण**

| क.स | विवरण | जना | प्रतिशत |
|---|---|---|---|
| १. | महिलाको नाममा जग्गा हुने ( पैत्रिक सम्पत्तिबाट ) | ९ | १०.५८ |
| २ | महिलाको नाममा जग्गा किनेको जग्गा | ३० | ३५.२९ |
| ३ | श्रीमानको नाममा | २७ | ३१.७८ |
| ४ | घरमुलीको नाममा ससुराको नाममा | १९ | २२.३५ |
| | जम्मा | ८५ | २२.३ |

स्रोतः स्थलगत सर्वेक्षण २०७६

माथिको तालिका अनुसार ९ जना महिलाले पैत्रिक सम्पत्ति प्राप्त गरेका छन् भने ३० जना महिलाको नाममा घर जग्गा रहेको छ । पुरुषको नाममा २७ जनाको

नाममा घर जग्गा रहेको छ भने १९ जनाको संयुक्त परिवारमा रहेका घरमुलीका नाममा सम्पत्ति विवरण रहेको छ ।

अध्ययन क्षेत्रका महिलाहरुको पैत्रिक सम्पत्ति र अन्य सम्पत्ति विवरण प्रस्तुत गरिएको छ। जसमा महिलाको नाममा जग्गा भएको (पैत्रिकसम्पत्तिबाट) ११,महिलाको नाममा जग्गा (किनेको जग्गा किनेको जग्गा)३५, श्रीमानको नाममा मात्र ३२ र घरमुलीको नाममा (ससुराको नाममा) २२ रहेको छ ।

माथीको तथ्यांक अनुसार पुरुषको तुलनामा महिलाको सम्पत्ति ४५.८७ प्रतिशत देखिएको छ उनीहरुको नाममा मात्र सम्पत्ति दर्ता हुनुका कारण र विवरण निम्नानुसार रहेको छ ।

**तालिका नं. ५.२ महिलाको नाममा सम्पत्ति दर्ता हुनुका कारण**

| क.स | विवरण | संख्या |
|---|---|---|
| १. | राजस्व छुट हुने भएकाले | २० |
| २. | श्रीमान बाहिर भएकाले | १० |
| ३. | आफ्नै कमाई भएकाले | २ |
| ४. | आफ्नै पैत्रिक सम्पत्तिबाट | ७ |
| | जम्मा | ३९ जना |

स्रोत : स्थलगत सर्वेक्षण २०७६

माथिको तालिका नं. ५.१. अनुसार महिलाको नाममा मात्रै सम्पत्ति ३९ जनाको रहेको छ । यसरी उनीहरुको नाममा सम्पत्ति रहनुको कारण राजश्व छुट हुने भएकाले २० जना, श्रीमान बाहिर भएकाले १० जना, आफ्नै कमाई भएकाले २ जना आफ्नै पैत्रिक सम्पत्ति हस्तान्तरण भएकाले ७ जना महिलाको नाममा सम्पत्ति रहेको पाइन्छ ।

### ५.१.२ दाइजोमा उत्तरदाताको स्वामित्व

हिन्दु संस्कार अनुसार छोरीलाई कन्यदान गर्ने प्रचलन रहेको छ । जन्मघर बाट कर्म घर पठाउने, पाले पुन्य मारे पाप भनि विवाह गराइदिने प्रचलन रहेको छ । यसरी विवाह गरी पठाउदा छोरीको तर्फबाट विभिन्न उपहार हरु दिइन्छ त्यसैलाई नै दाइजो भनिन्छ । विवाहमा उपहार प्रदान गर्नु राम्रो पक्ष हो तर यसरी दिइने उपहार तथा दाइजो केटा पक्षको माग हुनु राम्रो पक्ष मानिदैन । दाइजो एउटा संकारको रुपमा रहिरहेको छ । दाइजो माग्नु प्रचलन भएको छ र महिलापनि धैरै दाइजो ल्याउनमा गर्व गर्ने गरेको पाइन्छ । यसरी ल्याउने दाइजोमा महिलाको हक अधिकार कस्तो छ त्यो यस अध्ययन क्षेत्रमा विश्लेषण गर्न लागिएको छ ।

विवाहका प्रकारहरु धैरै हुन्छन् । अध्ययन क्षेत्रका विवाहित महिलाहरु विभिन्न जाति र धर्म मान्ने भएकाले यस क्षेत्रमा विवाहका ३ प्रकार मागि विवाह, प्रेम वा भागि विवाह र प्रेम मागि विवाह तिन प्रकारका विवाह मध्ये धैरै विवाह मागी विवाह भएको देखिन्छ । विवाहमा दाइजो ल्याउदा सुन का गहना , नगद, घडेरी र अन्य जिन्सी सामान ल्याएको पाइन्छ ।

**तालिका नं. ५.३ अध्ययन क्षेत्रका विवाहित महिलाको दाइजोका प्रकार**

| क.स | दाइजो | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | नगद | ८ | ९.४१ |
| २. | घडेरी | २ | २.३५ |
| ३. | गरगहना | १४ | १६.४७ |
| ४. | जिन्सी | २५ | २९.४१ |
| ५. | नगद र गहना | १० | ११.७६ |
| ६ | गहना र अन्य | ५ | ५.८८ |
| ७ | दाइजो नल्याउने | २१ | २४.७० |
| | **जम्मा** | **८५** | **१००** |

स्रोतः स्थलगत सवेक्षण २०७६

तालिका नं. ५.१ ३ अनुसार अध्ययन क्षेत्रका ८५ जना विवाहित महिलामध्ये ६४ जना अर्थात ७५.३९ प्रतिशत महिलाले दाइजो ल्याएको पाइयो भने २१ जना अर्थात २४.७० प्रतिशत महिलाले विवाहमा दाइजो नल्याएको पाइयो । जसमा नगद ८ जनाले, घडेरी २ जनाले, गरगहना १४ र जिन्सी सामान २५ जनाले ल्याएका थिए । त्यसैगरी नगद र गहना १० जना र गहना र अन्य ५ जना विवाहित महिलाले दाइजो ल्याएका थिए । विवाहित महिलाले बताए अनुसार उक्त दाइजोमा भोगाधिकार महिलाहरु आफै गर्दछन् ।

**तालिका नं ५.४ अध्ययन क्षेत्रका विवाहित महिलाहरुको विवाहको प्रकार**

| क.स | विवाह | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | मागी | ६३ | ७४.११ |
| २. | भागी प्रेम विवाह | १३ | १५.२९ |
| ३. | प्रेम पछि मागी विवाह | ९ | १०.५८ |
| ४. | जम्मा | ८५ | १०० |

सोतः स्थलगत सर्वेक्षण २०७६

तालिका नं.५.४ अनुसार अध्ययन क्षेत्रका ८४ जना विवाहित महिलाहरु मध्ये ६३ जना अर्थात ७४.११ प्रतिशत महिलाको मागी विवाह भएको पाइन्छ भने १३ जना अर्थात १५.२९ को भागी अर्थात् प्रेम विवाह भएको र बाकीँ ९ जना अर्थात १०. ५८ को प्रेम पछि मागि विवाह भएको पाइन्छ ।

## ५.१.३ स्त्रि धन वा पेवामा स्वामित्व

स्त्री धन भन्नाले स्त्रीले प्राप्त गरको दाइजो, पेवा, दान, बकस, अपुतालीको महल अन्तरगर्त प्राप्त गरेको धनलाई बुझिन्छ । साथै स्त्रिले आफ्नो ज्ञान, सीप, क्षमताको प्रयोग मार्फत आर्जन गरेका सम्पत्तिलाई पनि स्त्री धन भनिन्छ । स्त्रीले कसैको

पत्नीको हैसियतले, छोरीको हैसियतले पनि धन प्राप्त गर्दछन् । स्त्री भन्नाले कन्या, सदुवा वा विदुवालाई बुझिन्छ । स्त्रीको सम्पत्ती दुई भागमा बाँड्न सकिन्छ ।

क) पूर्ण अधिकारको सम्पत्ति : जसलाई स्त्रीधन भनिन्छ । यसमा स्त्रीको निर्वाध स्वामित्व रहेको हुन्छ ।

ख) सिमित अधिकारको सम्पत्ति : जसलाई स्त्री अंशधन भनिन्छ । यसमा स्त्रीको सिमित स्वामित्व रहेको हुन्छ ।

अध्ययन क्षेत्रका विवाहित महिलामा माइतिबाट अचल सम्पत्ती (जग्गा जमिन) पाउने महिला दुई जना भेटियो । एक जनाको अचल सम्पत्ति पाउनुको कारण बुवा आमाबाट छोराहरु नरहेकाले भोगाधिकार छोरीमा गएको भेटियो र अर्को एक जनाको दाईजोको रुपमा वुवा आमाबाट हस्तान्तरण भएको भेटियो । माईतिले दिएको उक्त जग्गामा भएको त्यसको भोगचलन उनीहरु आफ्नै स्वविवेकले गर्ने गरेको उनीहरुको भनाईबाट प्रष्ट हुने गर्दछ । पेवाको रुपमा महिलाहरुले माइतिहरुबाट कुखुरा बाखा पाएका र तिबाट केहि आम्दानी गरेकोमा हाल बसाईसराई गरी अध्ययन क्षेत्रमा आउँदा छाड्नुपरेको पाँच जना महिलाको भनाई छ ।

### ५.१.४ व्यापार / व्यबसायमा उत्तरदाताको स्वामित्व

नेपालमा व्यापारी जाती भनेर नेवार जाति अग्रस्थानमा भएतापनि अन्य जातिहरु पनि आजभोलि व्यापारलाई रोजगारीको विकल्पको रुपमा अपनाउदै आएका छन् । अध्ययान क्षेत्रका महिलाहरु पनि विभिन्न पेसा व्यापार गर्दै आएका छन् । कुनै विवाहित महिलाहरु पति सगँ संलग्न भएर गरेका छन् भने कुनै विवाहित महिला एक्लैले गरेका छन् । २ जना महिलाले आधुनिक व्यापारमा ब्युटिपार्लर सञ्चालन गरेको, ६ जनाले आफ्नै घरको सटरको सदुपयोग गदै किनारा पसल सञ्चालन गरेको पाइयो । यसरी व्यापार व्यवसाय सञ्चालन गरेर बसेको महिलाहरु वैदेशिक रोजगारमा रहेकाले सो व्यावसायबाट हुने आम्दानी आफ्नै निर्णयमा प्रयोग

गर्ने गरेको पाइयो । अध्ययन क्षेत्रका महिलाहरुले गरेको व्यवसायको विवरण निम्नानुसार रहेको छ ।

**तालिका नं. ५.५ उत्तरदाताको पेशाको विवरण**

| क .स | विवरण | जना | प्रतिशत |
|---|---|---|---|
| १. | किराना पसल | ८ | ९.४१ |
| २. | कुखुरापालन /गाईपालन | ४ | ४.७० |
| ३. | कृषक | ८ | ९.४१ |
| ४. | फेन्सी | ६ | ७.०५ |
| ६. | नोकरी | ७ | ८.२३ |
| ७. | रेस्टुरेन्ट | ४ | ४.७० |
| ८. | टेर्लस | ४ | ४.०५ |
| ९. | ज्याला/मजदुरी | ६ | ७.०५ |
| १०. | कस्मेटीक पसल | १ | १.१७ |
| ११. | पार्लर | २ | २.३५ |
| १२. | वैदेशिक रोजगारी | २ | २.३५ |
| १३. | गृहणी | ३३ | ३८.८२ |
| | जम्मा | ८५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७६

अध्ययन क्षेत्रका महिलाहरु मध्ये ३७ जना वा ४२.३५ ले व्यापार व्यावसाय गरेको पाइन्छ । उत्तरदाता मध्ये ७ जनाले विभिन्न नोकरी गरेका छन् । त्यसैगरी ६ जना वा ७.०५ प्रतिशत महिलाले ज्यालामजदुरी र २ जना वा २.३५ प्रतिशत महिला

वैदेशिक रोजगारीमा रहेको पाइयो । ३३ जना वा ३८.८२ महिला गृहणीको रुपमा मात्रै सीमित रहेको पाइयो ।

### ५.१.५ दैनिक ज्याला

दिनभरी श्रम गरेर प्राप्त हुने पारिश्रमिकलाई दैनिक ज्याला भनिन्छ। अध्ययन क्षेत्रका विवाहित महिलाहरुको परिवारमा दैनिक ज्यालादारीबाट घर खर्च चलाउपर्ने परिवार ६ वटा भेटिन्छन् । पुरुषहरु प्रायजसो घर बनाउने गर्दछन् भने महिलाहरु घर ढलन गर्ने दिनमा ज्यालामा काम गर्न जान्छन् । यसरी ल्याएको आम्दानी श्रीमानले श्रीमतीलाई दिने र श्रीमतीले ज्यालादारी गरेर ल्याएको पनि श्रीमानलाई भनेर आफै नै राख्ने गरेको पाइन्छ । श्रीमतीलाई राख्न दिएता पनि खर्च गर्नु पर्दा श्रीमानलाई सोधेर गर्ने गरेको पाइयो ।

### ५.१.६ घरायसी अन्य आम्दानीमा उत्तरदाताको स्वामित्व

अध्ययन क्षेत्रका २१ जना विवाहित महिलाले आफ्नो घर भाडामा दिई आम्दानी गरेको पाइयो । ११ जनाले घरको छतमा कुखुरा पालेर र ७ जनाले ( नाम नखुलाउने सर्तमा ) घरमै मदिरा उत्पादन गरेर आम्दानी गरेको पाइयो । यसरी प्राप्त हुने आम्दानीमा घरको भाडा घरको मुलीले नै राख्ने गरेको र कुखुरा तथा मदिरा उत्पादनबाट हुने आम्दानी सम्बधित व्यक्तिले नै राख्ने गरेका पाइयो ।

### ५.१.७ नोकरीमा उत्तरदाताको स्वामित्व

नेपाली समाजमा नोकरी जागिर गर्नुलाई सम्मानित पेशाका रुपमा हेरिन्छ। किनभने यस पेशाका लागि शिक्षा वा योग्यता को अनिवार्यता हुने गर्दछ। त्यसैले धेरै पढि राम्रो जागिर पाउने आशामा मानिसहरु शिक्षा आर्जन तर्फ प्रयत्नशिल रहेका देखिन्छन् । अध्ययन क्षेत्रमा गृहणीको रुपमा रहेका महिलाको प्रमुख जिमेवारीमा छोराछोरीलाई स्कुलको लागि खाना, ड्रेस तयार गर्ने काम गरेको पाइन्छ।

नेपालमा उधोगधन्दा कलकारखानाको विकाश हुन नसकेको कारण रोजगारीको क्षेत्रमा सीमित भएको हुदाँ प्रतिस्पर्धात्मक बढी र त्यसमा पनि राजनैतिक अस्थिरता, दलिय स्वार्थ, नातावाद र भष्ट्रचार जस्ता प्रवितिले पनि शैक्षिक बेरोजगारीको संख्या दिनप्रतिदिन बढी रकेको छ ।

अध्ययन क्षेत्रका विवाहित महिलाहरुमा पनि यसको प्रभाव परेको पाइन्छ । अध्ययन क्षेत्रका विवाहित महिलाहरु पनि व्यापार व्यवसायमा बढी सङलग्न रहेको पाइयो भने नोकरी गर्ने महिलाको संख्या भने कम रहेको छ । केही पढेलेखेका महिलाहरु पनि बेरोजगार बस्न बाध्य छन् । यसरी नोकारी गर्ने महिलाहरुले आफ्नो कमाई आफ्नै इच्छाले नै उपभोग गरेका छन् भने श्रीमानले गरेको नोकरीबाट श्रीमानले खर्च छुट्याएर दिएको रकमले खर्च चलाउने गरेको पाइएको छ ।

**तालिका नं.५.६ उत्तरदाताको नोकरीको विवारण**

| क .स | विवरण | जम्मा |
|---|---|---|
| १. | निजामती कर्मचारी | ३ |
| २. | शिक्षिका | २ |
| ३. | गै.स.सस्थामा काम गर्ने | १ |
| ४. | अहेव | १ |
| ५. | ज्यालादारी | ६ |
| | जम्मा | १३ |

सोत्र : स्थलगत सर्वेक्षण २०७६

अध्ययन क्षेत्रका महिलाहरु जम्मा १३ जना नोकरीमा छन् । जस मध्ये ३ जना निजामति कर्मचारी, २ जना शिक्षिका, १ जना गैरसरकारी संस्थामा, र १ जना अहेव र ६ जना ज्यालादारीमा काम गरेको पाइन्छ ।

**तालिका नं.५.७ अध्ययन क्षेत्रका पुरुषहरुको नोकरीमा रहेको विवरण**

| क .स | नोकरीको किसिम | जना | प्रतिशत |
|---|---|---|---|
| १. | वैदेशिक रोजगारी | २९ | ३४.११ |
| २. | इन्डियन आर्मी | ५ | ५.८८ |
| ३. | व्यापार | २३ | २७.०५ |
| ४. | शिक्षक | १० | ११.७६ |
| ५. | ड्राइभर | ३ | ३.५२ |
| ६. | निजामती कर्मचारी | ४ | ४.७० |
| ७. | नेपाली आर्मी | २ | २.३५ |
| ८. | ज्यालामजदुरी | ३ | ३.५२ |
| ९. | गैरसरकारी संस्थामा | ४ | ४.७० |
| १०. | सीङगापुरे लाउरे | २ | २.३५ |
| | जम्मा | ८५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७६

अध्ययन क्षेत्रका अधिकाशं परिवारको आयस्रोत वैदेशिक रोजगारी रहेको छ। जसमा ३६ परिवार ( वैदेशिक रोजगारी २९, इन्डियन आर्मी ५, सीङगापुरे लाउरे २ ) रहेका छन्। त्यसै गरी २३ जना व्यापारमा शिक्षकमा १० जना, ड्राईभर ३ जना, निजामती कर्मचारीमा ४ जना, नेपाली आर्मीमा २ जना ज्यालामजदुरीमा ३ जना, गैरसरकारीमा ४ जना र सीङगापुरे लाउरेमा २ जना रहेका छन्।

### ५.१.८ वैदेशिक रोजगारी

देशको राजनितिक अस्थिरता र दलिय स्वार्थका कारण उद्योग कलकारखानाको विकास हुन नसकिरहेको अवस्था एकातर्फ छ भने अर्को तर्फ विभिन्न सरकारी कार्यालय, सेना, प्रहरी शिक्षक लगायतको क्षेत्रले देशको बढ्दो बेरोजगारीलाई थेग्न

नसकी धरै युवा शक्ति विदेश पलायन हुन बाध्य देखिन्छन् । नेपालको रोजगारीको ठुलो क्षेत्र कृषि भएता पनि राज्यको ध्यान कृषिको विकास र व्यवसायीकरणतर्फ जान नसकेको कारण पनि परम्परागत कृषि प्रणालीले वर्तमान युवा पिढीलाई आकर्षण गर्न सकिरहेको छैन । जसका कारण वर्षेनी लाखौ युवायुवतीहरु विदेशिएका छन् । जसको प्रभाव अध्ययन क्षेत्रमा पनि देखिएको छ । चोखीमाटी टोलका पुरुषहरु पनि वैदेशिक रोजगारमा गएका देखिन्छन् । यहाँका ३६ जना विबाहित महिलाहरुको पारिवारीक आम्दानीको मुख्य स्रोत भनेको नै वैदेशिक रोजगारी रहेको देखिन्छ । श्रीमान विदेश गएका र श्रीमती ले घरमै गृहणी, व्यापार, नोकरी आदी काम गरेका छन् । अध्ययन क्षेत्रका ८५ विवाहित महिलाका श्रीमान् मध्ये ३६ जना विवाहित महिलाका श्रीमान वैदेशिक रोजगारीमा रहेको पाइएको छ । यसरी विदेशमा रहने श्रीमानले पैसा पठाउदा श्रीमतीको बैङ्क खातामा पठाउने गरेको पाइएको छ । उक्त पढाएको पैसा श्रीमतीले भिकेर घर खर्च गर्ने र अरु खर्च श्रीमान सगँ सल्लाह गरेर खर्च तथा बचत गर्ने गरेको पाइन्छ ।

### ५.१.९ स्वआर्जनमा उत्तरदाताको स्वामित्व

महिला वा पुरुषले आफ्नो मेहनतले कमाएको वा आर्जन गरेको सम्पत्तिलाई स्वआर्जनको सम्पत्ति भनिन्छ । अध्ययन क्षेत्रका ३७ जना महिलाहरु व्यवसाय गरी बसेका छन् र १३ जना महिलाले नोकरी गरेका छन् । व्यवसाय गर्ने ३७ जना महिला मध्ये २० जनाले आफैं एक्लैले व्यवसाय गरेकोले त्यो उनीहरुको आफ्नै आर्जन हो र १३ जनाको नोकरीको कमाई पनि आफ्नै आर्जन हो । यसरी आफैं आर्जन गर्दा त्यो पैसा आफ्नै खुसीले प्रयोग गर्ने पाउने उत्तरदाताहरुको जवाफ रहेको छ ।

# अध्याय : छ

# सम्पत्ति परिचालनमा विवाहित महिलाहरुको भुमिका

## ६.१ सम्पत्ति परिचालनमा विवाहित महिलाको भूमिका

परम्परा देखीनै पारिवरिक सम्पत्तिमाथीको स्वामित्व तथा सम्पत्ति परिचालना पुरुषको नै भुमिका रहेको छ। पुरुषहरुको नाममा नै पैत्रिक रहने गर्दछ। समय परिर्वतन सगैं महिलाहरुको पनि सम्पत्तिमाथीको स्वामित्व तथा परिचालनको अवस्था बढ्दै गएको छ । अध्ययन क्षेत्रका विवाहित महिलाहरुको सम्पत्ति परिचालनामा कस्तो भुमिका रहेको छ भनि अध्ययन गरिएको छ ।

### ६.१.१ शिक्षा

मानवीय जीवनका हरेक क्षेत्रमा शिक्षामा ठूलो महत्व रहेको छ। शिक्षाले मानवीय मूल्य मान्यता, विश्वास, दृष्टिकोण लगायत परम्परागत प्रणालीमा आधुनिक सुसंस्कृत र सभ्य समाजतर्फ उन्मुख गराउन महत्वपूर्ण भुमिका रहेको छ । समुन्नत समाजको निर्माण शिक्षाबाटै सम्भव हुने हुँदा विकासको मेरुदण्डको रुपमा शिक्षालाई लिने गरिन्छ । शिक्षाको पहुँच रहेको पोखरा महानगरपालिका वडा नं. ३० चोखिमाटी टोलमा विवाहित महिलाको शिक्षाको अवस्था सन्तोषजनक नै रहेको देखिन्छ ।

#### क) बालबच्चाको शिक्षामा सम्पत्ति परिचालनमा महिलाको भूमिका

अध्ययन क्षेत्र पोखरा महानगरपालिका वडा नं. ३० स्थित चोखीमाटी टोलमा रहेकाले यो शिक्षाका लागि अति सुगम स्थान हो । अध्ययन क्षेत्रभित्रै र नजिकै विभिन्न सामुदायिक र निजी विद्यालय रहेका छन्। अध्ययन क्षेत्रमा रहेका विवाहित

महिलाहरुको परिवारको आर्थिक अवस्था राम्रो रहेको छ । अहिलेको अवस्थामा सबैलाई शिक्षाको महत्व महशुस गरेकाले धेरै परिवारले बालबच्चाको शिक्षामा लगानी गरेको पाइन्छ । बालबच्चालाई निजी विद्यालयमा भर्ना गर्ने, उनीहरुका होमवर्क ड्रेस, कापीकलममा अभिभावकको समय खर्चिने आदि देखिनाले बालबच्चाको शिक्षामा लगानी देखिन्छ । अध्ययन क्षेत्रमा लिइएका विवाहित महिलाहरुमा दुई पुस्ता सासु र बुहारी रहेका छन् । जसमा सासुको समयमा छोराछोरीको लागि फि तिर्ने काम पुरुषले नै गर्ने र बुहारीको समयमा केहि विवाहित महिला आफैले र केहि विवाहित महिला र श्रीमान दुवै को सहमती मा फि तिर्ने गरेको पाइन्छ । जसको विवरण निम्न अनुसार रहेको छ ।

**तालिका नं.६.१ बालबच्चाको शिक्षामा उत्तरदाताको सम्पत्ति परिचालन**

| क स | शिक्षामा खर्च वार्षिक | उत्तरदाताको संख्या | कैफियत |
|---|---|---|---|
| १. | १० हजार देखी ५० हजार सम्म | १० | आफै |
| २. | ५० हजार देखी १ लाख सम्म | ७ | ४ जनाले आफैं ३ जना श्रीमान श्रीमती मिलेर |
| ३. | १ लाख देखी २ लाख सम्म | १५ | ५ जनाले आफैं १० जना श्रीमान श्रीमती मिलेर |
| ४. | २ लाख देखी ३ लाख सम्म | १६ | ३ जनाले आफैं १३ जना श्रीमान श्रीमती मिलेर |
| ५. | ३ लाख देखी ४ लाख सम्म | १५ | ६ जनाले आफैं ९ जना श्रीमान श्रीमती मिलेर |
| ६. | ४ लाख देखी माथी | १८ | १० जनाले आफैं ८ जना श्रीमान श्रीमती मिलेर |
| ७. | जम्मा | ८१ | |

स्रोतः स्थलगत सर्वेक्षण २०७६

माथीको तालिकामा वालबच्चाको शिक्षामा सम्पत्ति परिचालनमा महिलाको भूमिका कस्तो छ भनि गरिएको अन्तरर्वाता अनसुचिमा रु १० हजार देखी ५० हजार वार्षिक खर्च गर्ने मा १० जना महिला आफैँले खर्च गर्ने गर्दछन् । ५० हजार रुपैँया देखी १ लाख रुपैँयासम्म ७ जना महिलामा ४ जना महिला आफैँले र १० जना महिलाहरु श्रीमान श्रीमती को आपसी सहमतिमा खर्च गर्ने गर्दछन् । १ लाख देखी २ लाख सम्म १५ जना महिलामा ५ जना आफैँले र १० जना श्रीमान श्रीमतीको आपसी सहमतिमा खर्च गर्ने गर्दछन । २ लाख देखी ३ लाख सम्म १६ जना महिलामध्ये ३ जनाले आफैँ र वाँकी १३ जना श्रीमान र श्रीमतीको आपसी सल्लाहमा खर्च गर्ने गर्दछन् । ३ लाख देखी ४ लाख सम्म १५ जना महिलामध्ये ६ जना ले आफैँ र ९ जना श्रीमान श्रीमती मिलेर खर्च गर्ने गर्दछन् । ४ लाख देखी माथी १८ जना महिलामध्ये १० जनाले आफै र ८ जना श्रीमान श्रीमती दुवै मिलेर खर्च गर्ने गर्दछन् । ४ परिवारमा २ परिवारमा वालवच्चा विधालय जाने समय नभएको र २ परिवारमा वालबच्चानै नभएको छन् । यसरी आफ्ना छोरा छोरीको शिक्षाका लागी सम्पत्ति परिचालन गर्नेमा २८ जना महिलामध्ये केहि महिला एकल भएका कारण आफैँ र केहि महिलाका श्रीमान वैदेशिक रोजगारी मा भएका कारण आफैँले खर्च गर्ने गरेको पाइयो भने ४३ परिवारमा श्रीमान श्रीमती दुवैको आपसी सल्लाहमा कहिले श्रीमानले र कहिले श्रीमतीले खर्च गर्ने गरेको पाइयो । श्रीमान वैदेशिक रोजगार र एकल महिला भएको परिवारमा महिला आफैँले सम्पत्ति परिचालन गर्नै र अन्य परिवारमा संयुक्त रुपमा नै भएको पाइयो ।

### ६.१.२ सामाजिक संघसंस्था

आजभोली गाउँ होस् या शहर जहाँतही महिलाहरुलाई संगठित गराउने साथै उनीहरुको आर्थिक स्थितिमा सुधार ल्याउने र महिला शसक्तिकरण गर्ने उद्देश्यले विभिन्न सामाजिक संघसंस्था, बचत समूह, आमा समूह र सहकारी खुलेको पाइन्छ। जहाँ महिलालाई घरबाट बाहिर निस्की बचत गर्ने बानीको विकास हुन्छ। अध्ययन

क्षेत्रभित्र पनि विभिन्न सहकारी बचत समूह, महिला विकास समूहहरु छन् । जसमा धेरै महिलाहरु आबद्ध रहेका छन् । यहाँ महिलाले आर्जन गरेका केहि रकम जम्मा गर्ने गरेका छन् । केहिले यस संस्थाबाट ऋण लिएर व्यापार व्यवसाय गरेका छन् । यस्ता समूहहरुले महिलाहरुरुलाई व्यवसायीक तालिम तथा जनचेतनामूलक कार्यक्रम उपलब्ध गराउँछन् ।

यस अध्ययन क्षेत्रमा महिलाहरुले शान्ति टोल सुधार समितिमा संलग्न भई मासिक बचत रु १००० ।- गर्ने गरको पाइन्छ । यस समितिमा चोखीमाटी टोलमा ७५ घर परिवार सबैले मासिक बचत गर्ने गर्दछन् र त्यही समूहबाट आफूलाई आवश्यक पर्दा ऋण लिने गरेको पनि पाइन्छ । यसरी ऋण लिदा उत्पादनमूलक कार्यका लागि मात्र ऋण उपलब्ध गराएका पाइन्छ । यस अध्ययन क्षेत्रका विवाहित महिलाहरु शान्तिटोल आमा समूहमा आबद्ध रहेका छन् । शान्तिटोल आमा समूहले समाजमा मर्दापर्दाको काममा सहयोग पुऱ्याउने गर्दछन् र शान्ति सुधार आमा समूहको अध्यक्ष जानकी तिमिल्सिना रहेकी छिन् । समाजमा विवाह पर्दा सहयोग गर्ने त्यसैगरी विवाहको दिन रत्यौली खेली आमा समूहले पैसा उठाउने गर्दछन् र त्यस्तो पैसा समाजसुधार वा सामाजिक सुधारका लागि खर्च गर्ने गर्दछन् । आमा समूहको काम समाजमा विकृति नियन्त्रण गर्नु, लाहुरे भाग, कसैको प्रंगतिमा खुसीयाली साटी उनीहरुबाट सहयोग रकम संकलन गर्ने गर्दछन् । अध्ययन क्षेत्रमा गैरसरकारी संस्थामा काम गर्ने लक्ष्मी भट्टराई नजिकैको चक्रदेवी बचत तथा ऋण सहकारी संस्थामा आबद्ध रहेकी छिन् । चोखीमाटीका विवाहित महिलाहरुले पनि चक्रदेवी बचत तथा ऋण सहकारी संस्थामा बचत गरेको पाइन्छ र केहि उत्पादनमूलक कार्य वा पेशा व्यवसाय गर्नका लागि ऋण लिएका पाईन्छ । महिलासँग सम्बन्धित संघसंस्थामा आबद्ध हुन महिलाकै निर्णायक भूमिका रहने गरेको पाइन्छ भने अन्य संघसंस्थामा पनि महिलाको अनिवार्य सहभागीता रहेकाले

महिलाको सहभागीता विस्तारै बढ्न गएको पाइन्छ । यसरी समुहमा पैसा बचत गर्दा विवाहित महिलाहरुले आफ्नै पैसा बचत गर्ने गरेको पाइन्छ ।

### ६.१.३ खाना र भान्छा

महिलाहरुको धरै समय भान्छामा खर्चिने गर्दछ । भान्छा के पकाउने, के खाने यी विषयको निर्णय महिलाहरुनै हुने गर्दछन् । अध्ययन क्षेत्रका विवाहित महिलाहरुको घरभित्र सबै कार्य महिलाहरुलेनै गर्ने गरेको पाइयो । घरभित्रको कार्य भन्नाले खाना पकाउने, सरसफाई, बच्चाबच्चीको स्याहार जस्ता कामहरु घरधन्दामा पर्दछन् । यस्ता कार्यहरुमा खाना के पकाउने, पाहुना आउँदा के खुवाउने, चाडपर्व पूजाआजामा केके परिकार बनाउने, कति खर्च के मा गर्ने ? जस्ता कार्यमा प्रायः महिलाहरुले नै निर्णय गरेको पाइन्छ । अध्ययन क्षेत्रमा ५७ जना महिलाहरुले भान्साका लागी चाहिने सबै सामान आफैँ खरिद गर्न सक्ने जसमा श्रीमान परिवारमा नभएका विवाहित महिलाहरु पर्दछन् भने केहि परिवारमा श्रीमान घरमा नै भएता पनि महिलाले नै सामान खरिद गर्ने गरेको पाइयो व्यवस्थापन गरेको पाइन्छ । वाकीँ परिवारमा घरको मुली ससुरा र श्रीमानले नै खाना तथा भान्साका लागी सामान खरिद गर्ने गरेको पाइयो । यसरी अध्ययन क्षेत्रमा खाना र भान्साका लागी विवाहित महिलाले नै सम्पत्ति परिचालन गर्ने गरेको पाइयो ।

### ६.१.४ किनबेच

यस उपशिर्षक अन्तर्गत महिलाहरुको सम्पत्ति किनबेच सम्बन्धी भूमिकाको बारेमा अध्ययन गरिएको छ । अध्ययन क्षेत्रमा महिलाको नाममा जग्गा हुने ( पैतृक सम्पत्तिबाट) ९ जना, महिलाको नाममा जग्गा किनेको ३० जना, घरमूली (ससुरा)को नाममा १९ जना र श्रीमानको नाममा २७ जनाको रहेको पाइन्छ ।अध्ययन क्षेत्रका विवाहित महिलाको परिवारमा परिवारको सम्पत्तिमाथी स्वामित्व महिलाको रहेता पनि मूल स्वामित्व पुरुषको नै रहने हुँदा आर्थिक कारोबारमा पनि पुरुषहरुले

नै निर्णय गर्ने गरेको पाइयो । घरजग्गा जस्ता अचल सम्पत्तिको किनबेचमा पुरुष सदस्यले नै निर्णय गर्दछन् । सरकारले नै महिलाको नाममा जग्गा दर्ता गर्दा छुट दिएपछि धेरै महिलाको नाममा जग्गा भएको पाइन्छ । त्यसको बेचविखनमा श्रीमान विदेशमा रहेता पनि बेचविखनमा श्रीमानकै स्वीकृति चाहिने अध्ययन क्षेत्रका उत्तरदाताको उत्तर र छलफलबाट पाइयो । व्यवसाय गरेर बसेका महिला नोकरी गरेको महिलाको पनि सामान्य किनमेलमा आफनो निर्णय रहेता पनि आर्थिक हिसावले ठूला लाग्ने विषयमा पुरुषकै निर्णय चाहिने देखियो । उत्तरदातामध्ये विधवा ५ जना महिला बाहेक २ जना महिलाले आफ्नै निर्णयले जग्गा किनेको पाइन्छ । बाँकी ३२ जना महिलाको आफ्नो नाममा जग्गा रहेता पनि जग्गा किन्दा वा बेच्दा श्रीमान र घरपरिवारको सल्लाह चाहिने पाइयो । अन्य श्रीमान संयुक्त र घरमूलीको नाममा रहेको जग्गाा किनबेच गर्दा पनि आपसी सल्लाहबाट मात्र किनबेच भएको पाइन्छ ।

### ६.१.५. सामान खरिद

किनबेचमा ठूला सम्पत्ति खरिद बिक्री हुने भएकाले महिलाहरुको संलग्नता रहेता पनि भूमिका नरहेको पाइन्छ तर सामान खरिदमा भने अध्ययन क्षेत्रका महिलाहरुका विभिन्न सेवा वैदेशिक रोजगारी, नोकरी, व्यवसाय र अन्य पेशामा रहेपनि घरखर्चको लागि श्रीमतीलाई पैसा दिने गरेको पाइयो । महिलाहरुले आफ्नो कमाईबाट सामान खरिद गर्दा वा श्रीमानको कमाईले सामान खरिद गर्दा कतिले सल्लाह गर्ने, कतिले स्वयम् आफ्नै ईच्छाले गर्ने र कतिले स्वीकृतिमा गर्नुपर्ने अवस्था देखियो । यस अध्ययन क्षेत्रका विवाहित महिलाहरुको पेशा, शिक्षामै विविधिकरण रहेकाले सामान खरिदमा पनि त्यही अनुसारको विविधिकरण रहेको पाइयो । सामान्यतया घरखर्चको सामान खरिदमा महिलाकै हात हुने भएता पनि अन्य बढी मूल्य पर्ने सामानमा दुवैको सहमति हुने अवस्था देखियो । अथवा श्रीमानको स्वीकृति पनि देखियो । वैदेशिक रोजगारीमा हुने श्रीमानले टि.भि.

मोवाईल उतैबाट पठाउने र घरका फर्निचर यतैबाट किन्ने गरेको पाईयो । श्रीमान विदेशमा रहेका महिलाले सामान खरिदमा निर्णायक भूमिका खेल्ने गरेको पाईयो । पेशा र व्यवसाय गर्ने गरेका महिलाले सानातिना सामान खरिदमा, भान्छाका सामान खरिदमा उनीहरुकै भूमिका रहेको पाइन्छ ।

**तालिका नं. ६.२ सामान खरिदमा उत्तरदाताको विवरण**

| क्र. स | समान खरिदमा वार्षिक खर्च | उत्तरदाताहरुको संख्या | प्रतिशत |
|---|---|---|---|
| | १० हजार देखी ५० हजार सम्म | ३ | ३.५२ |
| | ५० हजार देखी १ लाख सम्म | ८ | ९.४१ |
| | १ लाख देखी २ लाख सम्म | १७ | २० |
| | २ लाख देखी ३ लाख सम्म | १९ | २२.३५ |
| | ३ लाख देखी ४ लाख सम्म | २२ | २५.८८ |
| | ४ लाख देखी माथी | १६ | १८.८८ |
| | जम्मा | ८५ | १०० |

स्रोतः स्थलगत अध्ययन २०७६

सामान खरिदमा विवाहित महिलाले सम्पत्ति परिचालनमा कति पैसा आफैँले खर्च गर्न सक्छन् भनि गरिएको सर्वेक्षणमा १० हजार देखी ५० हजार सम्म ३ जना अर्थात ३.५२ प्रतिशत ले खर्च गर्न सक्दछन् । ५० हजार देखी १ लाख सम्म ८ जना अर्थात ९.४१ जना महिलाले खर्च गर्न सक्दछन् । त्यसै गरी क्रमश ३ लाख देखी ४ लाख सम्म २२ जना अर्थात २५.८८ ले खर्च गर्न सक्दछन् । ४ लाख देखी माथी खर्च गर्नेमा १६ जना महिलाहरु रहेका छन् । विवाहित महिला को सामान खरिदमा महिलाले आफै खर्च गर्न सक्ने महिलाको श्रीमान वैदेशिक रोजगारीमा रहेको र एकल महिला पनि भएर पाइयो र केहि महिलाले श्रीमान र श्रीमतीको आपसी सहमती मा सामान खरिदमा खर्च गर्ने गरेको पाइयो ।

### ६.१.६ सामाजिक कार्य

मानिस चेतनशिल प्राणी भएको नाताले उ सधैं समाजमा बस्छ । त्यसैले मानवलाई सामाजिक प्राणी पनि भनिन्छ । समाजमा बसेको नाताले व्यक्तिगत काममा अलवा व्यक्तिले सामाजिक कार्य पनि गरेको हुन्छ। सामाजिक कार्य नगर्ने हो भने समाज विकास तिर लम्कन सक्दैन समाजमा रहेको बाटाघाटा निर्माण गर्नुका साथै मर्मत गर्नु, धारा पानी, पधेरो, पाटी पैवा बनाउनु साथै संरक्षण गर्नु, विग्रेमा मर्मत गर्नु, विधालय, वन जङ्गलको हेरचाह गर्नु एवं व्यवस्थित गराउनु, सामाजिक जगाउन, विभिन्न रोगहरुबारे बताउदैं उक्त रोगबाट बच्ने उपाय बताउनु, चैतारी एवं प्रतिक्षालय एंव मठ मन्दिर बनाउनु, समाजमा समस्यामा परेको व्यक्तिलाई उद्धार गर्नु आदि सबै सामाजिक कार्य अन्तरर्गत पर्दछन् । त्यसैले समाजमा बस्ने व्यक्तिको सामाजिक भुमिका अति नै महत्वपुर्ण हुन्छ। यस्ता कार्यमा पनि चोखीमाटी टोलमा रहेका विवाहित महिलाहको संलग्नता भएको पाइन्छ। टोलमा केहि सामाजिक कार्य गर्दा विवाहित महिलाहरुले आवस्यक सम्पत्ति आफैँ परिचालन गर्न सक्ने पाइयो । रु १०,००० सम्म ६४ विवाहित महिलाले आफैँ सम्पत्ति खर्च गर्न सक्ने पाइयो भने रु १०,००० माथी १२ जना विवाहित महिलाहरुले खर्च गर्न सक्ने पाइयो र त्यसै गरी ९ जना विवाहित महिलाले श्रीमानको स्वीकृति विना खर्च गर्न नसक्ने पाइयो ।

## ६.१.७ वैयत्तिक अध्ययन

### वैयत्तिक अध्ययन १

मेरो नाम सुकुमाया राना हो (परिर्वतित नाम)। म पोखरा महानगरपालिका वडा नं. ३० चोखिमाटी टोलमा बस्दछु। म ३६ वर्षकी भएँ। मैले कक्षा १० सम्म पढेकी छु। हाम्रो एकल परिवार छ। हाम्रो प्रेम विवाह भएको हो। मेरो श्रीमान कतार हुनुहुन्छ। घरमा दुई छोरी र एक छोरा छौं। मेरो घर दुई तले पक्की छ। यो घर श्रीमानले मेरो नाममा गरिदिनुभएको छ। यो घर पैतृक सम्पत्ति बेचेर बनाएको हो। श्रीमान विदेश भएका कारण यो घर मेरा नाममा बनाएको हो। श्रीमानको विदेशमा राम्रो कमाई छ। त्यसैले उहाँ १० वर्षदेखि वैदेशिक रोजगारीमा हुनुहुन्छ। श्रीमानले पैसा पठाउँदा मेरो खातामा पठाउनुहुन्छ। अहिले हामीसँग २० लाख वैंक व्यालेन्स छ। मैले पनि घरमा आम्दानीको स्रोतका लागि दुईवटा गाई पालेकी छु। गाईको दुध घर नजिकैको शिशुवामा रहेको डेरी मा लैजान्छु र त्यसबाट आएको आम्दानीले गाईलाइनै खर्च र घरव्यवहार चलाउने गर्दछु। शान्ति आमा समूहमा पनि आबद्ध छु र मासिक रु एक हजार बचत गर्दछु। त्यो बचत मेरो आफ्नै कमाईबाट गर्दछु। मेरो चक्रदेवी बचत तथा ऋण सहकारी संस्थामा पनि खाता रहेको छ। यहाँ मैले आफ्नै कमाईले केहि रकम जम्मा गरेकी छु। श्रीमानले पठाएको पैसा छोराछोरीको पढाईमा खर्च गर्ने गर्दछु। श्रीमानले पठाएको पैसा मेरो खातामा भए पनि पैसा खर्च गर्दा उहाँकै सहमतिमा खर्च गर्ने गरेकी छु। उहाँले विदेशबाट पठाएको पैसा र पैतृक सम्पत्ती बेचेर शिशुवामा नै १२ आना जग्गा किनेका छौं र त्यो जग्गा पनि राजश्व छुट तथा श्रीमान विदेश भएका कारण मेरो नाममा नै छ। तर जग्गा किनबेच गर्दा आपसी सल्लाहबाट किनबेच हुन्छ। घरायसी कार्य गर्दा उहाँ विदेश भएकाले मैले आफ्नो स्वविवेक प्रयोग गरेर निर्णय गर्दछु। चल अचल सम्पत्तिबाहेक अन्य बस्तुको खरिद बिक्री गर्दा म आफै निर्णय गर्दछु।

**वैयक्तिक अध्ययन २**

मेरो नाम शिशुवा ३० (परिर्वतित नाम) हो । म ३० वर्षकी भए । मेरो परिवारमा सासु ससुरा एक छोरी र हामी श्रीमान श्रीमति छौँ । श्रीमान सरकारी जागिरे हुनुहुन्छ । म शिशुवा सामुदायिक अस्पतालमा स्टाप नर्सको रुपमा कार्यरत छु । घरमा ससुरा बुवा पनि इन्डियन आर्मीबाट रिटाएर भएर घरमा हुनुहुन्छ । हाम्रो घरको अचल सम्पत्ति ससुरा बुवाको नाममा रहेको छ । महिले आफुले कमाई पैसा आफ्नो र छोरीको लागी खर्च गर्ने गर्दछु । श्रीमानले कमाएको पैसा पनि मलाई नै राख्न दिनुहुन्छ । घर व्यवहार ससुरा बुवाले चलाउने हुदाँ घरको लागी खासै महिले आफ्नो कमाइ दिनु पर्दैन तर कहिले काही घरमा तरकारीहरु किनेर म आफैले पनि ल्याउने गर्दछु । घरमा दुई ओटा गाईवस्तु छन् गाईबस्तुको स्याहारसुसार बुबा आमाले नै गर्नुहुन्छ र गाईको दुध बुवा आफैले नै डेरीमा लैजानु हुन्छ र त्यसको आम्दानी बुबा आफै राख्नुहुन्छ । मेरो आफ्नो कमाई भएकाले मेरो आफ्नो खुसीले आफुलाई चाहिने सामान खरिद गर्न सक्दछु तर अलि महङ्गो समान खरिद गर्नु परेमा श्रीमान श्रीमति मिलेर खरिद गदछौँ । मेरो बैंक व्यालेस पनि छ यो सबै मेरो कमाई हो । घरमा हुने सबै घरायसी निर्णयमा बुवा आमाले मलाई पनि सोधेर निर्णय गर्नुहुन्छ ।

## वैयत्तिक अध्ययन ३

मेरो नाम प्रेममाया गुरुङ (परिर्वतिर्त नाम) हो । म पोखरा महानगरपालिका वडा नं. ३० चोखिमाटी टोलमा बस्दछु । मेरो घरमा श्रीमान र दुई छोरा छोरी छौं । मैले कक्षा ४ सम्मको अध्ययन गरेकी छु । मलाई सामान्य लेखपढ गर्न आउँछ । मेरो १८ वर्षको उमेरमा विवाह भएको थियो । मेरो विवाह हुँदाताका मेरो श्रीमान भारतको हैदरावादमा काम गर्नुहुन्थ्यो । विवाहपछि मलाई पनि हैदरवावाद लिएर जानुभयो । हामी दुवैले त्यहाँ काम गर्‍यौं । दुवै जना मिलेर केहि पैसा जम्मा गर्‍यौं र नेपाल आयौं । त्यो जम्मा गरेको रकमले शिशुवा चोखिमाटी टोलम जग्गा लियौं । पछि हामी हामी हैदरवावाद गएनौं । बुढाले यही नै मिस्त्री काम गर्न शुरु गर्नुभयो । बालबच्चा यहींकै स्कुलमा पढायौं । म पनि उहाँसँगै काम गर्न हिड्न थालें । दुवैले काम गरेर पैतृक सम्पत्ति बेचेर चोखिमाटी टोलमा घर बनायौं । यो घरजग्गा मेरै नाममा छ । बुढाले नै मेरो नाममा दर्ता गर्दा कम पैसा लाग्छ भनेर त्यसो गरेको हो । म पनि बुढासँग काममा जान्छु । उहाँको ज्याला बढी हुन्छ । मेरो अलिकति कम हुन्छ । उहाँ मिस्त्री भएर पनि होला तर हामीजस्तै काम गर्नेहरु लोग्नेमान्छेको त हाम्रो भन्दा बढी हुन्छ । सँगै काम गर्न हिंडेपनि घरधन्दाको काम म आफै ने गर्छु । भान्छाका चाहिने कुराहरु म आफै किन्छु । काम गरेपछिको पैसा बुढाले बुझेपनि राख्न मलाईनै दिनुहुन्छ । घरायसी खर्च मेरै तवरले गरेपनि अन्य खर्चमा सल्लाह गर्छौं । पैसा मेरो र तेरो भन्ने हिसाव किताव त हुन्छ, तैपनि मलाई नै राख्न दिनुहुन्छ । हाम्रो दुई जना छोरा र छोरी छन् । ठूलो छोराले १२ सम्म पढेको छ । छोरी ९ कक्षामा अध्ययनरत छिन् । उनीहरु सरकारी स्कुलमा पढेका हुन् । उनीहरुलाई सरकारी स्कुलमा दुईविचको सल्लाहले नै पठाएका हौं ।

## वैयत्तिक अध्ययन ४

पोखरा महानगरपालिका वडा नं. ३० चोखिमाटी टोलमा बस्ने म सिता तिमिल्सिना (परिर्वतिर्त नाम) वर्ष ३९ कि भएँ। मेरो एक छोरा र एक छोरी छन्। श्रीमानको मृर्त्यु भएको दुई वर्ष भयो । मसँग सासु ससुरा र दुई छोराछोरी छन्। सासु ससुरा पनि वृद्ध भैसक्नुभयो। उहाँहरुले केहि गर्न सक्नुहुँदैन। श्रीमान हुँदै हामी श्रीमान श्रीमतीले खाजा घर संचालन गरेका थियौं । आज पनि म एक्लैले खाजा घर चलाएकी छु। छोराछोरी  डाइमण्ड बोडिङ स्कुलमा पढाएकी छु । छोरा अहिले १० र छोरी ९ कक्षामा बढ्दै छिन् । छोरा छोरी सानै र सासु ससुरा पनि काम गर्न नसक्ने हुँदा सबै व्यवहार ममाथी परेको छ । पैतृक सम्पत्ति ससुराका नाममा भएपनि पछि हामी श्रीमान श्रीमतीले कमाएर पक्की घर बनाएका थियौं । त्यो घर राजश्व छुटका कारण मेरो नाममा छ । खाजा पसलबाट भएको आम्दानी आफूलाई घर व्यवहार चलाउन ठिक्क हुन्छ । श्रीमान नभएपछि उहाँको जिम्मेवारी पनि ममाथी परेको छ। सासु ससुरा काम गर्न नसक्ने र छोराछोरी सानै र पढ्ने हुँदा खाजा पसल चलाउन म एक्लैलाई धेरै समस्या हुन्छ। पसलबाट आएको आम्दानी अलिअलि छोराछोरीको पढाई खर्चका लागि भनेर चक्रदेवी बचत तथा ऋण सहकारी संस्थामा बचत गरेकी छु । शान्तिटोल आमा समूहमा पनि मासिक एक हजार रुपैंया बचत गर्ने गरेकी छु । आजसम्म त जेनतेन घरव्यवहार चलाउँदै आएकी छु। पछि छोराछोरीको पढाइको लागि पनि बढी खर्च लाग्छ भनेर पिर लाग्छ र दिनरात नभनी पसलमा मेहनत गर्ने गरेकी छु। श्रीमान नभएपछि सबै कुरामा आफैं निर्णय गरेर घरव्यवहार चलाउन गाह्रो पर्दोरहेछ। कहिलेकाहिं त रुन मन पनि लाग्छ। तर छोराछोरी ठूला भएपछि कमाउलान् टुहुराका पनि दिन आउलान् भनेर मन बुझाउँछु। कुनै कुरा सासु ससुरालाई सोधेर निर्णय गर्दछु भने धेरै कुरा आफैं निर्णय गर्दछु।

# अध्याय सात

# सारांश र निष्कष

## ७.१ साराशं

प्रस्तुत शोधपत्र विवाहित महिलाहरुको पारिवारिक सम्मत्तिमाथीको स्वामित्व एवंम परिचालकमा भुमिका सम्वन्धी कास्की जिल्ला पोखरा महानगरपालि वडा नं. ३० स्थित चोखीमाटी टोलमा गरिएको एक समाजशास्त्रीय अध्ययन हो । परम्परादेखी नै महिलाको नाममा पारिवारिक सम्पत्ति न्युन थियो तर वर्तमान समयमा महिलाहरुको शिक्षा तथा चेतनाको स्तर बढ्दै गएको छ महिलाहरुपनि सम्पत्ति माथीको स्वामित्व कस्तो छ र सम्पत्ति परिचालनमा उनिहरुको भुमिका प्रकाश पार्नु नै यस अध्ययनको उध्येश्य रहेको छ । पोखरा महानगरपालिका वडा नं ३०, चोखिमाटी टोलमा अध्ययनको लागी सामान्य दैविक नमुना छनौटको विधीद्वारा ८५ वटा घरधुरीलाई अध्ययनको नमुनाको रुपमा लिइएको छ । अन्तर्वार्ता अनुसुचि वैयित्तिक अध्ययनको प्रयोग गरी, सुचना संकलन गरिएको छ । अध्ययन क्षेत्रका विवाहित महिलाहरु मध्ये लगभग आधा (३९ जना) महिलाहरुको नाममा अचल सम्पत्ति माथीको स्वामित्व रहेको छ। बाँकी स्वामित्व घरको अन्य सदस्यको नाममा रहेको छ । प्रस्तुत विषयलाई तालिका नं ५.१ ले स्पष्ट पारेको छ । आधा अचल सम्पत्ति महिलाहरुको स्वामित्वमा रहनुको कारण राजस्व छुट भएकाले, श्रीमान बाहिर भएको कारण, आफ्नै पैत्रिक सम्पत्ति भएको कारण र आफ्नै कमाई भएको कारण रहेको छ। जस्लाई तालिका नं ५.२ ले प्रष्ट पारेको छ। सम्पत्ति परिचालनमा विवाहित महिला एकल भएको परिवारमा, र श्रीमान वैदेशिक रोजगारीमा भएको परिवारमा आफैले सम्पत्ति परिचालन गरेको पाहियो ।

परिवारका सबै सदस्य सँगै रहेको परिवारमा आवश्यक सहमतीमा सम्पत्ति परिचालन गरेको पाहियो । जसलाई तालिका नं ६.१ ले प्रष्ट पारेको छ ।

## मुख्य प्राप्तिहरु

- ☑ उक्त क्षेत्रमा ३७ जना व्यापार व्यवसायमा, १३ जना नोकरीमा, आबद्ध र ३३ जना गृहणी रहेका छन् । र ३३ जना गृहणीहरु विशेषगरी केटा केटिको स्याहारमा संलग्न रहेको पाइयो भने पुरुषहरु वैदेशिक रोजगारी , शिक्षक , भारतिय सेना आर्मी तथा व्यापार व्यवसाय जस्ता पेशामा आवद्ध रहेको पाइयो ।
- ☑ अधिंकाश परिवारको घर खर्च श्रीमानकै कमाईबाट चल्ने गरको पाइयो । ४९ जना महिलाको मात्र नोकरी तथा पेशा व्यवसायमा रहेको पाइयो ।
- ☑ घरका चल अचल सम्पत्तिको स्वामित्व जेष्ठ पुरुष सदस्यमा १९ जनाको रहेको पाइयो भने एकल परिवारमा चल अचल सम्पत्तिमा स्वामित्व १९ जना श्रीमानमा , ३९ जना महिलाको नाममा रहेको पाइयो ।
- ☑ पुरुष वैदेशिक रोजगारीमा गएका परिवारमा परिवारको चलअचल सम्पत्तिको चलखेल केहि महिलामा आफ्नो स्वविवेकले गरको पाइयो भने केहि महिलाको आपसी सल्लाहमा पाइयो ।
- ☑ ३९ जना महिलाको नाममा जग्गा रहेको पाइयो यसरी महिलाको नाममा जग्गा रहनुमा श्रीमान वा ससुराले राजश्व छुट पाउने आशामा महिलाको नामा जग्गा पास गरिदिएको र श्रीमान वैदेशिक रोजगारीमा भएकाले पनि महिलाको नाममा घर तथा जग्गा पास भएको पाइयो । त्यसरी महिलाको नाममा जग्गा जमिन भएता पनि उक्त सम्पत्तिको बेचविखन गर्दा पुरुषको नै निर्णय रहने र धैरै परिवारमा श्रीमान श्रीमतीको आपसी सहमतीमा गर्ने गरेको पाइयो ।

☑ पैत्रिक सम्पत्तिमा महिला पुरुषको बराबर अधिकार हुने व्यवस्था गरिएता पनि १ जना महिलाले माईतीमा दाजुभाई नभएकाले १ जना महिलाले दाइजोको रुपमा, ४ जना महिलाको श्रीमानको मृत्यु भएकाले र बाँकी ३ जना महिलाको श्रीमान विदेश रहेका कारण पैत्रिक सम्पत्ति आफुमा आएको र बाँकी ७६ जना महिलाको पहुँचमा पैत्रिक सम्पत्ति पुगेको पाइदैन ।

☑ धेरै जसो परिवारमा श्रीमानले आफ्नो आम्दानी आफैं सगं राख्ने र घरखर्चको रकम छुट्याएर श्रीमती लाई दिने त्यसै गरी महिलाले घर खर्च चलाउने गरको पाइयो । तर श्रीमान विदेश मा हुने परिवारमा भने पुरै श्रीमतीको जिम्मामा दिने गरको पाइयो ।

☑ यहाँका महिलाहरुले माईतीबाट दाइजोको रुपमा गरगहना, पैसा, कसैले जग्गा पनि प्राप्त गरको पाइयो यसरी प्राप्त भएको सम्पत्तिमा मा धेरै जसो परिवारका उनिहरुको नै स्वामित्व रहेको पाइयो ।

☑ पछिल्लो समयमा महिलाहरु पढेलेखेको साथै आर्यआर्जनमा सरिक रहेको पाइयो । ६ जना महिलाहरुले स्नाकोत्तर, १२ जना महिलाहरु स्नातक र सबै भन्दा बढी ३१ जना महिलाहरुको शैक्षिक स्थिती साक्षर पाइयो । यसरी शैक्षिक अवस्था राम्रो भएको महिलाहरु आयआर्जनमा सरिक तथा घरायशी निर्णय प्रकृयामा भूमिका रहेको देखियो ।

☑ आर्थिक स्थिती राम्रो भएको परिवारमा आफ्ना निजी सम्पत्तिहरु आफूँले नै राख्न सकेको पाइयो भने कमजोर आर्थिक अवस्था भएका परिवारमा यस्ता सम्पत्ति घरायशी कार्यमा खर्च गर्नु परको हुँदा महिलाहरुको स्वामित्व केहि पनि नरहेको पाइयो ।

☑ परिवारका सबै खाले आर्थिक कारोवारमा पुरुषहरुको भुमिका महत्वपुर्ण रहको भएता पनि यस्ता यस्ता कारोवारमा धेरै जसो परिवारमा महिलालाई सरिक

गराएको पाइयो । घरायशी सामान खरिदमा महिलाको निर्णायक भुमिका रहेको पाइयो ।

- ☑ सम्पत्ति परिचालन गर्दा आफ्ना छोरा छोरीको शिक्षाका लागी खर्च गर्नेमा २८ जना महिलामध्ये केहि महिला एकल भएका कारण आफैँ र केहि महिलाका श्रीमान वैदेशिक रोजगारी मा भएका कारण आफैले खर्च गर्ने गरेको पाइयो भने ४३ परिवारमा श्रीमान श्रीमती दुवैको आपसी सल्लाहमा कहिले श्रीमानले र कहिले श्रीमतीले खर्च गर्ने गरेको पाइयो ।
- ☑ पुरुषहरु घर बाहिरको काममा सरिक हुने, शारिरिक परिश्रमका काम गर्ने भएकाले ३५ जना महिलाले परिवार नियोजनमा स्थायी साधन प्रयोग गरेको पाइयो । सन्तान उत्पादनमा निर्णयक भुमिका महिलाहरुको नै रहको पाइयो ।
- ☑ शिक्षित महिलाहरु साथै आर्य आर्जन गर्न सफल महिलाहरु निर्णय प्रक्रियामा पनि अन्य महिलामाको तुलनामा अगाडी रहेको पाइयो ।

यहाँका अधिकांश महिलाहरु बचत तथा सहकारी संस्थामा पनि सक्रिय रुपमा लागेको पाइयो त्यस्तै सामाजिक संस्थामा पैसा बचत गर्दा वा ऋण लिदा आफैँ निर्णयले लिइको पाइयो ।

## ७.२ निष्कर्ष

अध्ययन क्षेत्रका विवाहित महिलाहरु धेरै जस्तो व्यापार व्यवसाय र नोकरीमा लागेका छन् । धेरै पुरुषहरु, वैदेशिक रोजगारीमा र अन्य पुरुषहरु व्यापार व्यवसाय र शिक्षक पेशामा आबद्ध रहेका छन् । धेरै परिवार स्थानीय भएकाले धेरै को पैत्रिक घर नै अध्ययन क्षेत्रमा रहेका कारण घर सगैँ आफूँलाई कृषि व्यवसाय गर्ने जग्गा जमिन पनि आफ्नै रहेको छ भने अध्ययन शिशुवा बजार सगैँ जोहिएको हुदाँ सबौ जसो

घरको सटरमा किराना पसल गरेको पाइन्छ । अधिंकाश महिलाहरु गाईपालन गरी गाईको दुध डेरीमा लगी आर्यआर्जन गरेको पाइन्छ ।

विवाहित महिलाहरु जसमा सासु र बुहारी दुबै उमेर समुहका महिलाहरु उत्तरदाता भएकाले सासुहरुको शौक्षिक अवस्था निरक्षर र साक्षर अवस्था सम्मको पाइयो भने बुहरी हरु शिक्षित र विवाह प्रस्चात पढाएइमा निरन्तरता रहेको पाइन्छ । अहिलेको वर्तमान अवस्थामा आर्थिक सक्षम हुने परिवारले आफ्ना सन्तानलाई निजी विधालय पठाएको पाइन्छ जसमा छोराछोरी दुवैलाई भने आर्थिक अवस्था कमजोर भएको परिवारमा छोरा छोरी दुवैलाई सरकारी विध्यालयमा पढ्न पढाएको पाइन्छ । आफूँ पढ्न नपाए पनि छोरा छोरी दुबैलाई समान रुपमा पढाउन पाए हुने थियो भने सोच रहेको उत्तरदाताहरु बताउदछन् ।

अध्ययन क्षेत्रमा स्थानीय बासिन्दा जुन पैत्रिक थलो नै अध्ययन क्षेत्र भएको परिवारमा चलअचल सम्पत्तिमाथीको स्वामित्व पुरुषमा बढी भएको देखिन्छ र केहि महिलाहरुमा श्रीमानको मृर्त्यु पछि हस्तान्तरण भएको पाइन्छ । बसाईसराई गरी अध्ययन क्षेत्रमा बसोवास गर्ने धेरै परिवारमा जग्गा घर जग्गा श्रीमतीको नाममा भएको पाइन्छ जसका कारण राजश्व छुट रहेको छ । यसरी राजश्व छुटका कारण पछि पछिल्लो समयमा श्रीमतीको नाममा घर जग्गा भएको पाइन्छ र यस्तो चल अचल सम्पत्तिको विक्री वितरण गर्दा श्रीमान श्रीमती घरका अन्य सदस्यको आपसी सहमतीमा भएको पाइन्छ । पेशा व्यबसायमा लाग्ने र नोकरी गर्ने महिलाहरुले आफ्नो बैङ्क ब्यालेन्स रहेको र त्यस्तो पैसा आफ्नो निर्णयले खर्च गर्ने पाइन्छ । शिक्षित महिलाहरु घरायशी निर्णयले खर्च गर्ने पाइन्छ । शिक्षित महिलाहरु घरायशी निर्णयमा उच्च भुमिका रहेको पाइन्छ ।

समग्रमा अन्तरवार्ता अनुसुचीको माध्यमबाट के देखिन्छ भने विवाहित महिलाहरुको नाममा रहेको अचल सम्पत्ति को बेचविखन गर्दा आफैँको एकल निर्णयबाट नहुने र पुरुष सगँको आपसी सहमतीबाट मात्रै गर्ने गरेको पाइयो। श्रीमान वैदेशीक रोजगारी र एकल महिला भएका विवाहित महिलाहरुको परिवारमा सम्पत्तिमाथीको स्वामित्व विवाहित महिलामा रहेको पाइन्छ र सम्पत्ति परिचालन पनि विवाहित महिलाले नै गरेको पाइन्छ । यसरी सम्पत्तिमाथी महिलाको स्वामित्व रहेता सम्पत्ति किनबेच गर्दा विदेशमा रहेका श्रीमान सगँ आपसी सल्लाहमा मात्र हुने गर्दछ । सम्पत्ति परिचालन गर्दा ३८ परिवारमा विवाहित महिला आफैँले ४३ परिवारमा महिला पुरुष दुवैजना मिलेर र वाँकी परिवारका पुरुषले मात्र बाललालिकाको शिक्षामा सम्पत्ति परिचालन गरेको पाइन्छ । सामान खरिद गर्दा विवाहित महिलाहरुले सम्पत्ति परिचालन गरेको पाइन्छ यसमा वार्षिक सामान खरिदमा ३ लाख देखी ४ लाख सम्म खरिद गर्न सक्ने विवाहित महिलाहरु २२ जना पर्दछन् ( तालिका नं. ६.२ ) प्रष्ट्र पार्दछ। घरायसी खर्च खाना, भान्सा सामाजिक संघसंस्थाका लागी विवाहित महिला आफैँले र २७ परिवारमा घरकोमुली ससुरावुवा वा श्रीमानले सम्पत्ति परिचालन गरेको पाइन्छ ।

# सन्दर्भ सामाग्री


शर्मा, विनोदप्रसाद (२०६९), पारिवारिक कानुन, एपोलो अफसेट प्रेस. प्रा.लि., चावाहिल, काठमान्डौँ ।

भार्सिन, कमला (२००४), पितृसत्ता के हो ? स्त्रि शक्ति, काठमान्डौँ ।

भासिन, कमला (१९९३), आखिर जेण्डर के हो त ? स्त्री शक्ति, काठमान्डौँ ।

केन्दिय तथाक विभाग, (२०६८) राष्ट्रिय जनगणना, केन्द्रिय तथ्याङ्क विभाग काठमान्डौँ ।

मुलुकी देवानी कार्यविधी संहिता ऐन २०७४,काठमान्डौँ, कानुनी किताबखाना समिती ।

सिहं टोप बहादुर : नेपाल संविधान संवैधानिक कानुन कानुनी पाठ्यपुस्तक प्रकाशन समिति नेपाल २०५७ ।

मुलुकी ऐन १८१०, काठमान्डौँ, कानुनी किताब व्यवस्थापन समिति ।

मुलुकी ऐन २०२०, काठमान्डौँ, कानुनी किताव व्यवस्थापन समिति ।

नेपालको संविघान २०४७, काठमान्डौँ, कानुनी किताब व्यबस्थापन समिति ।

घिमिरे, विष्णुप्रसाद ( २०६४) , चितवनका आदिवासी जनजातिको सामाजिक जीवन र साँस्कृतिक अध्ययन , जि.वि.स को कार्यालय सुचना तथा अभिलेख केन्द्र, भरतपुर, चितवन ।

चौलागाई र साथीहरु , (२०६०), लैङिक अध्ययन , न्यू हिरा बुक्स इन्टरप्राइज , काठमाण्डैं ।

बलराम, आर्चाय (२०६०) लैङ्कि अध्ययन, काठमान्डौँ : नेशनल बुक सेन्टर

पौडेल, शान्ती (२०७०), दराई परिवारमा सम्पत्ति माथी महिलाहरुको स्वामित्व एवंम निर्णय भूमिका सम्वन्धी एक समाजशास्त्रीय अध्ययन शोधपत्र, समाजशास्त्र विभाग, पृथ्वीनारायण क्यामपस पोखरा ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, जिल्ला प्रसासन मन्त्रालय, जिल्ला समन्वय समिती कास्की र जिल्ला प्रसासन कार्यालय कास्की ।

काफ्ले, प्रतिक्षा (२०७२), घर जग्गामा महिला स्वामित्व बढ्दो, स्याङ्जा कान्तिपुर संवाददाता, कान्तिपुर राष्ट्रिय दैनिक, २०७२ फागुन १८ ।

पोखरेल, विष्णु २०१८ सम्वाददाता, बीबीसी न्युज, नेपाल ७ अगष्ट्र

गोरखापत्र अनलाइन कार्तिक ५ , २०७६ मंगलवार

नेपालपत्र २९, चैत्र,२०७७ आइतबार

भण्डारी के.पी. र भट्ट राजेन्द्र (२०७०), मुलुकी ऐन, काठमान्डौं : वौद्धिक दर्पण प्रकाशन ।

Acharaya, Meena (1997), Gender Equality and Employment of women,(CEDA)

Kamala Varsin: Nepalesewomen.com

Sharma, Ganesh raj, (2055), "Pariwarik samrachana Dhosta hunecha"; Katkmandu: Samakalin Nepal.

Paudel, Keshab (2001), "Women right; property versus stability spotlight", Vol 20 No 34, kathmandum.

Abbott, Pamela & Claire Wallace (1997), An Introduction to Sociology Feminist Perspective, 2nd Edition, New York, Palgrave Publishar Ltd.

Bilton, Tony (1996),“Introductory Sociology, Third Edition, 1996, Palgrave MacMillan

Wallby, Sylva (1990),Theorizing Patriach, Basil Blackwell Inc, Cambridge, MA02142, USA.

Bennet, Lynn (1983), Dangerous Wives and sacid sister, New York: Columbia
University Press

# प्रश्नावली अनुसुची

उत्तरदाताको नाम : ..............................

जन्म स्थान :.....................................

जन्म मिति ः.................................

हालको स्थान :.................................

हालको उमेर : ...........................

विवाह गर्दाको उमेर : ..........................

शौक्षिक योग्यता : ........................

पतिको नाम : ....................................

पतिको पेशा व्यबसाय : ....................

धर्म : ...............................................  लिङ : ...........................

पेशा/ व्यवसाय :................................  जाती /जनजाती :

...............................

बुबाको नाम : ...................................  आमाको नाम : .................

**१. तपाईको परिवारमा कति जना सदस्य हुनुहुन्छ ?**

....................................................................................

**२ तपाईको उमेर कति भयो ?**

क) २०-३० बर्ष  ख) ३०-४० बर्ष

ग) ४०-५० बर्ष  घ) ५०- माथी

**२. तपाईको विवाह भएको कति भयो ?**

....................................................................................

**३. तपाईको विवाह कसरी भयो ?**

क) मागी विवाह  ख) प्रेम विबाह

ग) सजातिय बिवाह घ) अन्तरजातिय बिवाह

**४. दाइजो ल्याउनु भएको थियो ?**

क ) ल्याँए ख) ल्याइन

**५. ल्याउनु भएको भए के ल्याउनु भएको थियो नि ?**

क) नगद ख) घडेरी

ग) गरगहना घ) अन्य

**६. तपाईको स्त्री धन वा पेवा केहि छ ?**

क ) नगद ख) गहना

ग) घर जग्गा जमिन घ) पशुधन

**७. छ भने यो सम्पत्तिमा तपाई आफैले उपभोग गर्नुहुन्छ कि हुदैन ?**

क ) गर्छु ख) सोधेर गर्नुपर्छ

**८. तपाईको परिवारको आम्दानीको मुख्य स्रोत के के हुन् ?**

क) कृषि ख) वैदेशिक रोजगार

ग ) नोकरी घ) व्यबसाय

**९. तपाइको पेशा के हो ?**

क ) व्यवसाय ख ) नोकरी

ग ) गृहणी घ) अन्य

**१०. व्यवसाय भए के गर्नुहुन्छ ?**

क) पसल ख) गाँइपालन

ग ) कृषि घ) होटल

**११. नोकरी भए के गर्नुहुन्छ ?**

क) सरकारी पेशा ख) शिक्षक

ग) निजि क्षेत्रमा घ) वैदेशिक रोजगार

**१२. अन्य आम्दानी केहि छ ?**

..............................

**१३. तपाईले गरेको कमाई कसरी प्रयोग गर्नुहुन्छ ?**

क ) आफूखशी  ख) श्रीमानसगँ सोधेर

ग ) सासु /ससुरा  ग) अन्य सदस्यसगँ

**१४. तपाईको नाममा परिवारिक सम्पति छ कि छैन ?**

क ) छ  ख) छैन

**१५. छ भने के के छ ?**

क) घर घडेरी  ख) नगद बैंक व्यालेन्स

ग) गहना  घ)पशुधन

**१६. छैन भने पारिवारिक सम्पतिमाथी कस्को स्वामित्व छ ?**

क ) श्रीमान  ख ) सासु /ससुरा

**१७. तपाईको नाममा भएको पारिवारिक सम्पत्ति बेचविखन गर्ने अधिकार तपाईलाई छ कि छैन ?**

क ) छ  ख) छैन

**१८. छ भने के के बेचबिखन गर्नुभयो ?**

क) घर जग्गा  ख) गरगहना

ग) पशुधन  ग)अन्य

**१९ . सो सम्पत्ति तपाईले कसरी प्राप्त गर्नुभयो ?**

क) पैत्रिक सम्पतिबाट  ख) किनेर  ग) संयुक्तरुपमा

**२० . तपाईको नाममा सो सम्पत्ति कसरी दर्ता भयो ?**

क ) राजस्व छुट हुने भएकाले  ख ) श्रीमान बाहिर भएकाले

ग) आफ्नै कमाई भएकाले  ग) आफ्नो पैत्रिक सम्पत्ति भएकाले

**२१. छैन भने कसको नाममा छ ?**

क ) श्रीमान  ख) सासु / ससुरा

**२२. सम्पत्तिको खरिद तथा विकी गर्दा कसको सहमति लिनुहुन्छ ?**

क ) श्रीमान    ख) सासू / ससुरा

ग ) आफै    ग) छोरा / छोरी

**२३. के श्रीमान तथा सुसुराले र छोराले पारिवारिक सम्पतिको बेचविखन गर्न तपाईको राय लिनुहुन्छ ?**

क ) लिनुहुन्छ    ख ) लिनुहुदैन

**२४. तपाईको कमाई आफै खर्च गर्न सक्नुहुन्छ ?**

क) सक्छु    ख) सक्दीन

**२५. तपाईका कति जना छोराछोरी छन् ?**

.........................................................

**२६. कति कति पढेका छन् ?**

क) साक्षार    ख)माध्यमिक तह

ग)स्नातक    घ) स्नाकोत्तर

**२७.छोरा छोरीले रोजगार गरेको भए छोरा छोरीको कमाई प्रयोग गर्नुहुन्छ ?**

क)गर्छु    ख) गर्दिन

**२८. सम्पत्ति तथा पारिवारक मामिलामा दम्पती समान हकको कानुनी व्यबस्था गरेको छ यसको बारेमा तपाईलाई केहि थाहा छ ?**

क ) छ    ख) छैन

**२९ . छोरीलाई पैत्रिक सम्पत्तिमा छोरा सरह अधिकार दिनुपर्दछ ?**

क) पर्छ    ख ) पदैन

**३०. पर्छ भने किन पदैन भने किन ?**

...............................................................................................

...............................................................................................

.............................................................................................

**३१. तपाईको श्रीमान विदेश हुनुहुन्छ ?**

क ) हुनुहुन्छ ख) हुनुहुदैन

**३२ ) हुनुहुन्छ भने श्रीमानले पैसा पठाउदा कसको नाममा पठाउनुहुन्छ ?**

क ) आफैलाई ख) सासुससुरालाई

**३३. तपाईको नाममा बैङकमा खाता तथा बचत छ ?**

क ) छ ख ) छैन

**३४ . छ भने कति छ ?**

क)१ हजार देखी ५लाख ख) ५ लाख देखी १० लाख सम्म

ग )१० लाख देखी १५लाख सम्म घ) १५ लाख देखी माथी

**३५. बैङ्कमा भएको रकमबाट तपाईले खर्च गर्दा कसैसगं सोध्नुपर्दछ ?**

क ) आफैँ ख) श्रीमान सगँ

ग) सासुससुरा सगँ घ) छोराछोरी सगँ

**३६. तपाई कनै सामाजिक संघसस्थामा कार्यरत हुनुहन्छ ?**

.................................

**३७. तपाई आमासमुह तथा टोलविकास सस्थामा सक्रिय हुनुहन्छ ?**

क ) छु ख) छैन

**३८. हुनुहन्छ भने टोलविकाश सस्थामा बचत गर्नुभएको छ नि ?**

क ) छ ख ) छैन

**३९ . छ भने कति बचत छ ?**

क) १ हजार देखी १० हजार सम्म ख) १० हजार देखी २० हजार सम्म

ग)२० हजार देखी ३० हजार सम्म ग) ३० हजार देखी ४० हजार सम्म

**४०. पारिवारीक सम्पतिमा पुरुष र महिलाको समान हक हुनु पर्छ जस्तो लाग्छ कि लाग्दैन ?**

क) लाग्छ ख) लाग्दैन

**४१. तपाईले कुन कुन विषयमा सम्पत्ति परिचालन गर्न सक्नुहुन्छ ?**

क) किनेबेचमा ख) सामान खरिदमा

ग) वालवच्चाको शिक्षामा घ) खाना र भान्सामा

**४२. वालवच्चाको शिक्षामा वर्षमा तपाईले कति सम्पत्ति आफैले परिचालन गर्न सक्नुहुन्छ**

क) १० हजार देखी ५० हजार सम्म

ख) १ लाख देखी २ लाख सम्म

ग) ३ लाख देखी ४ लाख सम्म

घ) ४ लाख देखी माथी

**४३. घरायसी सामान खरिदमा वर्षमा कति सम्पत्ति परिचालन गर्न सक्नुहुन्छ ?**

क) १० हजार देखी ५० हजार सम्म

ख) १ लाख देखी २ लाख सम्म

ग) ३ लाख देखी ४ लाख सम्म

घ) ४ लाख देखी माथी

**सहयोगको लागी धन्यवाद ।**